# परिच्छेद- एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जको नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दशौंपत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

कुनै पनि समाजमा मौखिक परम्परामा जीवित लोकजीवनका विविध पक्षको आख्यानात्मक अभिव्यक्तिलाई नै लोककथा भनिन्छ । मानव सभ्यताको विकाससँगै यसको पनि विकास भएको पाइन्छ । लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । यसका आफ्नै विशेषताहरू छन् । आख्यानात्मकता, मनोरञ्जनात्मकता, उपदेशात्मकता, सामाजिकता, काल्पनिकता, सरल भाषाशैली आदि यसका विशेषताहरू हुन् । लोककथामा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्राय, लोकतत्व आदि तत्वहरू पर्दछन् ।

सल्यान जिल्ला दाङ, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, रुकुम, रोल्पा गरी सातवटा जिल्लासँग जोडिएको डाँडाकाँडा, खोलाखहरे, गुफा कन्दरा, पहाड र बेसीद्वारा सिङ्गारिएको नेपालका चौध अञ्चल अन्तर्गत राप्ती अञ्चलका पाँच जिल्ला मध्येको एउटा सुन्दर जिल्ला हो । यस जिल्लामा ४७ गाउँ विकास समिति रहेका छन् । यो प्राकृतिक, सांस्कृतिक, भाषिक तथा भौगोलिक विविधताले भरिपूर्ण जिल्ला हो ।

यस जिल्लामा विशेष रूपमा दसैं, तिहार, तीज, माघेसङ्क्रान्ति, शिवरात्री, होली आदि चाडपर्व मनाउने गरिन्छ । यहाँ लोककथा सुन्ने र सुनाउने परम्परा पाइएतापनि पहिलेको तुलनामा अहिले कमी भएको देखिन्छ ।

देशका अमूल्य सम्पत्तिका रूपमा रहेका यस्ता लोककथाहरूको अध्ययन, अनुसन्धान गरी संरक्षण गर्नुपर्ने देखिन्छ । त्यसैले यस शोधपत्रमा सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित नेपाली लोककथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र लोककथाहरू सुन्ने र सुनाउने परम्परा पाइए तापनि यस्ता कथाका बारेमा हालसम्म विशेष अध्ययन भएको पाइँदैन । त्यसैले यस शोधपत्रको मुख्य समस्या भनेको सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु यस शोधपत्रको ध्येय रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरूको पहिचान गरिएको छ ।

क) सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र के-कस्ता लोककथाहरू रहेका छन् ?

ख) यहाँका लोककथाहरूलाई कति वर्गमा विभाजन गर्न सकिन्छ ?

ग) यहाँका लोककथाहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

प्रस्तुत शोधपत्रमा यिनै समस्याहरूको समाधान गरिएको छ ।

## १.५ शोधपत्रको उद्देश्य

यस शोधपत्रको मूल उद्देश्य सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित नेपाली लोककथाका माध्यमबाट यस क्षेत्रको पहिचान एवम् यहाँका लोककथाहरूलाई राष्ट्रिय स्तरमा चिनाउनु हो । यसै गरी अन्य उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाहरूको सङ्कलन गर्नु ।

(ख) संकलित लोककथाहरूको वर्गीकरण गर्नु ।

(ग) संकलित लोककथाहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका विविध विधाको अध्ययन नेपालमा धेरै विद्वानले गरेका छन् । यसक्रममा लोककथाको अध्ययन गर्ने कार्य पनि भएको छ तर सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र

प्रचलित लोककथाहरूको छुट्टै अध्ययन भएको पाइएको छैन । प्रस्तुत शोधकार्य तयारीका शिलशिलामा लोककथासँग सम्बन्धित पूर्वाध्ययन गरिएका सामग्रीहरू प्राप्त गरिएको छ, जुन तल प्रस्तुत गरिएको छ :

(क) तुलसी दिवसले **'नेपाली लोककथा (२०३२)'** नामक पुस्तकमा लोककथाको सिद्धान्तसहित अधिराज्यव्यापी लोककथा सङ्कलन गरेका छन् तर यी लोककथाहरूको विश्लेषण गरिएको छैन । दिवसकै **'नेपाली लोककथा केही अध्ययन (२०३३)'** नामक पुस्तकमा नेपाली लोककथाको वर्गीकरण र चर्चा गरिएको छ तर विस्तृत अध्ययन भने गरिएको छैन ।

(ख) धर्मराज थापा र हंसपुरे सुवेदीले **'नेपाली लोकसाहित्यको विवेचना (२०४१)'** नामक पुस्तकमा लोककथाका बारेमा चर्चा गरेका छन् तर सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाका बारेमा अध्ययन गरिएको छैन ।

(ग) जीवेन्द्रदेव गिरीले **'लोकसाहित्यको अवलोकन (२०५७)'** नामक पुस्तकमा लोककथाको सामान्य चर्चा गरेका छन । गिरीकै **'नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन( २०६५)'** नामक अनुसन्धान कार्यमा नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन गरिएको छ तर सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाका बोरमा अध्ययन गरिएको छैन ।

(घ) चूडामणि बन्धुले **'नेपाली लोकसाहित्य (२०५८)'** नामक पुस्तकमा लोककथाका बारेमा चर्चा गरेका छन् र केही लोककथाहरू पनि सङ्कलन गरेका छन् तर सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाहरू समावेश गरिएको छैन ।

(ङ) **मधुपर्क (२०५९) (लोककथा विशेषाङ्क)** मा धेरै विद्वानहरूले लोककथाको सैद्धान्तिक परिचय दिनुका साथै धेरै लोककथाहरू पनि समेटिएको छ तर विश्लेषण गरिएको छैन ।

(च) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेलले **"लोकवार्ता विज्ञान र लोकसाहित्य"** (२०६३) नामक पुस्तकमा लोककथाको सिद्धान्त सहित केही लोककथाहरू पनि समेटिएको छ तर विश्लेषण गरिएको छैन ।

(छ) मोतीलाल पराजुलीले **"नेपाली लोककथामा अभिप्रायको अध्ययन (विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. २०५४)"** मा नेपाली लोककथाका अभिप्रायको अध्ययन गरिएको छ ।

(ज) माधवप्रसाद साप्कोटाले **'लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन (२०६६)** नामक पुस्तमा लोककथाको समाजशास्त्रीय अध्ययन गरेका छन् । तर सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाको अध्ययन गरिएको छैन ।

(झ) श्रीधर बस्नेतले **रोल्पा जिल्लाको दक्षिण पश्चिम भेगमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६६) नामक शोधपत्र रोल्पा जिल्लाको दक्षिण पश्चिम भेगमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरेका छन् । तर सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाहरूको अधययन गरिएको छैन ।

## १.७ अध्ययनको औचित्य

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा परम्परादेखि जनजिब्रोमा मात्र सीमित रहेका लोककथाहरूलाई सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गरिएको हुनाले यस शोधकार्यको औचित्य रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्रका फलावाङ, धनवाङ, सिन्वाङ, गर्पा र रिम गरी पाँचवटा गाउँ विकास समिति क्षेत्रभित्र मात्र सीमित रही लोकथाहरू सङ्कलन गरिएको छ र ती सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण पनि गरिएको छ । विश्लेषण गर्दा वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन गर्ने कममा क्षेत्रीय अध्ययन पद्धतिको उपयोग गरिएको छ यस क्रममा सल्यान जिल्लाका दक्षिण पूर्वी क्षेत्रभित्रका विभिन्न स्थानमा गएर त्यहाँ प्रचलित लोककथाहरू त्यस स्थानमा बसोबास गर्ने बुढाबुढी, युवायुवती, साक्षर, निरक्षर आदि विभिन्न तहका मान्छेसँग भेटघाट गरी भन्न लगाई सङ्कलन गरिएको छ । सैद्धान्तिक अध्ययनका लागि भने पुस्तकालयीय विधिको समेत उपयोग गरिएको छ ।

## १.१० शोध विधि

प्रस्तुत शोधकार्यका लागि वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई आवश्यकता अनुसार मूल शीर्षक र उपशीर्षकहरूमा समेत विभाजन गरी विषयवस्तुको अध्ययन र विश्लेषण गरिएको छ ।

परिच्छेद एक : शोधपत्र परिचय

परिच्छेद दुई : लोककथाको सैद्धान्तिक परिचय

परिच्छेद तिन : नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा

परिच्छेद चार : सल्यान जिल्लाको दक्षिण पूर्वी भेगमा प्रचलित लोककथाहरूको सङ्कलन

परिच्छेद पाँच : सङ्कलित लोककथाहरूको वर्गीकरण एवं विश्लेषण

परिच्छेद छ : उपसंहार

# परिच्छेद- दुई

# लोककथाको सैद्धान्तिक परिचय

## २.१ लोककथाको परिचय

'लोक' र 'कथा' शब्दको संयोजनबाट लोककथा शब्दको निर्माण भएको छ । यसको अर्थ हुन्छ-लोकमा अथवा जनमानसमा प्रचलित कथा । यसलाई अंग्रेजीमा folktale भनिन्छ । भने हिन्दीमा कहानी भनिन्छ । समाजमा परम्परादेखि मौखिक रूपमा जीवित कथा नै लोककथा हुन् । लोकसाहित्यका विविध विधाहरू मध्ये लोककथा आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । यो लोककथा लोकसाहित्यको एउटा महत्वपूर्ण विधा हो । यसलाई बालक-बृद्ध, युवा-युवती लगाएतका विभिन्न उमेर समूहका व्यक्तिहरूले लोककथालाई भन्न र सुन्न मन पराउने हुनाले यसको लोकप्रियता दिनानुदिन बढ्दै गइरहेको छ । लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन विधा हो । लोककथाको प्रारम्भलाई कोट्याउने हो भने मानव सभ्यताको उषाकालसम्म पुग्न सकिन्छ । जब मानवले यस धर्तीमा पाइला टेक्यो र आफ्ना अभिव्यक्तिहरूलाई एकअर्कामा साटासाट गर्न सक्ने भयो, त्यसबेलादेखिबाट नै लोककथाको सुरुवात भएको हो । वेदमा यसका उदाहरणहरू भेटिनुबाट यस कुराको पुष्टि हुन्छ ।

संसारका सबै भाषा, जातजाति र क्षेत्रमा लोककथाको अस्तित्व पाइन्छ । यही सर्वव्यापकताका कारण लोककथालाई लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा लिइएको हो । लोककथा मौखिक परम्परामा जीवित रहने भएको हुनाले यसमा थपघट पनि भइरहन सक्छ । लोककथा जुनसुकै समयमा पनि भन्न र सुन्न सकिने भए तापनि उपयुक्त समय भने साँझ खाना खाइसकेपछिको समय हो । दिनभरीको थकाइ मेटाएर मनोरञ्जन लिने, केटाकेटीहरूको उत्सुकता मेटाउने र तिनलाई फकाएर सुताउने तथा सबैको बसिबियाँलो गर्ने दृष्टिकोणबाट यसको ठूलो उपयोगिता र महत्व रहेको छ । मनोरञ्जन, नैतिक शिक्षा, व्यवहारिक ज्ञान जस्ता पक्षहरू यसका उद्देश्य अन्तर्गत पर्दछन् । लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र दृष्टिबिन्दु यसका तत्वहरू हुन् । यसका विशेषताहरूमा लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, मनोरञ्जनात्मकता, उपदेशात्मकता, आदि-अन्त्यमा विशिष्ट कथन, विषयगत विविधता, थरीथरीका सहभागी आदि पर्दछन् ।

## २.२ लोककथाको परिभाषा

लोककथा लोकसाहित्यका विविध विधाहरूमध्ये अत्यन्त प्राचीन र महत्वपूर्ण विधा हो । लोकसाहित्यका कुनै पनि विधाको परिभाषा यही नै हो भनेर किटानीका साथ भन्न गाह्रो छ । त्यसैले लोककथाको परिभाषालाई पनि किटानीका साथ भन्न सकिँदैन । तैपनि यसलाई परिभाषित गर्ने क्रममा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूले आ-आफ्नो तवरबाट प्रयास गरेका छन् । ती मध्ये केही विद्वानहरूका परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ । जुन निम्नानुसार छन्ः-

(क) लोककथाले लोकमानसको मूल भावनाका रूपलाई स्थूल प्रतीकद्वारा अभिव्यक्ति गर्दछ । [१]

(ख) लोककथाको नाम एक साधारण अर्थवाचक नामका रूपमा प्रयोग हुँदै आएको छ, जसको प्रयोग परम्परागत वृतात्मक र अन्य विविध व्यञ्जनाका रूपमा गर्ने गरिन्छ यसमा मौलिकताको अभाव हुन्छ । यो सुन्ने गरिन्छ र बारम्बार भन्ने पनि गरिन्छ । कहिलेकाहीँ कण्ठ-कण्ठ भएको लोककथामा नयाँ कथावाचकद्वारा केही परिवर्तन र परिवर्द्धन गर्ने गरिन्छ ।[२]

(ग) लोककथामा लोकमानवका सबै प्रकारका भावना तथा जीवनदर्शन समाहित हुन्छ । अतीतलाई बुझ्ने जिज्ञासा, घटनाका सूत्र कोमल एवं पुरुष भावना, सामाजिक-ऐतिहासिक परम्परा, जीवनदर्शनका सबै सूत्र लोककथामा भेटिन्छन् ।[३]

(घ) लोककथामा न त सामाजिक बैसम्यको वर्णन धुन्छ न आर्थिक शोषणको । राजनैतिक चहलपहल पनि यी कथामा पाइँदैन । यी प्राचीन लोककथाहरूमा जुन समाजको वर्णन छ, त्यो समाज सुखी हुन्छ ।[४]

(ङ) लोकसाहित्यको मतलब हो, आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो ।[५]

---

१. सत्येन्द्र, लोकसाहित्य विज्ञान (आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनी, १९७१), पृष्ठ १५० ।

२. श्रीराम शर्मा, लोकसाहित्यः सिद्धान्त और प्रयोग, तृ.सं. (आगरा : विनोद पुस्तक मन्दिर, १९९२) पृष्ठ १०६ ।

३. माधवप्रसाद सापकोटा, लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन (काठमाडौँ : सुजाता प्रकाशन, २०६६), पृष्ठ ३६।

४. कृष्णदेव उपाध्याय, लोकसाहित्यकी भूमिका, तृ.सं. (इलाहावाद : साहित्य भवन प्रा.लि., १९७७), पृष्ठ १५९ ।

५. धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना (काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र त्रि.वि. २०४१), पृष्ठ २३३ ।

(च) लोककथामा प्राचीन-अर्वाचीन अनेक विषयका कथाहरू छोटोमीठो रूपमा मौखिक परम्परामा अभिव्यक्त हुँदै आएका हुन्छन् । तिनमा लोकमानसको भावना अन्तर्निहित हुन्छ। ती मनोरञ्जक र सरल हुन्छन् ।[६]

(छ) परापूर्वकालदेखि मौखिक रूपमा गाउँ-वस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षाप्रधान कथाकुथुङ्ग्रीको बटुलो नै लोककथा हो ।[७]

ज) मानव मनका सुख-दुःखका, कल्पना र भावना लोकका रूखासुखा घटनाहरूका प्राचीन कथात्मक अवशेषहरू, जो मनोञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग हुदैँ आएका छन्, तिनलाई लोककथा भनिन्छ । [८]

(झ) लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।[९]

(ञ) विश्वका हरेक देशका मूल जातिको धर्म, संस्कृति, परम्परागत विश्वास, आचार-विचार, अन्धविश्वास, तन्त्रमन्त्र, जादू, टुनामुना एवं जीवनको हर्ष, विष्माद लोककथामा सुरक्षित छ । तसर्थः जीवनजगतको आख्यानमूलक लोकमनोरञ्जनपरक, गद्यात्मक प्रस्तुती नै लोककथा हो । [१०]

(ट) लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ ।[११]

(ठ) मौखिक परम्पराबाट प्राप्त अधिकांश कथाहरू लोककथा हुन् ।[१२]

---

६. जीवेन्द्रदेव गिरी, नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन (भक्तपुर : विश्वविद्यालय अनुदान आयोग २०६५), पृष्ठ ८ ।

७. कृष्णप्रसाद पराजुली, नेपाली लोकगीतको आलोक (काठमाडौँ : वीणा प्रकाशन, २०५७), पृष्ठ १२ ।

८. मोतीलाल पराजुली, नेपाली लोकगाथा (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९), पृष्ठ १२ ।

९. चूडामणि बन्धु, नेपाली लोकसाहित्य (काठमाडौँ : एकता बुक्स,२०५८), पुष्ठ-२८४ ।

१०. शम्भुप्रसाद कोइराला, लोकसाहित्य सिद्धान्त र विश्लेषण (विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५), पृष्ठ ९६ ।

११. तुलसी दिवस, नेपाली लोककथा केही अध्ययन (काठमाडौँ : ने.प्र.प्र. २०३३), पृष्ठ २-३ ।

१२. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृष्ठ ३७२ ।

(ड) मौखिक रूपमा सम्प्रेषित बेनामे रचनाकारको संक्षिप्त र सारगर्भित कथालाई लोककथा भनिन्छ । [१३]

(ढ) रचनाकार अज्ञात रहेको मौखिक रूपमा सम्प्रेषित गद्यात्मक छोटो आख्यानलाई लोककथा भनिन्छ । [१४]

(ण) उत्पत्ति जहाँ भए पनि समय र स्थान दुवै दृष्टिले सार्वभौम मौखिक आख्यानात्मक कथालाई लोककथा भनिन्छ । [१५]

(त) परापूर्वकालदेखि ज्ञात रही संसारभर उपलब्ध रहेका र मौखिक रूपमा भनिने परम्परित कथाहरूलाई लोककथा भनिन्छ । [१६]

(थ) विविध प्रकारका परम्परित आख्यानलाई बुझाउने सामान्य शब्दलाई लोककथा भनिन्छ ।[१७]

यसरी लोककथालाई विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले परिभाषित गरेका छन् । ती विद्वानहरूले दिएका परिभाषालाई अध्ययन गर्दा समग्रमा लोककथाको परिभाषालाई यसरी परिभाषित गर्न सकिन्छ- लोकसमाजमा मौखिक परम्परामा जीवित लोकजीवनका विविध पक्षको आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो ।

## २.३ लोककथाको स्वरूप

लोककथा मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जाने लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । यो भन्ने र सुन्ने परम्परामा हुर्कँदै अघि बढ्छ ।

---

१३. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृष्ठ ३७२ ।

१४. ऐजन् ।

१५. ऐजन् ।

१६. ऐजन् ।

१७. ऐजन् ।

लोककथाका रचनाकार अज्ञात हुन्छन् । लोककथा लामा आकारका पनि पाइने भए तापनि अधिकांशतः छोटा आकारका नै हुन्छन् । यसर्थ यो संक्षिप्त हुन्छ । यसमा घटना, प्रसङ्ग, पात्र आदिका माध्यमबाट वर्णनात्मक र कालक्रमिक शैलीमा भनिने हुँदा यो आख्यानात्मक हुन्छ । लोककथा सामाजिक, ऐतिहासिक, अतिरञ्जित आदि विभिन्न किसिमका हुन्छन् । लोककथा 'एकादेशबाट' सुरु भएर 'सुन्नेलाई सुनको माला .....' मा गएर टुङ्गिन्छ । यसमा मानवीय पात्रदेखि लिएर मानवेतर, अतिमानवीय र पदार्थ समेतको अभिव्यक्ति हुन्छ । लोककथा मौखिक परम्परामा जीवित रहने भएकाले यो परिवर्तनशील हुन्छ । भाषाशैली वर्णनको तरिका आदिमा परिवर्तन भए पनि यसको मूल विषयवस्तु र सन्देशमा भने परिवर्तन पाइँदैन ।

## २.४ लोककथाका तत्वहरू

लोककथा लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा रहेको छ । यस्ता लोककथा बन्नको लागि आवश्यक पर्ने सामग्रीलाई लोककथाका तत्व भनिन्छ । तत्वलाई घटक, अवयव, संरचक आदि विभिन्न नामले पनि चिनाउने गरिन्छ । यी तत्वको अभावमा लोककथाको निर्माण हुन सक्दैन । अब यहाँ लोककथाका तत्वहरूका बारेमा चर्चा गरिन्छ ।

१. कथावस्तु

२. चरित्र

३. परिवेश

४. संवाद

५. उद्देश्य

६. भाषाशैली

७. अभिप्राय

### २.४.१ कथावस्तु

लोककथामा कथावस्तुको महत्वपूर्ण स्थान हुन्छ किनभने कथावस्तुविना कथा निर्माण हुन सक्दैन । यसर्थ कथावस्तु भनेको कथा निर्माण गर्ने विषयवस्तु हो । कथावस्तुले नै लोककथालाई रोचक र विश्वसनीय बनाइदिन्छ । कथा एउटा कल्पनाको बीज रूप मात्र हो ।

कथानक चाहिँ त्यो बीज रूपबाट हुर्किएको, मौलाएको र फैलिएको रूख जस्तै हो । लोककथा कल्पनाद्वारा निर्मित हुने हुनाले कथावस्तुमा कल्पना र बौद्धिक तत्वले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । लोककथाको आख्यान पक्षलाई हेर्दा यो एउटा संगठित कथा शृङ्खलामा रचिएको हुन्छ । यसमा घटनाको आदि, मध्य र अन्त्यको सु-संगत हुन्छ । यसर्थ लोककथाको प्रमुख तत्वका रूपमा कथावस्तुलाई लिन सकिन्छ ।

## २.४.२ चरित्र

लोककथामा कथानकलाई अगाडि बढाउन चरित्रको महत्वपूर्ण भूमिका हुन्छ । चरित्रको कथानकसंग घनिष्ठ सम्बन्ध हुन्छ । घटना घटित गराउने माध्यमका रूपमा चरित्र रहने भएकोले चरित्र र कथानकको निकट सम्बन्ध हुन्छ । लोककथामा विविध खालका चरित्रहरू रहन्छन् । त्यस्ता चरित्रहरूमा मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेतलाई लिइन्छ । मानव चरित्रको रूपमा राजा, रानी, राजकुमारी, सामान्य मान्छे आदि पर्दछन् । मानवेतर चरित्रमा गाई, भैंसी, कुकुर, स्याल, बाघ, आदि पर्दछन् । यसै गरी अतिमानवीय चरित्रहरूमा अप्सरा, राक्षेस, देवता आदि पर्दछन् भने पदार्थ चरित्रको रूपमा ढुङ्गा, माटो, रूख आदि पर्दछन् । लोककथा कल्पना प्रधान हुने हुँदा यसका चरित्रहरू पनि सामाजिक जीवनको यथार्थ धरातलबाट भन्दा काल्पनिक जगत्‌बाट बढी लिने गरिन्छ । यसर्थ लोककथामा आउने चरित्रहरूले प्रायः लोककथालाई लौकिक यथार्थभन्दा पर पुगेर प्रस्तुत गरेका हुन्छन् ।

## २.४.३ परिवेश

परिवेश लोककथाको अर्को महत्वपूर्ण तत्व हो । लोककथामा विभिन्न परिवेश आएको हुन्छ, जसमा ग्रामीण, दरबारिया, आञ्चलिक आदि परिवेश पर्दछन् । लोककथा लौकिक र अलौकिक परिवेशमा रचिएको हुन्छ । आँखाले देख्न सकिने घटना र पृथ्वीमा भएका घटना लौकिक परिवेश अन्तर्गत पर्दछन् भने आँखाले देख्न नसकिने केवल अनुभूति मात्र गर्न सकिने परिवेश अलौकिक परिवेश अन्तर्गत पर्दछन् । अलौकिक परिवेश अन्तर्गत देवलोक, नागलोक, परिलोक, जादूलोक आदि पर्दछन् । यही परिवेशले गर्दा पात्र अयथार्थ भएर पनि त्यसलाई यथार्थ नै हो भन्ने भ्रम श्रोतालाई पर्दछ । वातावरणको यही जीवन्त चित्रणले गर्दा लोककथा सुनौं सुनौं  लाग्ने हुन्छ ।

### २.४.४ संवाद

लोककथामा चरित्रहरूले आपसमा कुराकानी गर्छन् । लोककथामा आएका मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेतका पात्रहरू एक आपसमा संवाद गर्दछन् । यसरी संवाद हुने क्रममा मान्छे-मान्छेबीच, मान्छे र राक्षसबीच, जनावर र वनस्पति आदिका बीचमा पनि कुराकानी वा संवाद भएको सुन्न सकिन्छ । कहिलेकाहीँ गीत र श्लोक पनि संवादका क्रममा आउँछन् । चरित्रहरूका बीच भएको संवादको भाषा सरल, बोधगम्य र जीवन्त समेत हुन्छ ।

### २.४.५ उद्देश्य

हरेक कुराको आ-आफ्नो उद्देश्य भए जस्तै लोककथाको पनि आफ्ना उद्देश्यहरू हुन्छन् । लोककथालाई सार्थक तुल्याउने तत्व नै उद्देश्य हो । मूलतः लोककथाहरू मनोरञ्जन प्रदान गर्ने उद्देश्यले रचना गरिएका हुन्छन् तापनि यस भित्र मनोरञ्जनका अतिरिक्त धार्मिक, नैतिक शिक्षा वा उपदेश दिने कुराहरू पनि समावेश भएका हुन्छन् । यसर्थ उद्देश्य पनि लोककथाको अर्को महत्वपूर्ण तत्व हो ।

### २.४.६ भाषाशैली

लोककथाको भाषाशैली सरल हुन्छ । लोककथा मौखिक परम्पराबाट हस्तान्तरित हुने भएकाले यसको भाषाशैली पनि परिवर्तन भइरहन्छ । लोककथा ग्रामीण जनजीवनको झलक भएकाले यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग गरिन्छ, जसले गर्दा जनसाधारणले पनि सजिलै बुझ्न सक्छन् । लोककथाहरू मूलरूपमा वर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छ । तापनि अन्तःगर्भित र क्रमसंवर्धनात्मक शैलीको पनि प्रयोग गरेको पाइन्छ । लोककथाको मूल कथामा अन्य साना उपकथाहरू पनि आएका हुन्छन् भने त्यसलाई अन्तःगर्भित शैली भनिन्छ र एउटै कुरा बारम्बार दोहोरिएर आएमा त्यसलाई क्रमसंवर्धनात्मक शैली भनिन्छ । समग्रमा भन्नु पर्दा लोककथामा प्रायः वर्णनात्मक शैलीको प्रयोग पाइन्छ र भाषामा आलङ्कारिकता र पाण्डित्यको जटिलताबाट टाढा रहेको सरल र सजिव जनभाषाको प्रयोग गरिन्छ ।

## २.५ लोककथाका विशेषताहरू

लोककथा मौखिक परम्परामा जीवित रहँदै आएको लोकसाहित्यको महत्वपूर्ण विधा अन्तर्गत पर्दछ । बूढाबूढीदेखि बच्चा बच्चीसम्मले यसलाई सुन्न र सुनाउन लालायित हुने भएकोले यसको लोकप्रियता स्वतः प्रमाणित हुन्छ । यो समाजमा मनोरञ्जन र अर्ती-उपदेश दिने महत्वपूर्ण साधनको रूपमा रहेको हुन्छ । मौखिक परम्परामा चल्दै आएको यस विधाको आफ्नो छुट्टै पहिचान छ । यसरी यसले आफ्नो पहिचान देखाउने क्रममा विशेषताहरू पनि ग्रहण गरेको हुन्छ । ती विशेषताहरू हुन्-

- लोकमानसको अभिव्यक्ति
- बोधगम्य भाषा
- मनोरञ्जनात्मकता
- उपदेशात्मकता
- रचनाकार अज्ञात हुनु
- आदि-अन्त्यमा विशिष्ट कथन
- विषयगत विविधता
- सामाजिकता
- काल्पनिकता
- भाग्यवादी प्रवृत्ति
- धार्मिक विश्वास
- थरीथरीका सहभागी ।

अब यहाँ विशेषताहरूको क्रमशः चर्चा गरिन्छ ।

### २.५.१ लोकमानसको अभिव्यक्ति

लोककथामा शिक्षित व्यक्तिका परिष्कारपूर्ण अभिव्यक्ति नभएर लोकमानसकै अभिव्यक्ति रहेको हुन्छ । लोकजीवनमा प्रयुक्त अभिव्यक्ति नै लोककथामा प्रकट भएको हुन्छ । ती अभिव्यक्तिमा लोकजीवनका मूल्य, मान्यता र अन्य विविध पक्ष पनि समेटिएका हुन्छन् । यसर्थ ती लोकका निमित्त अस्तित्वान् हुन्छन् ।

### २.५.२ बोधगम्य भाषा

लोककथा ग्रामीण जीवनका अन्जान, अपठित र सिधासाधा मानिसहरूको रचना भएकाले यसमा सरल र सुबोध भाषाको प्रयोग भएको हुन्छ । यसर्थ यो सरल, सहज र सम्प्रेषणीय हुन्छ । लोककथा प्राय गद्य भाषामा निर्मित भए पनि कतै कतै पद्यको प्रयोग भएको भेटिन्छ ।

### २.५.३ मनोरञ्जनात्मकता

मनोरञ्जनात्मकता लोककथाको महत्वपूर्ण विशेषता हो । मनोरञ्जनात्मकताकै कारण कथा सुन्ने मानिस आफ्नो थकाई बिर्सिएर त्यतैतिर आकर्षित हुन्छ । लोककथामा श्रोतालाई मनोरञ्जन दिन पशुपात्रहरूको पनि उपस्थिति देखाइ तिनलाई मानवीय भाषामा बोलाइन्छ । मानव र पशुमा एक आपसमा संवाद गराइएको हुन्छ । पदार्थ पात्रहरूले सक्रिय रूपमा आफ्नो भूमिका निर्वाह गरेको पनि देखाइन्छ । यी सबै क्रियाकलापले श्रोतालाई आनन्द प्रदान गर्दछ ।

### २.५.४ उपदेशात्मकता

लोककथामा विभिन्न उपदेशहरू हुन्छन् । लोककथाको प्रकृतिअनुसार यसका उपदेशहरू पनि फरक-फरक हुन्छन् । साहसी र वीरका कथाले वीर र साहसी बन्न, नैतिक कथाले नीतिवान् बन्न र धार्मिक कथाले धर्मप्रति आस्थावान बन्न प्रेरित गर्दछ । यसै गरी हास्यव्यङ्ग्यका कथामा पनि विकृतिबाट टाढा रहनु पर्दछ भन्ने उपदेश दिइएको हुन्छ ।

### २.५.५ रचनाकार अज्ञात हुनु

लोककथा लोकको रचना भएकाले यसमा कुनै एउटा लेखको प्रभाव रहँदैन । एउटा व्यक्तिले अर्को व्यक्तिलाई सुनाउने र त्यसले फेरी अर्कोलाई सुनाउने गर्दा कथालाई रोचक

पार्न त्यसमा थपघट समेत गरिन्छ । लोककथामा सामूहिक अवचेतनको प्रभाव रहने भएकाले यसको रचनाकार अज्ञात रहेको हो ।

### २.५.६ आदि-अन्त्यमा विशिष्ट कथन

लोककथाको आदि-अन्त्यमा विशिष्ट कथन हुन्छ । यसको प्रारम्भ 'एकादेशबाट' र अन्त्य चाहिँ 'सुन्नेलाई सुनको माला..' जस्ता शब्दावलीबाट गरिन्छ । यसरी विशिष्ट कथनबाट यसको आदि-अन्त्य गरिन्छ ।

### २.५.७ विषयगत विविधता

लोककथाहरू ऐतिहासिक, धार्मिक, सामाजिक आदि विविध विषयहरूमा सिर्जना गरिएका हुन्छन् । यही विषयगत विविधताका कारण लोककथाले समाजका अनेक पक्षलाई समेटेको हुन्छ । यसै गरी यसको विषयवस्तु लौकिक र अलौकिक दुवै हुन सक्छ ।

### २.५.८ सामाजिकता

लोककथाले समाजको यथार्थ थाहा पाउन महत्वपूर्ण भूमिका खेल्दछ । समाजका चालचलन, रीतिस्थिति, संस्कृति आदिको यथार्थ तस्वीर लोककथामा खिचिएको हुन्छ यसर्थ लोककथाले समाजको दर्पण भएर काम गरेको हुन्छ ।

### २.५.९ काल्पनिकता

लोककथा कल्पना तत्वले भरिपूर्ण लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । सामान्यतः सबै लोककथामा कल्पना तत्व प्रशस्त मात्रामा पाइए तापनि राक्षस, भूतप्रेत, परी, अप्सरा, देवीदेवता, वीरता, टुनामुना आदिसँग सम्बन्धित कथामा कल्पना तत्व अत्यधिक मात्रामा पाइन्छ । यस्ता कथामा अलौकिक पात्रहरू आएका हुन्छन् र तिनीहरूलाई काल्पनिक जगत्मा विचरण गराइएको हुन्छ । लोककथामा वास्तविक भन्दा परको कुरालाई प्रस्तुत गरिएको हुन्छ । यस अर्थमा अतियथार्थवादका कोणबाट लोककथालाई हेर्नु उपयुक्त हुन्छ ।

### २.५.१० भाग्यवादी प्रवृत्ति

लोककथामा भाग्यवादी चिन्तन प्रस्तुत गरिएको हुन्छ । भाग्यमा भए जुन काम पनि सफल हुन्छ भन्ने भाग्य सम्बन्धी विश्वास लोककथामा पाइन्छ, जसलाई लोकविश्वास

भनिन्छ । यसरी लोककथामा कर्म भन्दा पनि भाग्यमा विश्वास गर्ने वातावरण सिर्जना भएको हुन्छ ।

### २.५.११ धार्मिक विश्वास

समाज धार्मिक विश्वासमा अडेको हुनाले गर्न हुने कुरो के हो, र गर्न नहुने कुरो के हो, त्यसैका आधारमा लोककथा भनिएको हुन्छ । लोककथामा ऋषि, महर्षिहरूका वाणीहरू उल्लेख गरेर राम्रो काम गर्नेलाई वरदान दिने र नराम्रो काम गर्नेलाई दुःख दिने धार्मिक विश्वास सम्बन्धी धारणाहरू उल्लेख गरिएका हुन्छन् ।

### २.५.१२ थरीथरीका सहभागी

लोककथाको प्रकृत्ति अनुसार लोककथा सुन्ने र सुनाउने व्यक्तिहरू फरक-फरक उमेरका हुन्छन् । धार्मिक र सृष्टिका कथा भन्न र सुन्न बूढापाकाहरू अग्रसर हुन्छन् भने जीव र वनस्पति सम्बन्धी कथाहरूमा बालबालिकाहरू अग्रसर हुन्छन् यसर्थ लोककथामा थरीथरीका सहभागी हुन्छन् ।

यसरी लोककथाले मनोरञ्जनात्मकता, लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, उपदेशात्मकता, भाग्यवादी प्रवृत्ति, आदि-अन्त्यमा विशिष्ट कथन आदि विशेषताहरू ग्रहण गरेर आफ्नो यात्रा गरिरहेको छ । यो लोककथाको आत्म र स्पन्दनका रूपमा रहेको छ ।

## २.६ लोककथाको वर्गीकरण

लोककथा मौखिक परम्परामा जीवित रहेको लोकसाहित्यको एउटा महत्वपूर्ण विधा हो । यसले संसारका प्रायः सबै जाति, भाषा र क्षेत्रमा आफ्नो अस्तित्व कायम गरेको छ । यसको रचना लोकले गर्दछ । कथावाचकले श्रोतालाई हेरेर कथामा थपघट पनि गर्न सक्छ । यस्तो अवस्थामा केही परिवर्तन पनि आउँछ तर मूल भावमा भने केही फरक आउँदैन । यसको विषय क्षेत्र अत्यन्त फराकिलो छ । यसको विषय क्षेत्र फराकिलो हुँदाहुँदै पनि अध्ययनको सुविधाको लागि यसको वर्गीकरण गर्नु आवश्यक हुन्छ । लोककथालाई विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ । संस्कृत साहित्यका आचार्यहरूले कथालाई विषयवस्तुका आधारमा कथा र आख्यायिका गरी दुई भागमा विभाजन

गरेर काल्पनिक कथानक भएकोलाई कथा र सत्यघटनामा आधारित ऐतिहासिक विषयवस्तु भएकोलाई आख्यायिका भनेर विभाजन गरेका छन् ।

यसैगरी भारतीय विद्वान् कृष्णदेव उपाध्यायले लोककथालाई ६ भागमा विभाजन गरेका छन् ।[१८]

१. उपदेश कथा २. व्रतकथा ३. प्रेमकथा

४. मनोरञ्जन कथा ५. सामाजिक कथा ६. पौराणिक कथा

त्यसै गरी लोकसाहित्यका अध्येता मोतीलाल पराजुलीले ४ भागमा विभाजन गरेका छन् । [१९]

१.पौराणिक लोककथा २. ऐतिहासिक लोककथा

३. सामाजिक लोककथा ४. अतिमानवीय लोककथा

आफ्नो परम्परागत रीतिरिवाज, चालचलन, रहनसहन, धर्म तथा मान्यताको विभेदको कारणले गर्दा लोक साहित्यको बनोट फरक फरक हुन्छ । यसर्थ नेपाली लोककथाको पनि आफ्नो छुट्टै बुनोट छ । सामाजिक, सांस्कृतिक, धार्मिक तथा अन्य विविध कुराहरूलाई ध्यान दिएर लोककथाको वर्गीकरण गर्नु उपयुक्त देखिन्छ । मूल रूपमा लोकजीवनको सामाजिक र सांस्कृतिक पृष्ठभूमिलाई बिर्सनु हुदैन । यस पृष्ठभूमिमा नेपाली लोककथालाई तुलसी दिवसले १० भागमा विभाजन गरेका छन् ।[२०]

१. सांस्कृतिक ऐतिहासिक लोककथाहरू २. अर्ती उपदेशका लोककथाहरू

३. पशुपङ्क्षीका लोककथाहरू ४. मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू

५. अतिमानवीय लोककथाहरू ६. दैवी लोककथाहरू

७. फलफूलका लोककथाहरू ८. धार्मिक लोककथाहरू

९. साहस तथा बहादुरीका लोककथाहरू १०. विविध लोककथाहरू ।

त्यस्तै लोकसाहित्यका अध्येता द्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोककथालाई ५ भागमा विभाजन गरेका छन् । जुन यस प्रकार छन्-[२१]

---

१८. कृष्णदेव उपाध्याय, पूर्ववत्, पृष्ठ १३१ ।

१९. मोतीलाल पराजुली, 'धर्मात्मा राजा' नेपाली लोककथा सङ्ग्रह १, २०५९, पृष्ठ ४ ।

२०. तुलसी दिवस, पूर्ववत्, पृष्ठ ३८ ।

२१. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृष्ठ ३४६ ।

१. धार्मिक तथा सांस्कृतिक-ऐतिहासिक लोककथा

२. मानवीय तथा अतिमानवीय लोककथा         ३. पशुपङ्क्षीका लोककथा

४. दैवी लोककथा         ५. विविध लोककथा ।

माथि उल्लेख गरिएका विभिन्न विद्वान्हरूको वर्गीकरणलाई आधार मानेर लोककथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ -

१. सामाजिक लोककथा

२. ऐतिहासिक लोककथा

३. सांस्कृतिक तथा धार्मिक लोककथा

४. पौराणिक लोककथा

५. अतिरञ्जित लोककथा

६. पशुपङ्क्षी सम्बन्धी लोककथा

७. विविध लोककथा

**२.६.१ सामाजिक लोककथा**

समाजका चालचलन, रीतिरिवाज, उठबस आदिसँग सम्बन्धित कुराहरू अभिव्यक्त भएका कथाहरू नै सामाजिक लोककथा हुन् । यस्ता लोककथाहरूमा मनोरञ्जन र नैतिक उपदेश दिने भावना पनि रहेको हुन्छ । सामाजिक कथाहरूमा मानवीय पात्रहरूको उपस्थिति रहेको हुन्छ । यस्ता कथाहरूमा सौता-सौताबीचको झगडा, भाइ-भाइबीचको झगडा आदि कुराहरू आएका हुन्छन् । सामाजिक लोककथाहरू मानिसलाई कुमार्ग छोडेर सुमार्गमा लागोस् भन्ने उद्देश्यले सुन्ने र सुनाउने गरिन्छ ।

**२.६.२ ऐतिहासिक लोककथा**

ऐतिहासिक विषयवस्तु समावेश भएका लोककथालाई ऐतिहासिक लोककथा भनिन्छ । यस्ता कथाहरू अन्तर्गत वीर पुरुष, राजा, महाराजा आदिका कथाहरू पर्दछन् । ऐतिहासिक लोककथामा वीरत्वको प्रसङ्ग आउने हुँदा यस्ता लोककथाहरूले श्रोताहरूलाई वीरत्वको भावनातर्फ अभिप्रेरित गर्दछन् ।

### २.६.३ सांस्कृतिक तथा धार्मिक लोककथा

समाजमा विद्यमान धर्म र संस्कृतिसँग सम्बन्धित कथाहरू नै सांस्कृतिक तथा धार्मिक लोककथाहरू हुन् । समाज धार्मिक विश्वासमा अडेको हुन्छ । पूजा-आजा गर्ने, मठमन्दिर जाने जस्ता धर्म अनुष्ठानसँग सम्बन्धित कुराहरू धार्मिक लोककथामा आएका हुन्छन् । यसैगरी राम्रो काम गरे स्वर्ग गइन्छ र नराम्रो काम गरे नरकमा गइन्छ  भन्ने जस्ता धार्मिक विश्वास सम्बन्धी कुराहरू लोककथामा पाइन्छ । समाजमा विद्यमान जन्मदेखि मृत्युसम्मका संस्कारका कुराहरू सांस्कृतिक लोककथामा आउँछन् ।

### २.६.४ पौराणिक लोककथा

पुराण, महाभारत, रामायण आदिका कथाहरू नै पौराणिक कथा हुन् । यस्ता कथाहरूले श्रोताहरूलाई अर्ती-उपदेश दिन्छन् । सृष्टिचक्र र धार्मिक विश्वासका कथाहरू पनि पौराणिक लोककथामा आएका हुन्छन् ।

### २.६.५ अतिरञ्जित लोककथा

अलौकिक र काल्पनिक संसारका लोककथाहरू समावेश भएका कथाहरू नै अतिरञ्जित लोककथा हुन् । यस्ता लोककथाका पात्रहरूमा धामी, झाँक्री, बोक्सी, अप्सरा, राक्षस आदि पर्दछन् । यी पात्रहरूलाई काल्पनिक संसारमा विचरण गराएर यथार्थ भन्दा परको कुरा देखाइएको हुन्छ । अतिरञ्जित लोककथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

### २.६.६ पशुपङ्क्षी सम्बन्धी लोककथा

मानवेतर पात्रहरू पशु र चराचुरुङ्गी आदिका कथाहरू नै पशुपङ्क्षी सम्बन्धी लोककथा हुन् । यस्ता कथाहरूमा मानवेतर पात्रहरू एक आपसमा मानवको भाषामा संवाद गर्दछन् । यिनीहरूको संवाद सुनेर श्रोताहरू अचम्म पर्दै मनोरञ्जन लिन्छन् । यस्ता कथाका पात्रहरूमा बिरालो, भँगेरा, स्याल, गाई, काग, कुकुर आदि पर्दछन् ।

### २.६.७ विविध लोककथा

यी माथि उल्लेख गरिएका ६ वटा वर्गीकरण अन्तर्गत समावेश गर्न नसकिएका लोककथाहरू विविध लोककथा अन्तर्गत पर्दछन् । विभिन्न जातजाति, धर्मसंस्कृति, वृक्ष,

वनस्पतिका कथा लगाएत अन्य थुप्रै प्रकारका कथाहरू विविध लोककथा अन्तर्गत पर्दछन् । बालकथालाई पनि यसै वर्गभित्र राख्न सकिन्छ ।

यसरी लोककथालाई माथि उल्लेख गरे अनुसार विभिन्न प्रकारमा वर्गीकरण गर्दै समेट्ने प्रयास गरिएको छ । लोककथाहरू विभिन्न प्रकारका भए तापनि यिनीहरूको मूल उद्देश्य भनेको मनोरञ्जन र अर्ती-उपदेश प्रदान गर्नु नै हो ।

## २.७ लोककथा र आधुनिक कथा

साहित्यका विभिन्न विधाहरू मध्ये लोककथा र आधुनिक कथा केही समानता भएका विधा हुन् । त्यसैले अहिलेको आधुनिक कथा लोककथाबाटै विकसित भएको पुष्टि हुन्छ । यिनीहरूमा तत्वगत र आकारगत समानता पाइन्छ । लोककथा र आधुनिककथा दुवैमा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु आदि तत्वहरूमा समानता पाइन्छ । यसै गरी आकारका दृष्टिले पनि यी दुवै समान देखिन्छन् । लोककथा र आधुनिककथामा संवाद गौण रूपमा रहेको हुन्छ ।

लोककथा र आधुनिककथामा तत्वगत र आकारगत समानता बाहेक अरु सबै कुरामा भिन्नता पाइन्छ । यिनमा पाइने प्रमुख भिन्नता यस प्रकार उल्लेख गरिएको छ, जुन निम्नानुसार छन्-

| **लोककथा** | **आधुनिक कथा** |
|---|---|
| १) यो श्रव्य विधा हो, | १) यो पाठ्य विधा हो, |
| २) अज्ञात रचनाकार, | २) ज्ञात रचनाकार, |
| ३) यो सामाजिक सम्पत्ति, | ३) वैयक्तिक सम्पत्ति हो, |
| ४) यो परिवर्तनशील हुन्छ, | ४) यो अपरिवर्तित हुन्छ, |
| ५) यसमा आदर्शवादको प्रधानता हुन्छ । | ५) यथार्थवादको प्रधानता हुन्छ, |
| ६) यसमा आदिम जीवन र भावनाको अभिव्यक्ति हुन्छ, | ६) यसमा आधुनिक जीवन र भावनाको अभिव्यक्ति हुन्छ, |

| | |
|---|---|
| ७) यसमा कल्पनाको प्रधानता हुन्छ, | ७) यसमा वास्तविकताको प्रधानता हुन्छ, |
| ८) यसको निर्माणमा कथा सिद्धान्त र शिल्पपक्षको अभाव हुन्छ, | ८) यसको निर्माणमा कथा सिद्धान्त र शिल्पपक्षको महत्वपूर्ण स्थान हुन्छ, |
| ९) यो प्रायः सुखान्त हुन्छ, | ९) यो सुखान्त र दुःखान्त दुवै हुन्छ, |
| १०) यसमा रैखिक शैलीमा विन्यस्त कथानक हुन्छ, | १०) यसमा रैखिक वा वृत्तकारीय शैलीमा विन्यस्त कथानक हुन्छ, |
| ११) यसमा अलौकिक पात्रको पनि समावेश हुन्छ, | ११) यसमा अलौकिक पात्रको गौण समावेश हुन्छ, |
| १२) यो मनोरञ्जन प्रधान/नीतिप्रधान हुन्छ, | १२) यो मूलतः यथार्थ प्रधान हुन्छ, |
| १३) यसमा सरल, सहज र सम्प्रेष्य भाषाशैलीको प्रयोग हुन्छ । | १३) यसमा विशिष्ट र अलङ्कृत भाषाशैलीको प्रयोग हुन्छ, |
| १४) यो वर्णनात्मक हुन्छ, | १४) यो वर्णनात्मक र विश्लेषणात्मक दुवै हुन्छ, |
| १५) यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रधानता हुन्छ, | १५) यसमा प्रथम पुरुष र तृतीय परुष दृष्टिविन्दुको प्रधानता हुन्छ, |
| १६) यसको बीच-बीचमा गीत पनि आउन सक्छ । | १६) यसको बीचमा गीत समावेश गरिँदैन । |

यसरी यी माथिका विवरणका आधारमा लोककथा र आधुनिक कथाको स्वरूपलाई छुट्याउन सकिन्छ ।

## २.८ निष्कर्ष

लोककथा लोकसाहित्यका विविध विधाहरू मध्ये एउटा लोकप्रिय विधा हो । समाजमा परम्परादेखि मौखिक परम्परामा जीवित कथा नै लोककथा हुन् । यो लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । लोककथामा लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई समेटिएको हुन्छ । यसका तत्वहरूमा लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र अभिप्राय आदि पर्दछन् । लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, मनोरञ्जनात्मकता, उपदेशात्मकता, आदि-अन्त्यमा विशिष्ट कथन आदि यसका

विशेषताहरू हुन् । लोककथालाई सामाजिक, ऐतिहासिक, साँस्कृतिक आदि विभिन्न आधारमा विभाजन गर्न सकिन्छ । यसका पात्रहरूमा मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेत पर्दछन् । लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै नैतिक शिक्षा र व्यवहारिक शिक्षा दिनु हो । लोककथामा परोपकार, सत्य, न्याय, कर्तव्यपालन आदि सकारात्मक भावना प्रकट भएका हुन्छन् । यी भावना लोककथा मार्फत एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छन् । यसर्थ लोककथा मानव सभ्यताको संस्कृतिको संवाहक  हो ।

# परिच्छेद- तिन

# नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा

## ३.१ पृष्ठभूमि

नेपाली लोकसाहित्यको अध्ययन परम्परा कहिलेदेखि सुरु भयो भनी ठोकुवा गर्न सकिँदैन । चुडामणि बन्धुले सुरुदेखि वि.सं.१९९८ सम्मको अवधिलाई सम्वर्द्धनकाल भनेका छन् । वि.स.१९९८ देखि २०२४ को अवधिलाई सङ्कलन काल र वि.सं.२०२४ देखि यताको अवधिलाई अध्ययन-अनुसन्धान काल भनेका छन् । अध्ययन-अनुसन्धान परम्पराको सुरुवात महानन्द सापकोटाको गोर्खा संसारमा प्रकाशित 'नौलो कुरा' शीर्षकको लेखबाट हुन्छ । यसर्थ नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्पराको इतिहासमा एउटा नयाँ युगको सुरुवात सापकोटाले गरेको स्पष्ट हुन्छ ।

नेपाली लोककथाको सङ्कलन परम्पराको इतिहासलाई पहिल्याउने हो भने बोधविक्रम अधिकारी र उनको **नेपाली दन्त्यकथा** (१९९६) सम्म पुग्नुपर्ने हुन्छ । यही विन्दुलाई नै नेपाली लोककथा सङ्कलन परम्पराको आधार विन्दु मानिन्छ । यसपछि पनि निरन्तर रूपमा नेपाली लोककथाको सङ्कलन गर्ने कार्य भइरहेको छ । तुलसी दिवसले वि.सं.२०२४ मा 'लोकवार्ता: गतिशील वैज्ञानिकशास्त्र' शीर्षकको लेख लेखेर प्रकाशित पनि गरे । लोककथा पनि लोकसाहित्यको एउटा विधा भएकाले यसको अध्ययन परम्पराको आधार विन्दु पनि यही अवधिलाई मान्नु पर्ने हुन्छ । अब यहाँ नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परालाई छुट्टाछुट्टै शीर्षकमा चर्चा गर्नु पर्ने देखिन्छ ।

## ३.२ नेपाली लोककथाको सङ्कलन परम्परा

नेपाली लोककथाको सङ्कलन परम्परामा बोधविक्रम अधिकारीको नाम अग्र स्थानमा आउँछ । यस सन्दर्भमा उनको **नेपाली दन्त्यकथा (१९९६)** महत्वपूर्ण स्थान राख्न सफल छ । यही विन्दुलाई नै नेपाली लोककथा सङ्कलन परम्पराको आधार बिन्दु मानिन्छ । १९९६ भन्दा अगाडि अन्य भाषाबाट नेपालीमा अनुवाद गरिएका दन्त्यकथाका संग्रहहरू भेटिन्छन् तर मौलिक परम्परामा जीवित नेपाली दन्त्यकथाहरूको सङ्कलन गर्ने कार्यको प्रारम्भ

वि.सं.१९९६ देखि मात्र भएको हो । अब यहाँ नेपाली लोककथाको सङ्कलन कार्यलाई सूचीबद्ध गर्ने प्रयत्न गरिन्छ ।

बोधविक्रम अधिकारी 'नेपाली दन्त्यकथा' (१९९६)

ललितजङ्ग सिजापति 'दन्त्यकथा माला' (२००३)

सुवर्णशम्शेर जबरा 'दन्त्यकथा' (२००५)

काजीमान कन्दङ्वा 'आठ कक्षा' (२०११)

शिवमणि प्रधान र अमरमणि प्रधान 'कथाकहानी' (२०११)

जुजुराम कुस्ले सुनौला कथा (२०१६), 'बादलकी रानी' (२०१६)

इमानसिंह चेम्जोङ 'किराँती दन्त्यकथा' (२०२१)

करुणाकर वैद्य, 'नेपाली दन्त्यकथा सङ्ग्रह' (२०२२)

पासाङ गोपर्मा 'बुहारी' (२०२४)

ललितजङ्ग सिजापति 'नेपालका लोककथा' (२०२४)

हाम्रो संस्कृति (पत्रिका) 'लोककथा विशेषाङ्क पहिलो माला' (२०२७ जेठ)

हाम्रो संस्कृति (पत्रिका) 'लोककथा विशेषाङ्क दोस्रो माला' (२०२७ पुस)

हाम्रो संस्कृति (पत्रिका) 'लोककथा विशेषाङ्क तेस्रो माला' (२०२८)

हाम्रो संस्कृति (पत्रिका) 'लोककथा विशेषाङ्क चौथो माला' (२०२८)

वासु रिमाल 'यात्री' एकादेशमा' (२०२८)

करुणाकर वैद्य 'नेपालका लोककथाहरू ' (२०२८)

तुलसी दिवस 'नेपाली लोककथा' (२०३२)

लीलासिंह कर्मा 'हाम्रो लोककथा' (२०३८)

पूर्णप्रकाश नेपाल 'यात्री' भेरी लोकसाहित्य' (२०४१)

तेजप्रकाश श्रेष्ठ 'अछामी लोकसाहित्य' (२०४४)

शिवकुमार श्रेष्ठ 'किराँती लोककथाहरू ' (२०४७)

रामविक्रम सिजापति 'नेपाली लोककथा सँगालो' (२०४८)

करुणाकर वैद्य 'अञ्चल लोककथा' (२०५१)

शिवकुमार श्रेष्ठ 'किराँती लोककथा सँगालो ' (२०५१)

केयरसिंह गुरुङ 'नेपाली लोककथा सङ्ग्रह' (२०५३)

कृष्णप्रसाद श्रेष्ठ 'सुनौलो सिउर' (२०५४)

जुजुराम कुस्ले 'सुनौलो कथा-सङ्ग्रह' (२०५७)

मोतीलाल पराजुली 'धर्मात्मा राजा' (२०५९)

रत्नाकर देवकोटा 'कर्णालीका लोककथा' (२०६३)

माथि उल्लेख गरिएको विवरणका साथै चूडामणि बन्धुको नेपाली लोकसाहित्य (२०५८) र मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको लोकवार्ता विज्ञान र लोकसाहित्य (२०६३) लगाएतका पुस्तकमा पनि केही कथाहरू सङ्कलन गरिएका छन् ।

## ३.३ नेपाली लोककथाको अध्ययन परम्परा

तुलसी दिवसले वि.सं. २०२४ मा 'लोकवार्ता: गतिशील वैज्ञानिकशास्त्र' शीर्षकको लेख लेखेर प्रकाशन गरे । यसपछि वि.सं. २०२५ मा वासुदेव त्रिपाठीले लोकसाहित्य र लोकसाहित्यसम्बन्धी लेखहरू लेखेका छन् । 'हाम्रो संस्कृति' (२०२७) पत्रिकाले पनि लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । प्रदिप रिमालले 'कर्णाली लोकसंस्कृति' (२०२८) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । यसैक्रममा वि.सं. २०२८ मा त्रि.वि. नेपाली विभागले स्नातकोत्तर तहमा लोकसाहित्यलाई समावेश गऱ्यो र लोकसाहित्यका अन्य विधाका साथै लोककथाको अध्ययन परम्परा पनि अघि बढ्दै गयो । नेपाली लोककथाको अध्ययन परम्परामा तुलसी दिवसको 'नेपाली लोककथाका केही अध्ययन' (२०३३) नामक पुस्तक एक महत्वपूर्ण उपलब्धिको रूपमा देखापर्दछ । यस पुस्तकमा नेपाली

लोककथाको वर्गीकरण गरिनुका साथै संस्कृत तथा पाश्चात्य साहित्यका विद्वान्हरूले गरेको लोककथाको वर्गीकरणलाई पनि अगि सारिएको छ । यसै गरी विभिन्न वर्गमा पर्ने लोककथाका बारेमा पनि दिवसले चर्चा गरेका छन् । उनको वर्गीकरणलाई आधिकारिक मानिन्छ । यसै गरी धर्मराज थापा र हंसपुरे सुवेदीले 'लोकसाहित्यको विवेचना' (२०४१) नामक पुस्तकमा पनि लोककथाका बारेमा चर्चा गरेका छन् । तेजप्रकाश श्रेष्ठले 'अछामी लोकसाहित्य' (२०४४) पुस्तकमा केही लोककथाहरू सङ्कलन गरी तिनको अध्ययन पनि गरेका छन् । मोतीलाल पराजुलीले 'नेपाली लोककथाका अभिप्रायको अध्ययन' (विद्यावारिधि शोधप्रबन्ध २०५४, त्रि.वि.) मा लोककथाको अभिप्रायको गहन अध्ययन गरिएको छ । दोस्रो अध्यायमा 'अभिप्रायको स्वरूप र अध्ययन परम्परा' मूल शीर्षक अन्तर्गत अभिप्रायको सैद्धान्तिक अवधारणा अगि सारिएको छ । यसै क्रममा लोककथाको चिनारी गराउँदै अभिप्रायलाई लोककथाको अनिवार्य तत्वका रूपमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा अभिप्रायको वर्गीकरण गरिएको छ भने चौथो अध्यायमा नेपाली लोककथामा पाइने अभिप्रायको विश्लेषण गरिएको छ । प्रस्तुत शोधप्रबन्ध नेपाली लोककथाको अध्ययन परम्परामा एक महत्वपूर्ण उपलब्धिका रूपमा देखा पर्दछ । अभिप्रायलाई आधार मानेर गरिएको यस अध्ययनले एक पृथक अस्तित्व राख्दछ । केशब सुवेदीले नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्परा (विशेष अनुसन्धान २०५५) नामक अनुसन्धानात्मक ग्रन्थले नेपाली लोकसाहित्यका अन्य विधाका साथै नेपाली लोककथाको अध्ययन-अनुसन्धान परम्परामा एक नयाँ ईटा थप्ने काम गरेको छ । शम्भुप्रसाद कोइरालाले 'लोकसाहित्यः सिद्धान्त र विश्लेषण' (२०५५) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । लक्ष्मी सुवेदीले 'धिमाल समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०५५) शीर्षकको शोधपत्रमा धिमाल समुदायमा प्रचलित लोककथाको सङ्कलन गरेर अध्ययन गरेका छन् । त्यस्तै जीवेन्द्रदेव गिरीले 'लोकसाहित्यको अवलोकन' (२०५७) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । यसै क्रममा लोककथाको अध्ययन परम्परामा चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य' (२०५८) नामक पुस्तकले महत्वपूर्ण स्थान राख्दछ । यस पुस्तकमा लोककथाको परिचय, प्रकार, विशेषता, उत्पत्ति, लोककथा र आधुनिक कथामा अन्तर, लोककथाको वर्गीकरण, लोककथाको परम्परा, नेपाली बाललोककथा, लोककथाको अध्ययन पद्धति, नेपाली लोककथाका प्रवृत्ति, अभिप्राय आदिका बारेमा चर्चा गरिनुका साथै केही नेपाली लोककथाहरू पनि सङ्कलन गरिएको छ ।

प्रेमबहादुर अधिकारीले 'बाग्लुङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र विश्लेषण' (२०५८) शीर्षकको शोधपत्रमा बाग्लुङ जिल्लाका लोककथाको सङ्कलन गरेर अध्ययन गरेका छन् । रेनुका राईले पनि लोककथाको अध्ययनको क्षेत्रमा योगदान गरेकी छन । उनले 'नेपाली भाषाका प्रकाशित किराँत लोककथाहरूको वर्गीकरण र विश्लेषण' (२०५८) शीर्षकको शोधपत्रमा किराँती लोककथाको अध्ययन गरेकी छन् । मधुपर्क पत्रिकाले 'लोककथा विशेषाङ्क' (२०५९) मा नेपाली लोककथाको अध्ययनमा महत्वपूर्ण स्थान राख्दछ । सायतमान राईले किराँत (थुलुङ) राई समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५९) शीर्षकको शोधपत्रमा किराँत अन्तर्गत थुलुङ किराँत समुदायमा प्रचलित लोककथाको सङ्कलन गरेर त्यसको अध्ययन गरेका छन् । दधिराम पन्थीले 'गुल्मेली लोककथाको अध्ययन' (२०६०) शीर्षकको शोधपत्रमा गुल्मी जिल्लाका लोककथाको अध्ययन गरेका छन् । अनितादेवी भट्टराईले 'पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६१) शीर्षकको शोधपत्रमा पाँचथर जिल्लाका लोककथाको अध्ययन गरेकी छन् । जीवन कुमार राईले 'खोटाङ्गे पुमा राई समुदायमा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण' (२०६२) शीर्षकको शोधपत्रमा खोटाङ जिल्लाका पुमा राई समुदायमा प्रचलित लोककथाको अध्ययन गरेका छन् । लोकनाथ रिजालले धादिङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६२) शीर्षकको शोधपत्रमा धादिङ जिल्लाका लोककथाको अध्ययन गरेका छन् । कमलप्रसाद देवकोटाले रुकुम जिल्लामा प्रचलित खसानी लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६३) शीर्षकको शोधपत्रमा रुकुम जिल्लाका खसानी लोककथाहरूको अध्ययन गरेका छन् । देवेन्द्र लम्सालले ज्याग्दी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन (२०६३) शीर्षकको शोधपत्रमा ज्याग्दी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गरेका छन् । सुनील आचार्यले 'गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६३) शीर्षकको शोधपत्रमा गोरखा जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । भक्तबहादुर राईले 'नेपाली बालकथामा लोकसाहित्यको प्रभाव' (२०६३) शीर्षकको अनुसन्धान कार्यमा बालकथामा लोकसाहित्यको के-कस्तो प्रभाव छ भन्ने कुरा देखाइएको छ । नेपाली बालकथाको अध्ययनमा उनको यस कार्यले महत्वपूर्ण स्थान राख्दछ । यसै गरी भरतराज पौडेलले 'लमजुङ् जिल्लाका लोककथाहरूको सङ्कलन र विश्लेषण' (२०६४) शीर्षकको शोधपत्रमा लमजुङ् जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । हरिभक्त सुवेदीले 'तनहुँ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन

एवं विश्लेषण' (२०६४) शीर्षकको शोधपत्रमा तनहुँ जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । धाना धामीले 'दार्चुला जिल्लाको दुहु क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन' (२०६४) शीर्षकको शोधपत्रमा दार्चुला जिल्लाका दुहु क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन गरेका छन् ।

जीवेन्द्रदेव गिरीको 'नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन' (२०६५) शीर्षकको अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । प्रस्तुत अनुसन्धान कार्यमा लोककथामा प्रयुक्त नारी चरित्रहरूको विभिन्न कोणबाट अध्ययन गरिएको छ । यस अनुसन्धान कार्यको दोस्रो अध्यायमा मूल शीर्षक लोककथाको सैद्धान्तिक विवेचना अन्तर्गत लोककथाको परिभाषा, तत्व, प्रकार र विशेषताको चर्चा गरिएको छ । तेस्रो अध्यायमा मूल शीर्षक नेपाली लोककथामा नारी चरित्रहरू अन्तर्गत दैवी र अतिमानवीय प्राणीका रूपमा नारी चरित्रहरू, सामान्य मान्छेका रूपमा नारी चरित्रहरू, परिवार र सरसम्बन्धभित्र नारी चरित्रहरू, वर्गीय दृष्टिले नारी चरित्रहरू, पेशा-व्यवसायमा नारी चरित्रहरू र नारी माथिका उत्पीडनका विविध रूपको चर्चा गरिएको छ । चौथो अध्यायमा नेपाली लोककथाका सबल नारी चरित्रहरूको विवेचना गरिएको छ ।

हिक्मत दमाईले 'डडेलधुरा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन-विश्लेषण' (२०६५) शीर्षकको शोधपत्रमा डडेलधुरा जिल्लाका लोककथाको अध्ययन गरेका छन् । टेकलाल अधिकारीले 'कपिलवस्तु जिल्लामा प्रचलित लोककथाहरूको लोकतात्विक अध्ययन' (२०६५) शीर्षकको शोधपत्रमा कपिलवस्तु जिल्लामा प्रचलित लोककथाहरूको अध्ययन गरेका छन् । सीता पोखेलले 'प्युठान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६५) शीर्षकको शोधपत्रमा प्युठान जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन तिनको वर्गीकरण र विश्लेषण गरेकी छन् । आनन्दकुमार लामिछानेले 'दाङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६५) शीर्षकको शोधपत्रमा दाङ जिल्लाका लोककथाहरूको सङ्कलन गरेर तिनको वर्गीकरण र विश्लेषण गरेका छन् । नेबबहादुर रावतले 'सल्यान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६५) शीर्षकको शोधपत्रमा सल्यान जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । माधवप्रसाद सापकोटाले 'झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन' (२०६५) शीर्षकको

शोधपत्रमा झापा जिल्लाका लोककथाहरूको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरेका छन् । उनको यस अनुसन्धान कार्य नेपाली लोककथाको अध्ययन परम्परामा एउटा नविन उपलब्धिका रूपमा देखा पर्दछ । उक्त अनुसन्धान कार्यमा समाजशास्त्रको सिद्धान्त प्रस्तुत गरेर त्यही सिद्धान्तको कसीमा घोटेर लोककथाको अध्ययन गरेका छन् । यसरी अध्ययन गर्दा राज्य, परिवार, समाज र संस्कृतिलाई आधार मानिएको छ । यस अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । सिताराम घिमिरेले 'ललितपुर जिल्लाको दक्षिण पूर्वी भेकमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६६) शीर्षकको शोधपत्रमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका लोककथाहरूको अध्ययन गरेका छन् ।

## ३.४ निष्कर्ष

नेपाली लोककथाको सङ्कलन परम्पराको आधार विन्दु बोधविक्रम अधिकारी र उनको नेपाली दन्त्यकथा (१९९६) लाई मानिन्छ । यसपछि क्रमिक रूपमा लोककथाको सङ्कलन कार्य भएको देखिन्छ । नेपाली लोककथाको अध्ययन परम्पराको सुरुवात भने वि.सं.२०२४ देखि भएको हो । यसपछि निरन्तर रूपमा लोककथाको अध्ययन गर्ने कार्य भएको देखिन्छ । लोककथाको अध्ययन परम्परालाई गति दिने क्रममा संस्थागत तथा व्यक्तिगत रूपमा उपलब्धिपूर्ण कार्यहरू भएका छन् । यस कार्यमा त्रि.वि. नेपाली केन्द्रीय विभागको महत्वपूर्ण स्थान छ । यस कार्यमा महत्वपूर्ण योगदान गर्नेहरूमा तुलसी दिवस, चूडामणि बन्धु, मोतीलाल पराजुली, जीवेन्द्रदेव गिरी, माधवप्रसाद सापकोटाको स्थान उच्च छ । तुलसी दिवसले 'नेपाली लोककथा केही अध्ययन' (२०३३) नामक पुस्तकमा नेपाली लोककथाको वर्गीकरण गर्नुका साथै संस्कृत तथा पाश्चात्य साहित्यका विद्वानहरूले गरेका लोककथाको वर्गीकरणलाई पनि प्रस्तुत गरेका छन् । यसै गरी विभिन्न वर्गमा पर्ने लोककथाका बारेमा पनि दिवसले चर्चा गरेका छन् । चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य' (२०५८) नामक पुस्तकमा नेपाली लोककथाको अध्ययन परम्पराको बारेमा उल्लेख गरिएको छ । मोतीलाल पराजुलीको नेपाली लोककथाका अभिप्रायको अध्ययन (विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि.२०५४) मा लोककथाको चिनारी दिंदै अभिप्रायलाई लोककथाको महत्वपूर्ण तत्वका रूपमा चर्चा गरेका छन् । यसर्थ प्रस्तुत शोधप्रबन्ध नेपाली लोककथाको अध्ययन परम्परामा एक महत्वपूर्ण उपलब्धिका रूपमा देखा पर्दछ । जीवेन्द्रदेव गिरीको 'नेपाली लोककथाका सबल नारी

चरित्रहरूको अध्ययन' (२०६५) शीर्षकको अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्पराको कार्यमा महत्वपूर्ण स्थान राख्दछ । नेपाली लोककथाको अध्ययन परम्पराको पछिल्लो समयमा माधवप्रसाद सापकोटाले 'झापा जिल्लामा प्रचलित नेपाली लोककथाको समाजशास्त्रीय अध्ययन' (स्नातकोत्तर शोधपत्र, त्रि.वि.२०६५) मा झापा जिल्लामा प्रचलित नेपाली लोककथाको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरेर नेपाली लोककथाको अध्ययन परम्परामा थप योगदान गरेका छन् ।

# परिच्छेद- चार

## सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित नेपाली लोककथाहरूको सङ्कलन

सल्यान जिल्ला लोकसाहित्यको क्षेत्रमा धनी छ । यहाँ लोकसाहित्यका विविध विधाहरू मध्ये लोकगीत पछि लोककथा नै लोकप्रिय विधाको रूपमा रहेको छ । यस परिच्छेदमा सीमाङ्कन गरिएका लोककथाहरू सल्यान जिल्लाको धनवाङ, फलावाङ, रिम, सिनवाङ र गर्पाबाट सङ्कलन गरिएका हुन् । यी लोककथाहरू यिनै पाँच गा.वि.स.हरूमा यात्रा गरी विभिन्न उमेर समूहका व्यक्तिहरूलाई कथा भन्न लगाई सीमाङ्कन गरिएको हो । लोककथाहरू सीमाङ्कन गर्दा विभिन्न पेशा व्यवसायका व्यक्तिहरू जस्तैः किसान, विद्यार्थी, शिक्षक, जागिरबाट अवकाश प्राप्त व्यक्ति आदि व्यक्तिहरूलाई भेट गरी कथा भन्न लगाई सीमाङ्कन गरिएको हो । सीमाङ्कन गर्दा स्थलगत रूपमा सम्बन्धित व्यक्तिको घरदैलो, खेतबारी, मेलापात लगाएतका स्थानहरूमा गएर सीमाङ्कन गरिएको हो । यहाँ सीमाङ्कन गरिएका लोककथाहरू धेरैजसो बुढापाकाहरूबाट नै सीमाङ्कन गरिएको हो ।

यस जिल्लाको दक्षिण पूर्वी भेगमा प्रा.वि., नि.मा.वि. र उ.मा.वि., कपुरकोट बहुमुखी क्याम्पस समेत रहेको छ । सबै स्तरका विद्यालयहरू सञ्चालन भएपनि सन्तोषजनक शिक्षित जनशक्ति उत्पादन हुन सकेको देखिँदैन । सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्र अदुवा, सुन्तला र तरकारी आदि खेतीले गर्दा आर्थिक अवस्थामा विकसित मुख नै देखिन्छ । यहाँका मान्छेको प्रमुख पेशा परम्परागत कृषि पेशा नै रहेको छ । यसका अतिरिक्त नोकरी, ज्याला, मजदूरी, व्यापार र कामको खोजीमा विदेशीने पेशा पनि रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री, मगर, थारु, दलित सबै जातिको बसोबास रहे तापनि मगर जातिको बाहुल्यता रहेको देखिन्छ । यही स्थिति यस जिल्लाको दक्षिण पूर्वी भेगमा पनि रहेको देखिन्छ । यस क्षेत्रमा बसोबास गर्ने अधिकांश जनता हिन्दुधर्मावलम्वी छन् । अधिकांश संस्कारहरू पनि हिन्दुधर्ममा आधारित छन् । विवाह, ब्रतबन्ध, छैंठी, मान्छे मर्दा जलाउने वा गाड्ने पनि चलन छ । यसै गरी पूजाआजा लगाउने धार्मिक कार्य पनि भएको पाइन्छ । यस्ता पूजाआजाहरूमा कथालगाउने लक्ष्यवर्तीका, पुराण, सप्ताह, होली, लाखेनाच, शिवरात्री, कृष्णजन्माष्टमी, श्रीपञ्चमी मनाउने गर्दछन् । खानपान रहनसहनमा प्रमुख खाना दाल, भात, तरकारी, रोटी आदि खान्छन् भने सर्ट पाइन्ट, दौरासुरुवालका साथै महिलाहरूले सटपाइन्ट, कुर्ता सुरुवाल, गुन्यु चोलो आदि यहाँको पहिरन हो । यस क्षेत्रमा शिवरात्री र कृष्णजन्माष्टमीमा धार्मिक मेला समेत लाग्ने गर्दछ । त्यस्तै स्वास्थ्य सेवाको त्यति

सुलभता नभएको त्यस क्षेत्रका मानिसहरू प्राय : गरेर दाङको राप्ती अञ्चल अस्पताल र अन्य जिल्लाका अस्पताल पनि जाने गर्दछन् । त्यस्तै अन्धविश्वास र रुढीवादी परम्पराले गर्दा अझै पनि धामीझाँक्री प्रति विश्वास गर्दछन । यहाँको भौगोलिक विकटताले गर्दा जनघनत्व कम देखिन्छ । यहाँको भूभाग खेतीयोग्य भन्दा वन जङ्गलले नै ढाकिएको छ । यहाँ सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्रबाट सङ्कलन गरेर ल्याइएका लोककथाहरूलाई वर्णानुक्रम अनुसार राखिएको छ ।

## १. दिदी भाइको कथा

एकादेशमा टोके भाइ र दिदी रैचन् । भाइ चाइ एक्लै भएका कारण दिदीका घरमा बस्न गएच र त्यो केटोलाई भोक लागेच र खाने कुरा माग्दै दिदीलाई भनेच– “भोक लायो दिदई” अनि आफ्नी दिदीले पखभाइ खोर्रे फारम्लाई भनिच । फेरी भाइले “भोक लायो दिदई” भनेच दिदीले चाई पख भाइ खोर्रे आगो लाम्लाई भनिच । अनि फेरी भाइले– “भोक लायो दिदई” भनेच दिदीले पख भाइ खोर्रे खनमलार भनिच । फेरी भाइले– “भोक लायो दिदई” दिदीले पखभाइ कोदो छरम्लार भनिच व्यस्तै गरेर भाइले–“भोक लायो दिदई भनेच दिदीले पखभाइ कोदो गोरोम्लार भनिच अनि भाइले– “भोक लायो दिदई ” दिदीले पख भाइ कोदो काटम्लार भनिच । त्यसैगरी भाइले– “भोक लायो दिदई” दिदीले पखभाइ कोदो मिरम्लार भनिच । फेरी भाइले भोक लायो दिदी भनेच दिदीले पख भाइ कोदो पिसम्लार भनिच अनि भाइ ले “भोक लायो दिदई” भनेच दिदिले पख भाइ पीठो मुस्दम्लार भनिच । भाइले फेरी “भोक लायो दिदई” भनेच अनि दिदीले पख भाइ रोटो पकाम्लार भनिच र अन्तिममा भोक लायो दिदई भनेच रोटो पाकिसकेपछि दिदीले फुत्त फल्दिच घरमुनी भीरालो रैच रोटो गुरकिदैं अगि अगि गएच अनि रोटो अगि अगि केटो पछि पछि रोटो अगि अगि केटो पछि पछि गएचन जाँदा जाँदा रोटो ठूलो पोखरीमा परेच अनि केटो पनि रोटो छोप्न भन्दै पोखरीमा परेच र डुबेर मरेच ।

सुन्नेलाई सुनको माला, भन्ने लाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउँला ।

स्रोत : बसन्ती देवी शर्मा
धनबाङ गा.वि.स
वडा नं. ३, कपुरकोट, सल्यान

## २. न्याउलोको कथा

एकादेशमा  एकजना बुढो मान्छे रैच । त्यसले दुईटी आइमाई ब्या गरेच । जेठी स्वास्नीलाई त्यो बुढोले छुट्ट्याई दिएपछि त्यो जेठी स्वास्नीलाई खेती पाती गरेर खाने पर्ने भएच । एक दिन त्यो आइमाई ले आफ्नो बारीमा कोदो छरिच र कोदो अलि बरे पछि छोरीलाई छोरो हेर्न भनेर आफुसँग बारीमा लगिच आफू पनि कोदो गोर्न गइच । एक छिन पछि छोरो रोएच । छोरो रोए पछि छोरीले आमा भाइ रोयो आइजौ भनिच आमाले पख बा मेलो सकेर आम्ला भनिच । अनि फेरी छोराको रुदाँ मुखै रुदाँ सुकेच । त्यसपछि छोरीले आमा आइजौ भाइको मुख सक्यो भनिच । आमा ले पख बा मेलो सकेर आम्ला भनिच । अनि फेरी छोरो रुदाँ रुदाँ खुनै वाक्यच अनि छोरीले आत्तिदै आमा आइजौ भाइले त खुन बाक्यो भनिच । अनि तैपनि आमाले चाइ पख वा मेलो सकेर आम्ला भनिच । त्यसपछि छोराले रुदाँ रुदै पखेहा हालेच र छोरीले आमा आइजौ भाइले त पखेहा हाल्यो भनिच र अन्तिममा त्यो छोरीले रुदाँ रुदाँ पखेहा हालि सकेपछि रूख चढेपछि मेलो छोडेर पख पख भन्दै आइच तर छोरो उरेच छोरो उरेपछि आमा पनि चरो बनेर उरिच तर उनीहरूको भेट कहिल्यै भएनच उनीहरू सधै रुदै हिरिरहेचन छोरो एउटा डालामा ल्याउला ! न्याउल गहिरहेच आमा अर्को डाला मा पख पख, पख पख भन्दै छोरालाई खोज्दै उरिरहिचे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेला खुरूखरु मुखमा आउला ।

स्रोत– महेन्द्रदेवी कडेल

धनवाड गा.वि.स.वडा नं.७

कपुरकोट, सल्यान

## ३. भाविले लेखेको

एकादेशमा एउटा गरीब किसान बस्थ्यो गरे । उसका ७ भाइ छोरा थे गरे । कान्छो हुने छोरो जन्मेको पाँच दिन मात्र भयाथ्यो गरे । त्यइ दिन वीरमान राजा धुम्दै फिर्दै किसानको घरमा बास बस्न आयारैचन । अर्को दिन किसानको छोराको कर्म लेख्न भावी आयोच । राजा भित्र बस्या बेला भावीले ढोका खोल्न लाग्दा राजाले कस्तो कर्म लेख्छस् । तँ को होस् भनी प्रश्न गर्दा भावीले म यो किसानको कान्छो बच्चाको कर्म लेख्न आऊ भनेपछि राजाले त्यो आफूलाई बताउनुपर्ने शर्तमा ढोका खोली भित्र पस्त दिएछन् त्यसपछि भावीले बच्चाको कर्म लेख्योछ । कर्म लेखेपछि राजाले अगिको अर्सअनुसार यसको कर्म कस्तो छ ? भनी सोद्दा भावीले यसको कर्म तपाईको सम्पत्ति खाने छ भन्योछ । भावीको यस्तो कुराले राजालाई चिन्तित बनायोच र किसानलाई पैसा दिएर उसको कान्छो छोरो किनेच र आँफू ले लालनपालन लगायत सम्पूर्ण कुरा गर्छु, सम्पत्ति पनि खान दिन्चु भन्दै घरमा लग्न भनी हिडेचन तर राजालाई आफ्नो सम्पत्ति यसलाई किन खान दिने अब यसलाई नमारिन हुन्न भन्ने विचार मनमा आयोछ र बाटैमा एउटा नदी पर्ने रैच त्यस नदीमा त्यो केटालाई बगाइदेचन र आफू घर गएचन । नदीमा फालेको त्यो बच्चाको रोईऱ्याको आवाज सुनेपछि गाई चराउन आएका ग्वालाहरूले भेटाएको खबर किसानको स्वास्नीले थापाएपछि घरमा लगेर पालेचन । त्यो बच्चा ठूलो भएपछि राजा एकदिन फेरी घुम्दै त्यई किसानको घरमा गएचन तर किसानले चिनेनच राजाले किसानलाई तिम्रा कतिभाइ छोरा छन् भन्दाखेरी उसले ७ भाइ छन् कान्छो हुने छोरो यस्तो कारणले आपदमा पुऱ्याथ्यो पछि ल्याइन् पलिम र ऐले यत्रो भयाछा भनेपछि राजा बक्क पर्दै अब यसलाई मार्ने बुद्धि खेलाउदै किसानको कान्छो छोरालाई एउटा चिठ्ठी दिदै यो चिठ्ठीमा मेरो घरमा लैदेउ न भने त्यो चिठ्ठीमा चिठी ल्याएर आउने मान्छेलाई घरमा पुग्ने वित्तिकै मार्नु भन्नेथ्यो । राजाको आज्ञानुसार किसानको कान्छो छोरो चिठी राजाको घरमा गयो तर त्यो चिठी राजाको स्वास्नी र छोराका हातमा नपरी छोरीको हातमा पऱ्योच । छोरीले त्यो चिठीलाई खोलिच र त्यसमा यो केटो आयो भने छोरी दिनु र ब्या गरिदिनु भनी लेखिच । राजाको यस्तो चिठी देखेपछि राजाका स्वास्नी र छोराले उसलाई ब्या गर्देचन । राजा घरमा आउँदा त्यो किसानको छोरालाई टिकाटाला लगाएर बसेको देख्दा के भयो भनी सोधे र स्वास्नी र छोराले सबै बृतान्त बताएचन । त्यसपछि राजाले अब यसलाई नमारी हुन्न भन्ने विचारले एउटा सर्किहुनी गएर उसलाई म एउटा मान्छेलाई जुत्ता

लिन पठाउँछु जो भएपनि त्यसलाई हतौराले हानेर मार्नु म तलाई इनाम दिम्ला भनेचन । राजाको वचन मान्छे सार्कीले हुन्च भनेच । घरमा आएपछि राजा ले मैले सार्कीको घरमा तपाइको जुत्ता सिलाउन ल्याउन जानुस ज्वाई भनेपछि उ सरासर जुत्ता ल्याउन जादाँ बाटामा जेठानले भेटायो र का जान लाग्नुभो ज्वाई भनी प्रश्न गर्दा उसले जुत्ता ल्याउन भनेच । जेठानले ज्वाईजस्तो मान्छेलाई जुत्ता ल्याउन किन पठाए भन्दै म जान्चु जुत्ता ल्याउन भनेर ज्वाई लाई घर पठायो र आफू जुत्ता ल्याउन गएच । राजाको आज्ञाअनुसार सार्कीले उसलाई मार्‍यो । उता घरमा ज्वाई फर्केको देखेपछि राजाले के भो किन फर्किनुभो भन्दा जेठानले फर्काउनुभो र उहाँ आँफै जानुभो भनेपछि राजाको सातोपुत्लो उर्‍यो राजा सार्कीको घरमा पुग्दा सर्किलो राजाको छोरालाई मारिसकेच त्यसपछि राजाको कुनै उपाय नचलेपछि आखिरमा किसानको छोराले अन्त्यमा राजाको सम्पत्ति खाएरै छोर्‍यो जतिगरे पनि भावीले लेखेको मेटिन्न रैच ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेला खुरूखरु मुखमा आउला ।

स्रोत– मानवहादुर सिरिस
गर्पा ५, सिमलकुना
सल्यान

## ४. कनिके टोगे

एकादेशमा गरीब आमा छोरा थे गरे । आमाले अर्काका घरमा कुटी पिसी ल्याएर खाने छोराले बाखी ग्वाला जाने गर्थ्यो गरे । एकदिन धर्मको र कर्मको विवाद भएच धर्मले म ठुलो कर्मले म ठुलो भन्ने गरेचन । एकदिन विष्णु भगवान कहाँ गएपछि तिनी विष्णु भगवान सगै तिन जनाभएर गरीबका घर गए । त्यो केटाले आफ्ना घरतिर तिनी तिनजना आउन लाग्याऊ देखेपछि परी न पाताको मान्छे आए सनन्यासी रूपधारी, खानी न पिनी यत्तिकै छ । बसौला बात मारी भन्योच ती तिनजना गएर बसे आमा चाईले कस्ले दिएका मोटमोटा कनिका छानामा कोचारेर राखेकी रहिन्च अनि त्यति पकाएर खान दिइच ती तिनजनालाई खुब मीठो लागेच त्यस आइमाइले पातमा खान दिएको देखेर ती तिन जनालाई खुब दया लागेछ र त्यो पात छानामा घुसारेछन् र आफ्ना आफ्ना घर घर गएचन । त्यसपछि त्यो झुपडी महलजस्तो भएच । घरजाने बेलामा ती तिनजानाले त्यो केटालाई एउटा राजा अलि घमण्डी छ । त्यसकी छोरी फूलभर्ने मैया छ । त्यसलाई सिन्दुर हालेस केही नडराएस भनेछन । त्यस केटाले त्यही गरेच । ती आमा छोरा आफ्नो घरमा खुसीका साथ बसेचन । काम गर्न पनि गएनचन । गाउले हरूले पख आउलान के खाने रैचन भनेछन् । त्यो केटालाई भगवानले कही नगएस मनेका रहेछन् । उत्ता भोलीपल्ट राजाले फूलटिपी ल्यायो जोखन लगायो तर फुल र त्यो मैयाको तौल पुगेन । त्यो केटाले सिन्दुर हालेका कारण सत्य डगेर गयोच । त्यसपछि राजाले छोरीको विहे गर्न भनि चारवटा हातीलाई हिरा कञ्चनको माला आकाशमा फाल्न लगाएचन । ते माला जस्ले लगाउच त्यसलाई छोरी दिन्छु भनी झ्याली पिटाएचन र माला आकाशमा फाल्न लगाएचन् । त्यो माला कनिकै टोगेको गलामा परेच अनि राजाकी छोरी ब्या गरेर आन्नदले रहेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेला खुरूखरु मुखमा आउला ।

स्रोत– मेघा आचार्य  
धनबाड वा.वि.स.  
वडा नं. ३, कपुरकोट  
सल्यान

## ५. सौतेनी आमाको कथा

एकादेशमा एउटी टोकेनी केटीकी सौतेनी आमा रैचे । त्यस टोकेनी केटीलाई त्यो आमाले देखि सहन्थी गरे । केही खानेकुरा भएपनि आफ्नो छोरीलाई मात्र दिन्थी गरे । अलिकति भएपछि आफूले खान्थी गरे । यो सौताकी छोरी लाई मार्नपाए मेरी छोरीले मीठो खान पाउथी राम्रो लगाउन पाउथी भनी डार मात्रै गर्थी गरे । एकदिनको कुरा हो त्यो सौतेनी आमाले राती सुतेको बेलामा आफ्नो मनमा साहै पाप सोचिच र त्यस केटीलाई जलाएर मार्ने कुरा गरिच । टोकेनी केटी सुतिरहेको बेला उसले थाहा नपाउने गरी मसान घाटमा लगिच । अब यस सौताकी केटीलाई निदाएको निदाइ जलाएर मारदिन्चु भनी सोलामा चराइच तर सलाई लैजान बिर्सिच । सलाई ल्याउनलाई सौतेनी आमा घर गएको बेला एउटा मुसोआएर हेर नानी तिमीलाई तिम्री आमाले जलाउने भनेर सलाई ल्याउनलाई घर गएकी छिन तिमी तिम्री आमा नाआउदै तिम्रो ठाँउमा पराल राखेर भाग भनेर बाधेका बन्धनहरू आफ्ना दाँतले टोकी टोकी काटी दिएच र त्यो केटीले आफ्नो ठाँउमा पराल राखेर एउटा रूखको टुप्पामा गएर बसिच । त्यसपछि त्यसकी कान्छी आमा आइचे त्यही पराल राखेको सोलामा आगो लगाइचे र आजबाट यो सौताकी छोरी को हरो कट्यो भनी खुसीले रमाउँदै घर गइच । त्यसपछि त्यो केटी बसेको रूखमुनि कताबाट सुन, धन दौलतहरू आदि सामानहरू चोररे ल्याएका चोरहरू आएचन तिनलाई देखेर त्यो केटी डर ले काप्न थालिच । काम्दा काप्दै तिनै चौरहरूमाथि खसिच । त्यसपछि तिनि चोरहरू पुलिस आयो भन्दै आफूले ल्याएको सुन धन दौलतका डोकाहरू त्यही छोडेर भागेचन र त्यो टोकेनी केटीले ती समानको डोको बोकेर घर गइच र आमा आमा ढोका खोल्नुहोस भनिच । त्यस टोकेनीकी सौतेनी आमाले को होस भन्दा म के तपाईले जलाएकी छोरी स्वर्गबाट सुन धन दौलत ल्याएर आए भनिच अनि आमाले ढोका खोलेर त्यसलाई भित्र लगेर राम्रोसँग बसालिच । त्यस सौतेनी आमाले सौताकी छोरीलाई जलाएर यत्रिका धन ल्याएर आई अब आफ्नी छोरीलाई पनि जलाउनु पर्‍यो भनिच र सौताकी छोरीलाई जस्तै गरी मसान हाटमा लगिच तर सलाई लैजान बिर्सिन्च जलाइवरी घर आइच । घर आएपछि कहिले छोरी आउली भनेर हेर्न थालिच । छोरी आउदै नआएर पछि एकदिन त्यो सौताकी छोरीलाई सोधिच सौताकी छोरीले सबै कुरा बताएपछि आफैलाई सराप्दै बसिच ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेला खुरूखरु मुखमा आउला ।

स्रोत– टंक प्रसाद शर्मा

सिनवाङ ५, खोलीगाउँ, सल्यान

## ६. कलिको न्याय

एकादेसमा एउटो बडडो बाउन रैच गरे । बाउनको बडडी पनि मरेको र अरु कोही सन्तान पनि नभएको हुनाले उसले एउटो सार्कीको बच्चालाई ल्याइ पाल्या रैच । सार्कीको बच्चा बर्दै गएछ र जवान भयोछ । एकदिन कालगतिले उ मर्योछ र स्वर्ग गयोछ । बाउनले सानैदेखी पल्याको बच्चा मर्दा रुने कराउने गर्न थाल्योछ । यो सबै बाउनको बिलाप स्वर्गमाभ्याको सार्कीको बच्चाले सुन्योछ र दया मानी मेरो बलाई भेटन जान्छु भनी मान्छे रूप ल्याई बउनलाई भैटन आयोछ बाउनले उसलाई देखेपछि बाबु तँ यत्रो दिनसम्म काँ ग्याथिस् भनी निकै गुनासो पोख्यो र मलाई पनि तँ भ्याको ठाउमां लैजा भन्दा सार्कीको छोराले ऐले मइले लग्न सकदैन । तपाईलाई  लग्न पछि आउँछु भनी गयोछ । मध्यरातमा बाउनलाई सपनै सपनामा उसले स्वर्गमा लग्यो स्वर्गको दरबारमा लगी उसलाई कइँ नजानुहोला र झ्यालढोका पनि नखोल्नु होला भनी आँफू डुल्न गयोछ । बाउनले उसले भनेको नमानी पूर्वको झ्याल खोली हेर्‍योछ । त्याँ उसले जलैनल देख्योछ र त्यस जलमा कमलको फूल डलबल गरेको देख्योछ । पश्चिम झ्याल खोली हेर्दा एउटो गाईले अगारिबाट र पछारीबाट घाँस खाएको देख्यो छ । उत्तर झ्याल खोली हेर्दा एउटा बुढो मान्छेले भारी बोकेको देख्योछ । उसलाई भारीले जिताएछ । तर पनि त्यसमा भारी थपेको देख्योछ । दक्षिण झ्याल खोली हेर्दा नरकुण्ड देख्योछ । त्यस नरकुण्डबाट अगि मरेर गएको मान्छेले उसलाई तानेर नरकुण्डमा डुबायोछ । सार्की केही समय पछि आयोछ र बाउनलाई नरकुण्डमा देख्योछ । बाउनलाई किन नरकुण्डमा जानु भयो ? भन्दा मलाई यस पापीले हयाँ ल्यायो बाबु भनेपछि सार्कीले छोर्नुस मेरो बालाई भन्दा उसले भन्यो–"म यसलाई छार्दैन यसले मेरो सुपाको पैसा द्याछैन । यस लाई मैले आज मौकाले भेटाएँ म छार्दैन । " सार्कीले उसको कुरा सुनेपछि सुपाको पैसा कति हो ? भन्दा सुपामा अटाएजति हो भन्यो । बाउनलाई तपाईले गर्‍याको धर्म सम्झिनुस भन्दा बाउनले–"अरु त के गरेर मैले तँ जस्तो टोके टुरालाई ल्याएर पाले र वरपीपललाई न्वाएर आउँदा पानी चढाएँ । " भन्यो त्यसपछि फेरी पूर्वको झ्याल खोली हेर्दा के देख्नु भयो भन्दा बाउनले जलैजलमा कमलको फूल डलबलाएको देखैं भन्दा सार्कीले कलिको राजा यसै गरी डलबलाउने छ भन्योछ । अनि पश्चिमको झ्याल खोल्दा के देख्नु भो भन्दा एउटा गाईले दुई पट्टटीबाट घाँस खाएको देखैं भन्दा कलिको भलादमीले दुई तिर बाट खानेछ, न्याय परेको पनि खानेछ । अन्याय परेको पनि खानेछ । उत्तर झ्याल खोल्दा के

देख्नुभो भन्दा एउटा बुरो मान्छेले दाउराको भारीमा भारी थपेको देखेँ भन्दा कलिजुगको असामीले जति पैसा पाए पनि थपिरहने छ । यी सबै कुरा सम्झिने बेला बाउन सपना बाट ब्यूँझ्योछ । ब्यूँझिदा उसले आफुलाई आफ्नो घरमा पायोछ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत– प्रेम योगी

सिनवाङ गा.वि.स. वडा नं.८

रामीडाँडा, सल्यान

## ७. लिखे टोकेनीको कथा

एकादेशमा एउटा गाउँमा एउटा मान्छे बस्थ्यो गरे । त्यसकी एउटी स्वास्नी र एउटी छोरी रैचन । त्यसकी स्वास्नी मरेपछि त्यसकी छोरी टोकेनी भइच । उसले केही समय पछि अर्की स्वास्नी ब्या गरेच । कान्छी आमा आएपछि त्यो टोकेनीलाई दिन बिताउन धौ भएच । कान्छी आमाले दुईवटी छोरी पाइच त्यसका छोरीहरू सधै खुसी हुँदै बसे छन् । एक दिनको कुरा हो । दशैंको बेला रैच । सबैले रमाइलो गरिर्‍यारैचन् । बिचारा टोकेनीलाई चाडपर्व आएको पत्तै हुँदैन्थ्यो । कान्छी आमाका छोरीहरू आफ्नो बा सँग जुत्ता लुगा मीठामीठा खानेकुरा किनदिन भनेछन् । भने टोकेनीलाई बाले के ल्याइदिने हो ? भन्दा मलाइ त म जस्तै टोकेनी बाख्रो ल्याइ दिनुस् भनिच अनि बाले पनि टोकेनीले भने जस्तै गरी टोकेनी बाख्रो ल्याइदिएच । त्यस पछि टोकेनी सधैँ बाख्रो चराउन जान थालिच । टोकेनीले खान नपाएको कारण अच्चली दुब्ली रैचे । अच्चली दुब्ली देखेपछि बाख्रोले तिमी किन दुब्ली छौ भनी सोधेच अनी टोकेनीले– "हेर बाख्रा ! मेरी आमा छैनिन् मलाई कान्छी आमाले खाली कनिकाका रोटी मात्र खान दिन्छिन त्यहि पनि आधा पेट त्यई भएर दुब्ली छुँ । " टोकेनीको कुरा सुनी बाख्राले भन्योछ । तिमी जस्तै म पनि टोकेनी हुँ तिमी र म एकै रैचन् अब तिमी मेरो वरीपरी घुम र झर् झर् चिल्लो रोटी भन म तिमीलाई चिल्लो रोटी झारी दिन्छु । " त्यसपछि टोकेनी अच्चली खुसी भइच र बाख्रोले भने जस्तै गरिच र टोकेनीले मीठामीठा चिल्ला रोटी दिन दिनै खान पाइच अनि केही दिनमै टोकेनी मोटाइच त्यस पछि टोकेनीकी आमालाई डर भएच । टोकेनी किन यसरी मोटाइ भनेर त्यसको चाला बुझ्नलाई आफ्नो छोरीलाई कसैलाई पनि नभनी ह्या आएर मलाई मात्रै भनेस् टोकेनीले के खाएर यसरी मोटाइ भनी भनी सँगसँगै बाख्रो चराउन पठाइच । त्यसपछि दुईबैनी बाख्रैं चराउन गएचन । टोकेनीले बैनीले भन्दैनहोला भनेर उसलाई पनि चिल्ला रोटी दिईच तर साँझ घर आउना साथ उसले आमा सित सबै कुरा भनिच । त्यसपछि कान्छी आमा विरामी भएको बहाना पारी ऐया ! ऐया ! गर्न लागिच । कान्छी आमाको यस्तो अवस्था देखेपछि बा धामीका घर हेराउन भनी हिडेच । बा हिडे पछि बिरामीको बाहना पारेकी कान्छी आमा छोटो बाटो दगुरेर बा भन्दा अगि गएर धामीलाई घरमा भएको बाख्रो काटे पछि मात्र सन्चो हुन्छ भने म तिमलाई तिमले भने जति पैसा दिम्ला भनी तुरुन्त घरमा फर्किच । बाले धामीलाई हेराउँदा कान्छी आमा ले सिकाए अनुरूप टोकेनी बाख्रो काटे पछि मात्र सन्चो हुने बताएच । बा चाहिँ घर गएर सबै कुरा स्वास्नीलाई भनेच । यो सबै कुरा टोकेनीले सुनीच । त्यसछि टोकेनी रुँदै गएर बाख्रोलाई भनिच–"हेर बाख्रा अब तिमीलाई काट्ने भए, म कसरी बाँच्ने ? अब यो संसारमा मेरो कोही पनि हुन्न । " त्यसपछि बाख्राले भन्योच– "हेर नानी तिमले चिन्ता नगर मलाई काटेपछि

तिमले मेरो मासु नखानु, सबैले खाइसकेपछि मेरो हार खोर लगेर एक ठाउँमा गार्नु पछि त्यस ठाउँमा सुनको खामो उम्रिनेछ । त्यो खामो कसैले उखेल्न नसकेपछि तिमले उखेल्न सक्नेछेउ । त्यसपछि तिमलाई राजाले आफ्नो छोरा सँग ब्या गराई राजकुमारी गराउने छन् ।"

अर्को दिन धामी बस्ने तयारी भयोछ र धामीले बाखो पनि काटेच । बाखोको मासु चारजनाले खाए तर टोकेनीले खाइनच । सबैले खाएपछि हारखोर लगेर एक ठाउँमा गारिच । केही समय पछि त्यस ठाँउमा सुनको खामो उम्रेच । राजाले सबैलाई भनेछ ! जसले त्यो खामो उखेल्न सक्च त्यसलाई छोरा मान्छे भए छोरी दिने र छोरी मान्छे भए ब्वारी बनाउने सर्त पनि राखेचन् । सबै भएजति मान्छेले उखेल्न खोजे तर सकेनचन अन्तिममा टोकेनी मात्र बचिच । उसले सक्दैन भन्दा पनि सबैले कर गरेपछि उसले छुने बित्तिकै त्यो सुनको खामो ढलेच त्यसपछि सर्त अनुसार राजाले टोकेनीलाई आफ्नो छोरा सँग ब्या गर्दैछन् । टोकेनी राजकुमारी भएर दरबारमा गइच । टोकेनी राजकुमारी भएर दरबारमा गएको देखेपछि कान्छी आमा झन रिस गर्न थालिच । टोकेनी राजकुमारी भइ सकेपछि एकदिन कान्छी आमाले आफ्नी छोरीलाई दिदीको घरमा पठाइच र दिदीलाई नुहाउने बेला कुँवामा ढकेलेर त राजकुमारी बन्नु भनिच । त्यसपछि दिदीको घरमा गएकी कान्छी आमाकी छोरीले आफ्नी आमाले भने जस्तै गरी दिदीले नुहाउन लागेको बेला दिदीका सम्पूर्ण गहनापात लगाएर नुहाउन लागेकी दिदीलाई कुवाँमा ढकेल्दीएर आफू घर आइच उत्ता राजाले चिनेनचन त्यसपछि राजाको घरको काम दिदीले गरे जस्तो गरी बैनीले गर्न जानिनच त्यसपछि कुवाँमा परेकी दिदी रातीमा मान्छे बनेर राजाको घरमा गई सम्पूर्ण काम गरी राजालाई मनपर्ने खानेकुरा पनि पकाएर गाई भैंसीलाई घास हालिदिएर मोइ पारेर दैलो कुचो गरेर फेरी कुँवामा फर्किने रैच तर राजालाई थाहै नहुने रहेछ तर पछि पछि राजाले सबै काम रातीमा कोले गर्च भनी हेर्न बथाना बसेचन । त्यसपछि रातीमा आएर टोकेनीले सम्पूर्ण काम गरेर फर्किन लागेको बेला राजाले तिमी को हऊ किन यसरी रातीमा आएर काम गर्चेऊ भनी सोधेपछि टोकेनीले सम्पूर्ण कुरा बताइच र पछि राजाले दुःख मान्दै अब के गर्ने भने पछि बिहान नुहाउन गएको बेला बैनीलाई कुवाँमा ढकेली दिएपछि आँफु बाच्ने कुरा भनिच त्यसपछि राजाले त्यसै गरेचन अनि तिनीहरू राम्रो सँग राज गरी सुखका साथ रमाउँदै बसेचन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत– बैकुण्ठ देवकोटा
रिम गा.वि.स
वडा नं. १ रिम, सल्यान

## ८. बुडीको कथा

एकादेशमा एउटी बुडी रैच गरे । त्यो बुडी दिनकै काम गर्न जाने रैच । एक दिन को कुरा हो बुडी त्यस दिन पनि काम गर्न जान लागेकि रैच गरे अनि बाटामा एउटा अण्डा भेटाइचे त्यो अण्डा घर लगेर राखिचे

त्यो अण्डा बाट भाले चल्लो भएच गरे । एक दिनको कुरा हो त्यो बुडी चामल ल्याउन जान लागेकी रैच गरे त्यस पछि त्यो भाले ले आमा आमा पैसा ल्याउनुस् म जन्चु चामल ल्याउन भनेच बुडीले यस्ता भाले ले पनि के चामल ल्याउला र भनिच तर त्यो भालेले आमा आमा ल्याउनु के पैसा म जान्छु भनेको सुने पछि बुडीले पैसा दिइच अनि भाले गएच र पसलेलाई भनेच– "साउजी साउजी यो पैसाको चामल दिनुहोस् त ।" त्यसपछि साउजीले यस्तो भालेले पनि कति चामल लैजान सक्ला र भनेर तैले सकेजति चामल लैजा केको पैसा चाइयो र भनेच त्यसपछि भालेले कान थापेच अनि साउजी ले चामल हालि दिएच हाल्दा हाल्दा चामलै सिधिएच अनि भाले घर गएर आमा आमा सुपो थाप्नु होस त भनेच र त्यो बुडीले सुपो थापिच भालेले आफ्नो कान बाट चामल ओइराइ दिएच र त्यो सुपो भरिएर पनि भुइमा खसेच । फेरी अर्को दिन बुडी दाल किन्न जान लागेकी रैचे त्यसपछि भालेले आमा आमा खै पैसा ल्याउनुहोस् मा जान्छु दाल किन्न भनेच बुडीले पैसा दिइच र भाले पैसा लगेर दाल पसले कहाँ गएच र भनेच–" साउजी साउजी यो पैसाको दाल दिनुहोस त । " साउजी ले यस्तो भालेले पनि कति दाल लैजान सक्ला र भनेर तैले सके जति दाल लैजा केको पैसा चाइयो र भनेच । त्यसपछि भालेले आफ्नो कान थापेच र साउजीले दाल हालिदिएच हाल्दा हाल्दा दालै सिदिएच अनि भाले घर गएर आमा आमा सुपो थाप्नुहोस् त भनेच अनि त्यो बुडीले सुपो थापिच । भालेले आफ्नो कानबाट दाल ओइराइ दिएच र त्यो सुपो भरिएर पनि भुईमा गएच त्यसपछि त्यो बुडी र भाले आमा छोरा भएर आनन्दका साथ बसेचन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : नोबेल भुसाल
धनवाङ गा.वि.स. वडा नं. ३
कपुरकोट, सल्यान

## ९. वीरबल काजिको कथा

एकादेशमा एउटा राज्य थ्यो गरे । त्यस राज्यमा एउटा राजा बस्थे गरे उनी जहिले पनि बीरमान भन्ने काजि सँग हिड्थ्यो गरे तर वीरबल काजिले जति सहयोग गरेपनि राजाले कीजलाई सताउन छाड्दैनथ्यो गरे । एक दिनको कुरा हो घुम्न गएको बेला पुसमाघको जाडोमा ठूलो हिउँको तलाउ देखेछन् । अनि राजाले म यस हिउको तलाउमा बसेर एक रात कटाउनेलाई थुप्रै इनाम दिन्छु भनेछन् । त्यसपछि वीरबल काजिले म त्यस हिउँको तलाउमा बस्न सक्छु मलाई त्यो इनाम दिनुहोला भनेछन् । राजाले हुन्छ त्यो तलाउमा बसेर बाचेर आइस भने म तलाई इनाम दिन्छु भनेछन् । त्यसपछि वीरबल काजिले एक दिन त्यो तलाउमा बसेर रात कटाएछन् र बिहान राजाको सभामा हाजिर भएछ । त्यसपछि राजाले ए ! बाचेर पो आएच तर यो कसरी बाच्यो मैले त मर्ला भनेको थिए भने छन् र त्यो वीरबल काजीलाई कतै आगो देख्तिसकी देखिनस् भन्दा देख्ते भनेछ कत्ता देखतिस भन्दा धेरै पर डाडाँमाथी रातो डल्लो देख्ते भनेच त्यसपछि राजाले हो त्यो आगो देखिस् र पो बाचिस् नत्र त मर्नेथिस् जा त्यो भएन म तलाई इनाम दिन्न भनेछन् । त्यसपछि वीरबल काजि दुःख मान्दै घर गएछन । एकदिनको कुरा हो । राजाको घुम्न जाने बेला भएच तर वीरबल काथि आएनचन् अनि राजाले प्रहरीलाई वीरबल काजिलाई लिएर आओ भनेर अराएचन् । उता वीरबल काजिले बिहानै उठेर लामो बासको लिङालोमा ताउलो टङ्गाएर त्यसमा भात पकाउन लागेच तलबाट आगो फुकेच तर भात त पाक्दै पाकेनच । उत्ता राजाले ढिलो भयो काजिलाई छिटो बोलाओ भन्ने रैचन् यता वीरबल काजिको भान्सा तयार भाछैन भन्ने खबर ल्याउने रैचन । फेरी प्रहरीलाई खबर पठाउने रैचन फेरी पनि भान्सा तयार भाछैन भन्ने रैचन । जति पटक खबर पठाए पनि भान्सा तयार भएको छैन भनेपछि राजा आफै वीरबल काजिलाई बोलाउन भनि गएछन् । त्यसरी बासको लिङगालोमा झुन्डाएर ताउलामा भात पकाउन लागेको देखेर राजाले यसरी पनि भात पाक्छ भनेछन् । त्यसपछि वीरबल काजिले त्यति टाढाको आगो देखेर पनि मान्छे बाँच्छन् भनेछ । त्यसपछि राजाले कस्तो बुद्धिमान काजि रहेछ भनेर त्यस काजिलाई इनाम दिएछन् र वीरबल काजि खुसी भए चन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : धनबहादुर भण्डारी
फलावाङ ८, चैते डाँडा
सल्यान

## १०. जुडे खसीको कथा

एकादेशमा एउटा जुडे खसी रैच गरे त्यो जुडे खसी खसी समुहको प्रमुख रहेच । त्यस गाउँको नजिकै एउटा ठुलो जङगल रहेच । त्यस जङ्गलमा पनि एउटा बाघ रहेच । त्यो बाघ पनि त्यस जङगलको राजा रहेछ । एक दिन खसी घुम्दै घुम्दै बन तिर गएको रहेच । अनि त्यस वनको राजा बाघले देखेच । त्यसपछि– ‘ ओ झक झौवा, तेरा देशमा नै नौवा ?’ भनेच अनि त्यसपछि खसीले–‘सात बाघ मारी तब फाली दारी ’ भनेच त्यस खसीले आफ्नो अनुहारमा ऐना लगाएको रैच । त्यति भनेको सुनेपछि त्यस बाघले कस्तो रैच  र हो सात बाघ मारी मात्रै दारी फाल्ने रैच भनि हेर्दा त्यो खसीले लगाएको ऐनामा आफ्नो अनुहार देखेच त्यसपछि यसले त बाघ मारेर बाघको खप्पर पो लगाउने रैच भनेर बाघ सुइखुट्टा ठोकेर भागेच ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : लिलाधर वली
फलावाङ गा.वि.स.
वडा नं. २, पिमखोला
सल्यान

## ११. चलाख ब्राह्मणको कथा

एकादेशमा वडा मन्त्रवाला ब्राह्मण थ्यो गरे । त्यसले भूतहरूलाई मन्त्र गरेर बोलाउथ्यो र काम गर्न लगाउथ्यो । अनि तिनी भूतहरूले सडेगलेका थाङग्राहरू खान्थे बिग्रिएका सडेगलेका भएपनि तिनीहरूलाई राम्रै लाग्थ्यो । काम गर्न तिनीहरूले जस्तो सुकै जति ठूलो काम भए पनि एकै रातमा मेट्थे । त्यसो हुँदा त्यस ब्राह्मणको मनमा लहड चल्यो अहो । यिनीहरूलाई आफ्नो कब्जामा राख्न पाए त यिनीहरूले धेरै काम गर्न सक्थे भन्ने विचार गर्न लाग्यो र तिनीहरूलाई सधै बोलाउन भन्दा एकै चोटी बोलाएर काम लगाउने विचार गर्‍यो र मन्त्र गरेर बोलायो । भूतहरूले त्यस ब्राह्मणसँग बाचा कबोल गरेर भने– “खान नपुगेपनि तलाई खान्छम् ।” काम नपुगे पनि तलाई खान्छम् । त्यसो भनेको हुँदा ती ब्राह्मणले विचार गरे कि यिनीहरूलाई सधै काम गराउन पाएत धेरै काम बन्ने थियो । अब यिनीहरूले भनेको कुरा मान्नै पर्‍यो । भन्ने विचार गरे । राक्षसहरूले हामीलाई बस्ने गुफा पनि बनाइदिनु पर्‍यो भने तब व्राहम्णले म ठाउ बताई दिन्छु आफै बनाओ भने र ठाउँ सिकाई दिए । राक्षसहरूले एकै रातमा तयार पारे र भन्न लागे अब हामीलाई काम नपुगे पनि तलाई खान्छम्, खान नपुर्‍याए पनि तलाई खान्छम् भन्दा ती ब्राह्मणले विचार गरि हुन्छ म खान र काम पुर्‍याउँछु भनेर वाचा गरे त्यसपछि तिनीहरूलाई काम गराउन थाले । अब काम कहिले नदीमा पुल बनाउन लगाए अनि राक्षसहरूले एकै रातमा तयार पारे । रातभरी तिनीहरू काम गर्ने बिहान उज्यालो हुन थाल्यो भने गुफामा लुक्न जान्थे ।अनि फेरी पहाड खनेर मैदान बनाऔ भनी लगाए त्यो पहाड पनि एकै रातमा खनेर मैदान बनाए । त्यस्तै गर्दा गर्दा हरेक किसिमका शहर बनाओ भनेर लगाए त्यो पनि एकै रातमा तयार पारे । त्यस्तै हरेक काम सुसम्पन्न गराए अनि अब थोरै कामले पनि नपुग्ने आफूले सोचेसम्मका हरेक काम बने र गरी पनि सके । धेरै समय सम्म काम पुर्‍याउने र खान पुर्‍याउने गरे ।अब अराउने जस्तो काम केही पनि भएन । काम र खान नपुर्‍याउदाँ तलाई खान्छम् भनेका पो छन् । अब के गर्ने त भनेर एउटा कुकुर खोजेर ल्याए । लौ अब यही कुकुरको पुच्छर सोज्यायो भनेर लगाई दिए । कुकुरको पुच्छर सोज्याउन लगाई दिएपछि अब तिनीहरुले त्यही कुकुरको पुच्छर सोझ्याउन पट्टी लागे पालै पालो गरेर त्यही कुकुरको पुच्छर समाएर सोज्याउन थाले । रात भरी सोज्याउछन् बिहान लुक्न जान्छन् त्यसै गर्दा गर्दा धेरै काल बित्यो । बाह्र वर्ष बितिसक्यो त्यो कुकुरको पुच्छर सोज्याउन सकेनन् त्यसो भएको हुँदा अब हामी हार थाक भइम् भनेरर ब्राह्मण सँग विदा भएर गए ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : धन सिङ वली
फलावाङ गा.वि.स.
वडा नं. २ पिमखोला, सल्यान

## १२. शेरको कथा

एकादेशमा एक जना मान्छे बस्दा रैचन गरे उनी गरीप रैचन् । खेती किसानी उनको पेशा रैच गरे । उनले गाई बाखा पालेका रैचन । बाखँ चराउनलाई उनी वन जाने गर्दा रैचन । एक दिनको कुरा हो उनी बाखा चराउन वन गएको बेला एउटा सानो बाघको बच्चा भेटाएचन् र घरमा ल्याएचन् । पालन पोषण गर्दा त्यो बाघको बच्चा अलि ठूलो भएच । उनले त्यो बाघको बच्चालाई बाखा सँग सँगै खोरमा थुनेर राख्दा रहेचन । तिनै बाखासँग सँगै बस्ने सँगसँगै खाने गर्दा गर्दै बाखा नै बाघको बच्चा का साथी जस्ता भएचन् । एक दिन त्यो मान्छेले बाखा चराउँदै वन गएच । वनमा अचानक बाघले बाखा जल्काएच र सबै बाखाँ भागेचन बाखा भागेको देखेर बाघको बच्चाले अचम्म मोनेर हेऱ्योच । बाखा सबै भागे पछि बाघको बच्चा पनि बाखा गएतिर पछि पछि गएच जाँदा जाँदै उसलाई तिर्खा लागेच र पानी खान खोलातिर लागेच नजिकैको खोलामा गएर पानी खान लाग्दा बाघको बच्चाले आफ्नो अनुहार पानीमा देखेच । अघि बाखा जल्काउने बाघको सक्कल र आफ्नो सक्कल एकै मानेच । त्यसपछि उसले पनि अघि बाखा जल्काउने बाघले जस्तै गरेच र त्यो देखेर बाखाहरू हररररर................. गर्दै भागेचन । बाखा भागेको देखेर त्यो बाघको बच्चाले मनमनै भनेच–" ए मेरो जात त अर्कै पो रहेछ मैले आफूलाई चिन्न सकेको रहेनछु म त जङ्गली जनावर पो रहेछु । " भनेर वन तर्फ लागेच ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : तेज बहादुर राना
गर्पा २, धनठाना
सल्यान

## १२. धेरै नबोल्नु

एकादेशमा एकजना मान्छे बस्दा रैचन् । उनका एउटी श्रीमती र दुई भाइ छोरा सहित चार जनाको परिवार रैच गरे । दुई भाइ छोरा मध्ये कान्छो हुने छोरो अलि धेरै बोल्ने खालको रैच गरे घरमा काम धन्दा नचल्ने भयो भनेर जेठो हुनेको ब्या गर्देका हुन्चन् । घर धन्दाको लठारोले बुहारीलाई फुर्सदै हुँदैनथ्यो । एकदिन बुहारीले माइत जाने बिचार गरिच र सासुसँग भनिच– " सासु म माइत नगएको धेरै भयो, म माइत गएर दुई चार दिनका आउँचु ।" त्यसपछि ऊ माइत जान भनी लत्ता कपडा लगाएर माइत गइच । माइत गएर वा आमालाई ढोक गरेर बसिच साझ सबै परिवार भएर दुःख सुखका कुरा गर्दै रात बिताएचन् । यस्तै गर्दा गर्दै दुई चार दिन बितेछ । उता घरमा काम धन्दामा सघाउने बुहारी नहुँदा धेरै धौ भएच र बुहारीको सम्झना आएच । देवर चाइनेले म भाउजुलाई ल्याउन जान्चु आमा भनेच र आमाले हुन्च भनिचन् । हिडने बेलामा आमाले भनिचन्–"हेर कान्छा तँ धेरै बोल्चस्, धेरै नबोल्नु केवल तीन फेरा मात्र बोल्नु ।" छोराले पनि हुन्च भनेच र भाउजुको माइत गएच । छोरीका घरबाट ज्वाइँको भाइ आएको देखेर ससुराले मान सम्मान गरी काम्लोमा बसालेचन र घरको हालखबर सोध्न थालेचन ज्वाइँ साब ! सबैलाई सन्चै छ ? भनेर सोधचन सोध्दा सबैलाई सन्चो छ । भनेच त्यसपछि सम्धिनीलाई सञ्चै छ ? भनेर सोधेचन सन्चै छ भनेच सम्धिलाई कस्तो छ ? भनेर सोधेचन् सञ्चै छ भनेच ? दाइलाई कस्तो छ नि ? भनेर सोध्दा ऊ बोलेनच यसरी नबोलेको देख्दा ससुराको मनमा शङ्का परेच । ए ! ज्वाइँको काल भइच । दाइको मरन भएकोले भाइको वाक्य फुटेन र त बोल्न सकेनन् भन्ने मानेर छोरीको नजिक गएर भन्न थालेचन– ए ! छोरी ज्वाइँको त काल भएच, तँ त राँडी भइचस् अब चुरा फुटाल्न र सिन्दुर पखाल्न पर्च भनेर छोरीको चुरा फुटाल्न र सिन्दुर पखाल्न लागेको देखेर देवरलाई खपिन सक्नु भएच र भनीहालेच– "मैले हेरेको हेऱ्यै भाउजु राडी भइन् " ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : ललित वली
गर्पा, गाविस वडा नं.६
खहरे, सल्यान

## १४. अबाटो

एकादेशमा एउटा ब्राह्मण रहेछन् । तिनका पत्नी र छोरो पनि रहेछन् । त्यो छोराको उमेर पनि जवान अवस्था भएछ । बाबुको विचारले छोराको विवाह गरिदिने भनेर हेराउन ज्योतिष कहाँ गएछन् । ज्योतिषीले कुण्डली हेर्दा शुद्रवर्णको छोरा देखाए त्यसपछि बाबुको मनसाय ओइलायो । त्यहाँ बाट घर फर्किएर श्रीमतीसँग कुरा भन्न लाग्यो । श्रीमतीले थाहा पाइन र केही बोलिनन । पछि सवाल जवाफ भयो र केही सङ्केत पाइएन र फेरी अलि चर्को शब्द गर्न थाले । बोल्दा बोल्दा मुद्दा चल्यो । मुद्दा सित्ती मित्ती सुल्झने र अन्त्यमा त्यो राजाको हजुरमा पुग्यो र राजाले ज्योतिषी बाजेलाई बोलाएर सोध्न थाले– " ए ज्योतिषी बाजे तिम्ले भनेको सत्य हो त ? भन्दा ज्योतिषीले भने– "सत्य हो " त्यसो भए म अहिले कुन बाटो गरेर भित्र जान सक्छु भन्न सक्छौ ? भन्दा त्यो ज्योतिषले भन्यो– म अहिले मुखले भन्दिन लेखेर विछ्यौनामा राखिदिन्छु भित्र गएपछि हेर्नु होला भनेर एकान्तमा गएर लेखे 'अबाटो' त्यसपछि विछ्यौनामा लगेर राखिदिए । राजाले जतिछन् बाटाहरू ती बाटाबाट नगएर भित्तो फोर्न लगाएर भित्र गएर लेखेको कागत हेर्दा 'अबाटो ' भनी लेखेको रहेछ । त्यसकारण ज्योतिष बाजेको मुद्दा जित भयो । त्यस केटालाई छुद्र गराई छाड्यो ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : धनवीर पुन
गर्पा गाविस वडा नं.८
उन्वाङ सल्यान

## १५. बुढा र बुढीको कथा

एकादेशमा दुई जना बुढा बुढी बस्थे गरे । उनीहरु गरीब भया हुनाले मीठो खान पान्नते गरे । ती बुढा बुढीले सधै अर्काको काम गरी खान्थे गरे । एक दिन ती बुढा बुढीले दुःख गरि कमाको पैसा जम्मा गरी चिल्ला रोटा खाने विचार गरेछन्  र बुढीले तीनवटा रोटा पनि हालिच । अनि रोटा खाने बेला भएच । रोटा खाने बेलामा ती दुई जनामा बाझाबाझ परेच । बुढाले भनेच–'म दुईटा रोटा खान्चु । र बुढीले पनि भनिच "मैले दुइटा  खान पाउनु पर्छ । " मैले रोटी हाल्ने तिम्ले दुईटा खाने म खान्छु । यसरी बाझाबाझ हुँदा झगडा नै नपरेच तर पनि विवाद नमिले पछि भोली विहान जो ढिलो उठ्छ उसले दुईटा रोटा खान पाउछ नत्र भने एउटा मात्र खान पाउछ भन्ने सर्तमा तिनीहरू सुतेछन् ।

भोलिपल्ट ब्यान भयोच, घाम पनि लागेयोच गाउँका सबै मान्छे उठेचन, तर उनीहरू उठेनचन दिउँसो बाह्र बजि सक्दा पनि उनीहरू उठेनचन् । त्यसपछि गाउँका मान्छेहरू के भयो भनी उनीहरूका घर गएचन र उठाउन लाग्दा पनि ती बुढाबुढी उठिनछन् । यस्तो अवस्था देखेपछि गाउँलेहरू तिनलाई मरेको ठानी जलाउन भनी चितामा लगेचन  र चितामा राखी आगो बाल्दा बुढाले भन्योछ– "भो भो म एउटै खान्च ।" बुढाले म एउटै खान्चु भनेको सुने पछि बुढीले भनिछ । 'म दुईटा खान्चु, म दुईटा खान्चु । " त्यसपछि गाउँलेहरूले तिनीहरूलाई चिताबाट बाहिर निकालेछन् र सबै कुरा बुझेछन् र सबै जना जिल्ल परेचन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : पूर्णमाया राना
गर्पा गाविस, वडा नं २
धनठाना, सल्यान

## १६. तिन भाइ छोरोको कथा

एकादेशमा एउटो बुढो रैच गरे । उसका तिन भाइ छोरा रैचन् गरे । बुढाको घरको आर्थिक अवस्था कमजोर भएको कारणले उसले आफ्ना छोराहरूलाई पैसा कमाउन पठाउने विचार गरेच र जेठो हुने छोरालाई बाटो खर्च  रु. २००० दिएर कमाउन पठायोछ । हिरदा हिरदा ऊ एउटा गाउँको एक बुढाको घरमा बास बस्न भनी बास माग्योछ । त्यस बुढाले उसलाई भन्योछ–“बाबु तिमलाई म बास त दिन्छु तर एउटा सर्तमा मात्र दिन्छु । त्यो सर्त के भने म एउटा कथा हाल्छु  । त्यो कथा सुनेपछि तिमले त्यो कथामा सहमति जनायौ भने त्यसलाई प्रमाण सहित भन्नुपर्छ र कथामा हैन भनेर विरोध जनायौ भने तिम्रो बाटो खर्च ल्याको सबै पैसा लुटिनेछ ।” बुढाको कुरा सुने पछि उसले बुढालाई कथा हाल्न पठाएछ । त्यसपछि बुढाले कथा हाल्न सुरु गरेच पोर सालको कुरा हो । हाम्रो गाउँमा खेत लगाउने समयमा पानीको हाहाकार भयो । अक्कास बाट पानी परेन । एकदिन म चौपारीमा बसिरयाथे । त्यसैबेला पिपलको हाँगामा एउटा ढुक्कुरले आफ्नो बच्चालाई दुध खुवाउन लाको देखें । त्यसपछि मैले त्यस ढुक्कुरलाई छोपेर उसको दुध दोएर खेत जलमग्न पारी धान रोपें र धान पनि राम्रो फल्यो र अहिले पाक्न लाको त्यही ढुक्कुरको दुधबाट फलेको धानको भात नै हो । ” कथा सुनिसके पछि उसले यस्तो पनि कथा हुन्छ ? ढुक्कुरको पनि दुध आउँछ ? यो कथा हैन भनेछ । त्यसपछि पहिलेको सर्तअनुसार बुढाले उसको बाटो खर्च पैसा सबै लुट्योछ । अनि जेठो छोरो खाली हात घरमा गयोछ र सबै कुरा आफ्नो बाउलाई भन्योछ । बाउले फेरी माइलो छोरोलाई पनि बाटो खर्च पैसा दिएर कमाउन पठायोछ । माइलो छोरो पनि बास वस्न त्यही बुढाको घरमा गयोछ। र बास माग्योछ । बुढाले पहिले जस्तै उसलाई पनि सर्त राख्योछ । माइलाले पनि यो कथा हुन सकदैन भने पछि उसको पैसा पनि लुट्योछ र घरमा फिर्ता भयोछ । त्यसपछि बाउले कान्छो छोरालाई पठाउने विचार गर्‍योछ अनि कान्छो छोरा पनि जान भनी हिर्‍योछ । हिरदा हिरदा उ पनि आफ्ना दाजुहरू बास बसेको घरमा नै बास माग्न पुग्योछ । फेरि पनि त्यस बुढाले जेठो र माइलालाई राखेको शर्त राख्योछ । तर कान्छोले त्यो मानिनछ र भन्योछ–हेर्नुस बाजे कथा म भन्छु र त्यो कथा सुने पछि तपाईले हो भने पछि कसरी हो प्रमाण दिनु पर्छ र हैन भने पछि तपाई को सम्पत्ति मैले लुटनेछु । ” बुढाले उसको कुरामा सहमति जनाएपछि उसले कथा भन्न सुरु गर्‍योछ–“एक साल हाम्रो गाउँमा भोकमरी पर्‍यो । घरको कुनामा अलिकति भट्ट रैच त्यो भुटेर खान लाग्दा

एउटा भट्टको गेरो उछिटेर गयो । त्यो भट्ट बिस्तारै ठूलो रूख भयो र मेरो घरपनि ढल्यो । त्यस पछि मलाई रिस उठ्यो र त्यस रूखलाई काटेर दारैदारको घर हालेँ । एक दिनको कुरा हो म मेरा चारवटी सञ्चरी सँग गफ गरेर बसिऱ्याथेँ । त्यसै बेला ठूलो हुरीबतास आयो र मेरो एउटो सञ्चरीलाई उराएर लग्यो । त्यसलाई खोज्दा खोज्दा मेरो बेहाल भयाथ्यो । आज बल्ल पाएँ । " त्यसपछि ऊ बुढाकी सञ्चरीलाई थमथमाउन पुग्योछ । कथा सुनीसकेपछि बुढाले यस्तो पनि कथा हुन्छ का मेरो सञ्चरी लाई आफ्नो सञ्चरी भन्छौ ? भन्दै रिसायोछ । त्यसपछि अगिको सर्तअनुसार उसले बुढाको सबै सम्पत्ति लुट्योछ र घरमा गएर मोज सँग बस्योछ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : ओम बहादुर बुढा
गर्पा गाविस वढा नं. ४
गोठीवन, सल्यान

## १७. बाउन र नोकर को कथा

एकादेशमा एउटो बाउन बस्थ्यो गरे । उसको एउटो नोकर पनि थ्यो गरे । बाउन सधै जसो नोकरलाई काम अराएर जाने क्रममा एकदिन उसलाई तिन पाथि कोदो छर्न र भात मासु पकाउन भन्योछ । नोकरले बाउन पूजा लगाउन गाउँतिर हिँडेपछि घरमा भएको डरीको कोदो छऱ्योछ । घरको चथके नाम गरेको कुकुर काटी मासु भात पनि पकायोछ । साझ बाउन पूजा लगाएर घर फर्कियोछ । नोकरले बाउन बाजे आयाको देखेपछि हतार हतार मासु भात खान द्योछ । बाउनले मीठो मानिमानी मासुभात खायोछ  खाना खाए पछि आफ्नो घरको चोथके नामको कुकुरलाई कलो दिनको लागि च्यो ................ चोथके च्यो भन्दै बोलाउँदा नोकरले– "चोथके सोथके पेटमा गए के को चोथके " भन्योछ । यस्तो कुरा सुनी बाउन रिसाउँदै नोकरलाई गाली गर्न थाल्योछ ।

अर्को दिन बाउनलाई माइत जाने इच्छा भयोछ । नोकरलाई रोटी पाउर बोकाई आफु घोडामा चढी माइतिदेशको बाटो लाग्योछ । बाटो लामो थ्यो गरे । बिच बाटोमा एउटा ओडारमा बास बसे । राति सुत्ने बेलामा बाउनले नोकरलाई आफ्नो गोऱ्यानमा सुतायो र घोडालाई छेउमा बाध्न भन्यो । नोकरले त्यसै गऱ्यो । राती बाउन निदाएको बेला नोकरले घोडालाई गोऱ्यानमा राखी आफू रोटी खान मस्त भयो । बाउनलाई नोकरले कुकुरको मासु ख्वाएको कुरा सम्झी नोकरलाई हान्छु भन्दा घोडालाई हान्न पुगेछ ।र भन्योछ– खाइस बाउनले खाइस भनेको सुनी रोटी खादै गरेको नोकरले खादैंछु बाजे भन्योछ । उता बाउनले नोकरलाई गोऱ्यानमा नै छ भन्ने ठानी हान्न खोज्दा घोडालाई हान्न पुग्यो र घोडा भिर बाट खसी मऱ्यो । एक छिन पछि बाउनले नोकरको चाला राम्रो सँग बुझ्यो । र उसलाई पिट्दै आफू माइत साँझ एक्लै आउँछु भन्दै माइतिमा सोधेमा बाजे साझ एक्लै आउनुहुन्छ, बाजेका लागि मासु भात पकाउने गरे भनेस भन्योछ । नोकर सरासर बाउनको माइत तिर लाग्यो माइतिघरमा पुग्नासाथ उसले बाउनबाजे साँझ आइपुग्नु हुन्छ । उहाँको लागि फाँरो र रोटी पकाउने गरे र मेरा लागि मासु भात पकाउने गरे भन्योछ । केही समय पछि खाना तयार भयो छ । उसले मजासँग मासु भात खायो । बाउन आए पछि उसकी सासुले फाँरो र रोटी देइ बाउनले यस्तो खाना खान दिएकोमा वक्क पर्दै खायो । खाना खाए पछि सबै जना सुते । राती बाउनलाई कोदोको रोटीले विगार गऱ्योछ । र छेरउटी लाग्योछ। त्यसपछि उसले नोकरलाई बोलाउँदै दिसा गर्नको लागि बाइर पठाइलग भनेछ तर नोकरले मानेनछ । त्यही

नेर घैंटो रैच त्यही घैंटो मा गर्नुस भन्योछ । बाउनले त्यसै गरेछ । बिहान भएपछि नोकरले त्यो दिसा गरेको घैंटो फाल्न खोज्दा बाउनको सासुले म लिन्छु पानी छोड भन्दै तानातान गर्दा घैंटो फुटेछ । र दिसा छरपट्यान भएछ । कसरी यस्तो भयो भनी सासुले सोध्दा नोकरले बाउन बाजेले राती आफु सुत्ने कोठामा टुङग्याएको केरा खानुभयो त्यई भ्याहुनाले छेर्नु भयो भन्योछ । नोकरको यस्तो कुरा सुनी बाउन रिसले चुर हुँदै पख तलाई नमारी छोरदैन भन्दै उसलाई मारेर गार्नको लागि उसैलाई खाल्टो खन्न पठायोछ । खाल्टो खनी सके पछि नोकरले भन्योछ–"अब यो खाल्टोमा कसरी सुत्ने बाजे मलाई सिकाईदिनुस ।" बाउनले नोकरलाई यस्तरी सुत भनेर सिकाउन लाग्दा उसले माथि बाट छिटो छिटो ढुङगा माटो हाली पुऱ्योछ र बाउन मऱ्योछ । त्यसपछि नोकर खुशी हुँदै घर गएर बाउनको स्वास्नी सँग ब्या गरेर मजासित बस्योछ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : पूर्णबहादुर के.सी
फलावाङ गा.वि.स
पिमखोला, सल्यान

## १८. तिमिला टोकेको कथा

एकादेशमा एउटा गरिब किसान परिवार बस्दा रैचन गरे । उनीहरूलाई साझ बिहान खानपिनको निकै समस्या थियो । त्यई भएर उनीहरूले वनका कन्दमुलहरू खोजेर खाने गर्दा रैचन गरे । त्यई गाउँमा मान्छेको सिकार गर्ने दुष्टिनी पापिनी राक्षस्नीका आमा छोरी पनि बस्दा रैचन गरे । त्यो गरिब किसानको छोरो वनमा गएर तिमिलाको फल खोजेर खाने गर्दो रैच त्यसैले उसलाई गाउँमा तिमिलाटोके भन्दा रैचन ।

एकदिनको कुरा हो त्यो केटो फलफुल खोज्दै वन गएछ र तिमिलाको रूख भेट्टाएर त्यस रूखमा चढेर फल टिप्दै खाँदै गरेको रैच । त्यसबेला त्यो राक्षस्नी टुप्लुक्क त्यही ठाउँमा आएर त्यस केटालाई आफ्नो आहार बनाउने मतलबले हेरिरहेकी रैच । धेरै बेरपछि सोचेर भनिछ– “बाबु सुकेका हाँगा समा र काँचा हाँगा टेक ।” त्यसपछि त्यो केटाले पनि त्यसै गरेछ । संयोगले रूखका हाँगा भाचिएर भइमा खसेछ र राक्षस्नीले त्यो केटालाई छोपेर थैलामा हालेर घर जान भन्दै हिडेकी रैच । जाँदा जाँदै बाटोमा भारी बिसाइछ र पिसाब गर्न गइछ । त्यइ बेला त्यो केटाले पनि आफु थैलाबाट बाहिर निस्केर त्यसमा झिमौरीको गोलो हालेर बन्द गर्‍योछ । राक्षस्नीले पिसाब गरेर आएर थैलो बोकेर घरमा गइछ र छोरीलाई आज मान्छेको आहार त्याएकी छु लौ पकाउ भनेर भनिछ । छोरीले पनि आज मान्छेको सिकार खान पाइने भयो भन्दै आगो बालिछ र एउटा ठूलो कराही बासालिछ, जब कराहिमा पानी तात्न थालेछ तब त्यो राक्षस्नीकी छोरीले थैलाको मुख खोलेर खन्याइछ त्यसबाट झिमौरीको गोलो खसेछ र सारा झिमौरी घरभरी फैलिएर टोक्न थालेछन् र भागाभाग गर्दै ज्यान बचाएछन् । अर्कोपल्ट पनि फेरी त्यो राक्षस्नी शिकार गर्न भनेर घरबाट निस्किइछ र तिमिलाको रूखमा त्यई बालकलाई फेला पारिछ । बालकलाई छोपेर थैलामा हालिछ र घर जान भन्दै हिडिछ । बाटोमा उसलाई अचम्म धौ भएछ र बिसाएर केही पर गएर शितल बसिछ । त्यसैबेला बालक थैलाबाट बाहिर निस्केछ र त्यस थैलामा अरिङ्गालको गोलो हालेर बन्द गरिदिएछ । राक्षस्नी ले त्यो थैलो बोकेर घर गइछ । र छोरीलाई पकाउन भनिछ । छोरीले पनि आगो बालिछ र बडेमानको कराहीमा पानी हालेर बसालिछ र थैलाको मुख खोलेर कराहीमा खन्याइछ अनि त्यसबाट अरिङगाल निस्केछ र घरभरी फैलिएर टोक्न थालेछ र तिनीहरू भागेर ज्यान बचाएछन् । दुई दुई पटक असफल भएपछि अब त जे जसरी भएपनि शिकार गरेरै ल्याउँछु भन्दै राक्षस्नी शिकार खेल्न निस्किछ । संयोगले तेस्रोपटक पनि

त्यो बालकलाई त्यही तिमिलाको रूखमा फेला पारिछ र थैलामा हालि नबिसाइकन घर पुऱ्याइछ र छोरीलाई पकाउन भन्दै आफु बाहिर गइछ । छोरीले पनि थैलो खोलिछ र त्यस थैलोबाट एउटा केटो निस्किएछ । छोरीले पनि डराई डराई त्यो केटोलाई समात्न खोजिछ तर उल्टै त्यो केटाले त्यसैलाई छोपेर काटकुट पारेर पकाएछ र उसका सबै कपडा लगाएर बसेछ । एउटा खुट्टा भने छुट्टै लुकाएर राखेछ । केही बेर पछि राक्षस्नी आइछ र उसलाई खान दिइछ, खाइसकेपछि अगि रोखेको राक्षस्नीको छोरीको खुट्टा अगाडी फालिदिएछ र भनेछ– "खाइस त खाइस आफ्नै छोरीको मासु खाइस ।" त्यसपछि राक्षस्नी झस्किइछ र उसलाई लखट्न थालिछ । बालक पनि आँसि समातेर भाग्दै भाग्दै नदीको किनारमा पुगेछ र त्यहाँ रहेको पिपलको रूखमा चरेछ र राक्षस्नी पनि चार्दै चार्दै पछि पछि गइछ र बालकलाई समात्न खोजिछ । बालक रूखमा चढेको देखेर राक्षस्नी पनि पिपलको लहरा समातेर रूखमा चढन थालिछ त्यइ बेला केटाले आँसीले पिपलको लहरा काटिदिइछ र राक्षस्नी नदीमा खसेर मरिछ । त्यसपछि त्यो बालक रूखबाट  ओर्लेछ र राक्षस्नीको सम्पूर्ण सम्पत्ति लगेर घर गएछ अनि आनन्दसँग बसेछ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : पूर्ण बहादूर के.सी<br>
फलावाङ गा.वि.स<br>
पिमखोला सल्यान

## १९. भ्यागुताको कथा

एकादेशमा एउटा गाउँ रैच त्यई गाउँमा दुईटा भ्यागुता बस्दा रैचन । तिनीहरू सँगै बस्ने सँगै खाने सँगै खेल्ने गर्दा रैचन । तिनीहरूले एक आपसमा असाध्यै माया प्रेम गर्दा रहेचन् । एकदिन तिनीहरूले घुम्न जाने निधो गरेचन् र घुम्दै जाँदा तिनिहरू पल्लो गाउँको एउटो घरमा पुगेच त्यस घरका मालिक ले पनि भैंसी दुहेर कराइमा खन्याएर बाइर निस्केचन् । भ्यागुताहरू पनि खेल्दै गर्दा त्यई कराइमा परेचन् । कराइमा परेपछि ती भ्यागुताहरू पौडेर बाहिर आउनलाई धेरै कोशिस गरेछन् । धेरै पौडेचन् तर पनि उपाय चलेनच । निरन्तर रूपमा धेरै समयसम्म लागिरहँदा पनि पौडेर बाहिर आउन नसकेपछि एउटा भ्यागुतोले हरेस खाएच । हिम्मत हारेच र उसका हात खुट्टा गल्दै  गएचन् । जिउ कमजोर हुँदै गएछ । मस्तिष्कले काम गर्न छाडेच । र पौडने नसक्ने भएर त्यही दुधको कराहीमा डुबेर मरेच । उत्ता उसको साथी अर्को भ्यागुतो हिम्मत बटुलेर असम्भव भन्ने कुरा छैन भन्दै साहसका साथ निरन्तर रूपमा पौडिरहेच । पौडदा पौडदा त्यो दुधको कराइमा हल्लिदा हल्लिदा दुधमाथी नैनीको डल्लो बन्न पुगेच । त्यो चलाख भ्यागुतो बडो साहसका साथ त्यही नौनीको डल्लो माथी चरेच र आफ्नो भएभरको बल लगाएर फुत्त बाहिर फुङ्गालेच । बाहिर फुङ्गाले पछि ठुलो सास फेर्दै यताउता हेर्दै बल्ल बल्लका बाच्न पाइयो भन्दै खुशी हुँदै आफ्नो गाउँ तर्फ लागेच ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : जितबहादुर सेन<br>
धनवाङ गा.वि.स.<br>
वडा नं. ९ गाडा पानी<br>
सल्यान

## २०. जवरवान बुढाको कथा

एकादेशमा एउटा अन्धलोचन भन्ने गाउँमा जवरवान नाम गरेका बुढा बुढी थिए । तिनका घरमा अरुत कोई थिएन एउटा छोरो थियो । एक दिन त्यो छोराले भन्यो– म त छोरो हुँ तिमी को हौ ? बुढाले भने म त जवरवान हु मलाई चिनेको छैनस तँ त मेरा छोरो होस् अब फेरी छोरोले भन्यो– किन यो घरमा कोइ पनि छैन त ? बुढाले भने घर मात्र भएर के गर्ने यो घर कै सम्पत्ति रित्तै छ । छोरोले फेरी भन्यो– ल्याए पो हुन्छ न ल्याए कहाँ बाट के हुने हो तो ? तेसो भए लेनत तैले भनेर बुढोले भने छोरो चाइ अब म त लिन जान्चु भनेर हिड्यो । धेरै टाढा गएर कसैको काम गरेर एउटा चल्लो ल्यायो र घर आएर मैले त चल्लो ल्याए बा भन्यो । बुढाले– पाजी यौटा कुखुराको चल्लो ल्याएर पनि ल्याए भन्ने भने त्यसपछि छोरो चाइ अब फेरी जान्छु भनेर गयो । अनि बाखो ल्याएर आयो अनि मैले त बाखो ल्याए बा भन्या । बुढाले पाजी बाखो ल्याएर पनि ल्याए भन्ने भनि भने । अहो ! अब त फेरी जान्छु भनी गयो र धेरै धन लिएर आयो र जग्गा किन्यो ।जग्गा किने पछि अब त जग्गा किने नी बा भन्यो । त्यति जाबो जग्गा  किनेर पनि खुबै गरे भने होलास् पो भने बुढाले त्यस पछि छोरोले अब फेरी जान्छु भनि गए र पैसा कमाएर भैंसी किनेर ल्यायो र बा मैले त भैंसी ल्याए भन्यो ।

त्यसपछि पनि बुढाले जाबो एउटा भैंसीको पाडो ल्याएर पनि ल्याए भन्ने भने त्यस पछि छोरो जिल्लापरी फेरी गयो धेरै दिन पछि धन कमायो र भाँडा, कपडाहरू लिएर आयो त्यस पछि भाँडा कपडाहरू ल्याए भन्यो फेरी पनि बुढाले त्यति जाबो ल्याएर पनि ल्याए भन्ने खुब गरे भन्या होलास पो भने । हो फेरी जान्छु भनेर फेरी पनि गयो र कमाएर धेरै धन र सामानहरू ल्याएर आयो ऐले त धेरै सामान ल्याए नि बा भन्यो त्यसपछि बुढाले त फेरी पनि यति पाजि पनि धेरै भन्छनस् पो भने त्यसोभने पछि त छोरो चाई रिसाएर लुरुक्क एकातिर गएर घरका कर्सामा लुक्यो । त्यसपछि आमाचाईले भनि–ए बुढा तिमी कस्ता मान्छे छोरोले यतिका कमाई गरो र पनि तिमीले जैले पनि एति पाजी भन्नी अब छोरो रिसायो कता गयो कता भनी त्यति भने पछि बुढाले भने–"हेर बुढी छोरोले कमाउन त धेरै कमायो नकमाको होइन तर सुन अब किन भने पैले स्यानो कमाई ल्याएको थियो तेसै बेला साबास खुपै गरिस भनेको भए देखि अरु कमाउन छोड्तो फुरुक्क परेर बस्तो, अब फेरी गएर धेरै धन ल्यायो भने पो त्यसको ब्या गरी दिउँला तब पो होला भर " त्यसपछि भने बुढीले बल्ल हाँसेर– ए

छोरोको ब्या गर्ने मन पो होच केर बुढाको ता भनिन त्यो सबै कुरा घरको करसामा लुकेर बसेको छोराले सुनेको थियो र पछि रिसाएको रिस पनि बिर्सेर खुसी भयो र फेरी गयो अनि धेरै धन कमाएर आयो र ब्या गऱ्यो अनि खुसीका साथ बसे ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : भक्त बहादुर डाँगी

फलावाङ गा.वि.स.

पिमखोला, सल्यान

## २१. कुबुद्धिको फल

एकादेशमा एउटा गरिब किसान बस्थ्यो गरे उसका श्रीमती र दुई छोरा गरी चार जनाको परिवार रैच गरे । छोराहरू विविध समस्याले गर्दा घरमा ज्ञान प्राप्त गर्ने वातावरण नपाएपछि ज्ञानको खोजीका निमित्त घर छोडी धेरै टाढा गएछन.र त्यहाँ एक जना ऋषि सँग लामो समय सम्म बसि ज्ञान लिएछन । यसरी ज्ञान लिने क्रममा दाइ हुने ले मेहनत गरी धेरै ज्ञान लिएछ भने भाइ हुनेले मेहनत गर्न अल्छी गर्नाले दाइ भन्दा धेरै कमजोर भएछ । यसरी उनीहरूले ऋषिबाट ज्ञान लिइसकेपछि घर फर्कने तयारी गरेछन् र घर जान भनी हिनेछन् । बाटो लामो हुनाले बीचबाटामा बास बस्नु पर्ने भएछ । बास बसेको ठाउँ जङ्गल भएको कारण राती सुत्ने बेलामा ती दुई दाजुभाइ पालो गर्दै एकले एर्कालाई सुरक्षा दिने रैचन । भाइ चाइ दाइको सुरक्षार्थ खटिएको बेला मनमनै सोच्योछ– “दाइ सँग सँगै ज्ञान लिन भनि गएको तर दाइको ठाउँमा आफू एकदम कमजोर भ्याहुनाले अब दाइलाई मार्नुपर्छ ।” त्यसपछि उसले दाइको हात खुट्टा बाँधी तरवारले रेट्ने तयारीमा हुँदा दाइले थापायोछ र आफुलाई नमार्न बिन्ति गरेछ तर भाइहुनेले नमारी नछोर्ने कुरा गरेपछि दाइ हुनेले मलाई नमारी नछार्ने भए एउटा कुरा सुन भन्दै भन्योछ– एउटा पात ल्याएर मलाई देल, म त्यसमा केही लेख्छु । त्यसपछि मलाई मार्ने भए पनि मार्लास र त्यो पत्र घरमा लगेर दिएस् ।” भाइले पनि त्यसै गरी पात ल्याएर दाइलाई देछ र दाइले आफ्नो हातको औंलो अलिकति काटी त्यही औंलाले पातमा यस्तो लेखेछ– “घनघोर जङ्गले तिरे हस्तपाद करी बन्धन खड्गले प्राण घातकम् । ” यति भएपछि भाइहुनेले दाइलाई मारेर पत्र लगेर घर गएछ । घरमा सबैले दाइ किन आएन भनेर सोध्दा दाइले गुरुसित ज्ञान लिइरहेको जानकारी गराउँदै दाइले लेखेको पत्र देछ । त्यस पत्रको अर्थ कसैले पत्ता लगाउन सकेनछन् । गाँउमा हल्लीखल्ली मच्चिएछ र अन्तिममा पत्र राजाको हातमा पुगेछ । राजाले पत्रको अर्थ लगाउन आफ्ना पण्डितहरुलाई जम्मा गरेछन् र आज्ञा गरेछन्- “हेर पण्डितहरु हो सात दिन भित्र यस पत्रको अर्थ आउन पर्छ, सात दिन भित्रमा यस पत्रको अर्थ आइपुगेन भे तिमीहरूलाई मृत्युदण्ड दिनेछु” पण्डितहरू पनि हुन्छ सरकार भन्दै त्यस पत्रको अर्थ खोज्न तर्फ लागिपरेचन् तर छ दिनसम्म पनि अर्थ पत्ता लगाउन नसके पछि सबै पण्डितहरू चिन्तित भएछन् । अर्को दिन पण्डितहरू मध्येका एक जना पण्डित नुहाउन भनेर गाउँ छेउको खोलामा गएछन् । त्यही खोलाका नजिकै भ्याङमा स्यालका लोग्ने स्वास्नीले कुरा गरिरहेका रैचन कुरा गर्दा गर्दै लोग्ने स्यालले भनेछ–“हेर

बड्डी भोलि सबै पण्डितहरू मर्दै छन् पेटभरी मासु खान पाइने भो । " स्यालकी स्वास्नीले किन मर्दैछन् ? भन्दै एकदमै उत्सुक भएर कारण सोधिछ । लोग्ने स्याल ले यस्तोकुरा भन्नुहुन्न था छैन । भित्ताको पनि कान हुन्छ । भनेछ तर जति भन्दापनि स्वास्नीले नमाने पछि उसले त्यस भाइहुनेले ल्याको पत्रको अर्थ लगाउँदै भनेछ–"घनघोर जङ्गलको छेउमा हातखुट्टा बाँधेर खड्गले दाइको प्राण हरण गरेको हो ।" त्यस पत्रको यही अर्थ पत्ता लगाउन नसक्दा पण्डितहरू मर्दैछन् । स्यालका लोग्ने स्वास्नीका यी कुराहरू नुहाउन गएको पण्डितले सुन्यारैच । ऊ खुसीहुँदै घरमा आएछ । सातौ दिनको दिन राजा कहाँ पण्डितहरू जम्मा भएछन् । राजाले पण्डितहरू बाट पत्रको अर्थ नआउने सङ्केत पाए पछि पण्डितहरूलाई मर्नलाई तयार हुन भनेछन् । त्यसै बखत स्यालका लोग्ने स्वास्नीका कुरा सुन्ने पण्डित ले सरकार यस पत्रको अर्थ म भन्छु भन्दै पत्रको सम्पुर्ण अर्थ भनेछ । त्यसपछि राजाले त्यस पण्डित लाई पुरस्कार दिएछन् । दाइको हत्या गर्ने भाइलाई जेल हालेछन् । अनि सबै पण्डितहरू ज्यान जोगिएकोमा खुसी हुँदै घर फर्केछन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : प्रेम आचार्य
धनवाङ गा.वि.स.
वडा नं.३, कपुरकोट
सल्यान

## २२. भालुको कथा

एकादेशमा दुई बैनी थे गरे । बैनी चाइको धनी घरमा विवाह भोच । दिदी चाइको गरिप घरमा बिवाह भोच । गरिपको घरमा खाने लगाउने केही पनि नभएको साझ बिहान खोजेर वा कामकाज गरेर कतैबाट ल्याएपछि खाने नत्र भोकै बस्ने अवस्था थ्यो गरे । गरिपको घरमा विवाह भएकी दिदी चाइका चारभाइना छोरा छोरी थ्ये गरे । एकदिन त्यो दिदी चाइ बैनीका घरमा गैच र भनिच- “बैनी मेरा घरमा केही पनि खाने कुरा छैन, चार भाइना छोराछोरी छन् । मलाई साह्रै दुःख परेको छ ।” त्यसपछि बैनीले भनिछ- “दिदी त्यसो भए मेरा जौरा मारदेउ, साझा खाने दिम्ला ।” त्यहाँदेखि दिदीले बैनीका जौरा मारदिन लागीछ र बैनीले दिदीलाई लिखा भरी टाउकैमा मार अनि ढारीभरी मलाई ल्याउ भनिच । दिदीले पनि त्यसैगरी ढारीभरी बैनीलाई दिच । त्यो बैनीले त तिनी ढारीलाई नमारिकन नङमा कोचिछ । त्यहाँ देखि साँझ पर्न आट्यो । दिदीले बैनी तेरा जौरा भरी मैले मारी सकिदिएँ । अब केही देर घर जान्छु । छोराछोरी भोकाए होलान् भनिच । बैनीले त दुई हातले टाउको कन्याइचे र त हातै भरी ढारी देखिए । त्यहाँबाट बैनीले खै तो जौरा मारेको भनी देखाइ र म केही दिन्न भनिचे । त्यहाँदेखि दिदी चाइ जुरुक्क उठेर रुँदै रुँदै घर हिडिच । बाटामा एउटा भालु भेटिएच भालु देखेर त्यो डराइचे तर भालुले भनेच- “नडराऊ बरु मलाई बोक ।” यस्तो रात परेको बेला मैले तिमलाई कसरी बोकु ? घर छोराछोरी भोकाएका होलान् भनिच र आज भालुले खाने भयो भनी डराइच । त्यसपछि भालुले नाइ मलाई बोक्नै पर्च भनिन भन्योच । नबोकु भने भालुले खान्छकी भनी डरले बोकिच । बोक्न त बोकिच तर कताई हो जाने भन्ने थाहै भएनच । भालुले आफै बाटो सिकाइदियोछ र ठूलो भञ्ज्याङमा लग्यो र बसाल भन्यो । अनि फेरी म नआउन्जी कतै नगएस् भन्यो । अब जाओस् भने खानेपो हो की नजाओस् भने पनि खाने पो हो की भनी डराई डराई बसिरही । त्यसपछि भालु भित्रबाट आयो र त एक थैला सुनका असर्फी ल्याइदिएछ र लैजा तेरो दुःख पार हुन्छ भनेछ । त्यहाँदेखि रमाउँदै घर आई र ठूली छोरीलाई भनी- जा तेरी सानी आमाका घरबाट पाथी ले भनी छोरी गई र सानीमा पाथी लेउनुस् भनी । सानीमा हिजो केही छैन भनेको आज पाथी माग्न पठाउनी भनी छक्क परीच । त्यसपछि पाथीका पिधमा गाईको गोबर टासेर दिइच । पाथी घर लगेपछि दिदी चाइले सुनका असर्फी भरिच र पाथी फेरी फिर्ता पठाइदिइच । त्यसपछि बैनी चाइले पाथी हेर्दा त त्यसका पिँधमा सुनका असर्फी टाँसिएका रैछन् । त्यो देखेपछि बैनीलाई औरा भएच कहाँबाट कसरी

सुनका असर्फी ल्याई दिदीले भनेर दगुर्दै दिदीका घरमा गइच र दिदीलाई कहाँबाट ल्यायौं सुनका असर्फी भनी सोध्न लागिच । दिदीले कहाँबाट ल्याए हुला र छैन म जस्ती गरिबसँग के सुनको असर्फी होला र भनिच तर बैनीले मान्दै नमानेपछि भन्ने पऱ्योच तेरा जौरा मारेपछि केही पनि दिइनस् र रुदैरुदै घर जान लाइथे बाटामा एउटा भालु भेटियो र मलाई बोक भन्यो र त्यसलाई बोके त्यसले आफै बाटो सिकाइदियो र ठूला भञ्ज्याङमा लग्यो र बसाल भन्यो र म नआउन्जी कही नगएस् भन्यो अनि भित्रबाट एक थैला सुनका असर्फी ल्याई दियो र म आए । तँ बैनी भएर पनि दिनभरी जौरा मार्न लगाइस् र पनि केही दिनस् त्यो भालु भएर पनि मेरो दुःख देख्यो भनीच । अब बैनीलाई कसबेला रात पर्ला र भालुलाई बोक्न जाउँला अनि सुनका असर्फी पाउला भन्ने भयोच । साझ परेपछि बैनी चाइ हिनीगीच बाटामा नभन्दै भालु भेटिएच । भालुको छेउती गई र भालु चालै गरेनच । त्यही पनि त्यसले "भालु म तलाई बोक्छु है" भनिच भालुले बोकको नबोक भनेच त्यही पनि बोकी च अनि बाटो कताई हो भनी सोधीच कताई हो कताई भन्योच त्यई पनि जता भञ्ज्याङ छ । त्यतैतिर गैगीच भालु म तलाई बसाल्चु है भनिच त्यसपछि भालुले बसाल्की नबसाल भन्योच । त्यही पनि बसाल्लेलिच अनि भित्र जाउके भालु भनिच । तर भालु जानै गएनच तिति बसिऱ्योच धेरै रात बितेपछि बल्लतल्ल भित्र गयो । एक थैला हार हड्डी ल्याएर खत्याइदियो । त्यो देखेर धनी बैनी डराई, अनि चोटपटक लाग्यो, मस्तै रात बितिसकेको थियो । डराउँदै डराउँदै घर आइच । त्यस दिनदेखि त्यसलाई सन्चो पनि भएन केही भनेको जस्तो पनि भएन भएभरको सम्पत्ति पनि सकिन लाग्यो त्यो दिन दिन गरिए हुँदै गईच दिदी चाइ धनी हुँदै गइच ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठमा जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : भुमाकुमारी देवकोटा
रिम गा.वि.स. वडा नं. १
सिरवाङ, सल्यान ।

# २३. सुन्दरी केटीको कथा

एकादेशमा एउटी बडा सुन्दरी केटी थी गरे । त्यो केटी थी गरे । त्यो केटी वडा राम्री, सबैले त्यसलाई मन पराउँथे गरे । एक दिनको कुरा हो । ऊ गाउँतिर निस्किएको बेला एकजना मान्छेले त्यो केटीलाई नानी म साँझ कक्कर खान आउँचु, है भन्यो र त्यो मान्छेलाई आउनुहोला भनिच । फेरी त्यो मान्छे गएपछि अर्को केटो आयोच । त्यसले पनि म साँझ कक्कर खान आउँचु भन्यो त्यस्तै गरिकन साँझ आउँचु भन्ने मान्छे सातजना पुगेछन् । सबैलाई आउनुहोला भनिच र घर गइच अनि घर गएर एक ताउला कमेरो भिजाई आँगनमा राखिचे । साँझ परेपछि पैला आउँचु भन्या केटो आयो गरे त्यो केटीले ढोगा अच्याइकिन बसिच । आइ पुगेपछि ढोगा खोल्नुहोस् न नानी भन्योच । तर त्यो केटीले भाइर ताउलामा पानी छ तेले नहुहाउनजी भित्र आउन पाइन्न भनिच । त्यो केटाले पुष माघको जारामा पनि केटी हुनी जानापथ त्यै ताउलाको पानीले न्वायोच । तर पनि उसले ढोगा खोलिनच ऊ जाराले कठ्याङ्यो र घरको कुनामा बस्यो । त्यस्तैगरीकन पछारी आउनेलाई पनि न्वाउन भनी नन्वाउजी भित्र आउन पाइन्न भनि  छैठौं पटारले त न्वाए तर पनि ढोगा खोलिन अनि अन्तिममा आउने पनि ढोगा खोल्न पठायो तर तेलाई पनि नन्वाउजी ढोगा नखोल्ने भनेपछि तैले अब यस्ता जारामा कस्ले न्वाउँच यस्ता केटी सस्ता भनि रिसायो । न्वाउँदै न्वाएनच ननुवाएपछि ढोगा खोलिनच । यस्तरी आउनुहोला भनेर पनि ढाट्ने भनेर रिस उठ्योछ र तिनी पैला न्वाएका छ जना लक्सर लाएर बसेका रैचन् तिनलाई कमेरो हालेर भिजाएको पानीले नुवाएर सेतै भएका कारण डरा सोचेर तेरा डरा फुटाल्दिन्छु भनेर सबैलाई भतक्कै मार्‍यो छ । तेस्ता जारामा न्वाएका कारण जाराले बोल्नै नसक्ने भएका कारण डरा फुटाल्दिन्छु भनेर हान्दा मरेछन् र त्यो केटो गयोछ । त्यहाँदेखि त्यो केटीले ढोगा खोलीच र देखिच । अब के गरु के गरु भनेर त्यसलाई त हुक्की मर्नु भैगोच । त्यहाँदेखि आफ्ना घरभित्र लगि र एकै ठाउँमा चाचीच ब्यान पख उज्यालो भयो र त्यसैबेला एउटा जोगी आयोच अनि तेइ जोगीसित रुने कराउने गरी मेरा श्रीमान् मरी जानुभो फाल्ने मान्छे कोही हैन भनी रोइ कराई गरिच अनि त्यो जोगीलई दया लाग्योच र आफ्नो झोली तुम्बा एक ठाउँमा राखेर म फालिदिन्छु तो लेऊ भनी लगेर फाल्दयोछ । अनि झोली तुम्बा लैजान त्यो केटीका घर गएच तर फेरी लास त त्यही रैच भनी अरु पनि लगेच पाँचववटासम्मलाई लगेच त्यसपछि

छैठौलाई त जति फाले पनि आइरहने रैच भनेर धेरै ढाढा लगेर फाल्यो छ । यसलाई पनि फालेर गएपछि फेरी आइहाल्छकी भनेर आफ्नो झोली तुम्बा नल्याइकन उतैबाट गयोछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला यो कथा बैकुण्ठमा जाला, भन्नेबेला खुरूखुरु मुखमा आउला ।

स्रोत : राजेन्द्र हमाल<br>
रिम गा.वि.स. वार्ड नं. १<br>
सिरवाङ, सल्यान ।

## २४. राजकुमारीको कथा

एकादेशमा एउटी राजकुमारी थिइन गरे । कस्ति भने तिनी अति सुन्दरी तिनलाई देख्ने बित्तिकै सबै मोहित हुन्थे गरे । तिनको बाचा के थियो भने जसले मलाई प्रश्नमा जित्च त्यसैसित ब्या गर्छु नत्र नजितेपछि अथवा हारेपछि वा राजकुमारीले जानेपछि नोकर बनाउँने छु । त्यसपछि त्यस्तो कुरा सुनेपछि जताततैका राजकुमारहरू, ठूलाठूला विद्वानहरू आए तर कसैले पनि उनलाई जित्न सकेका थिएनन् गरे । उनले भने सबैका प्रश्नको जवाफ जानेर नोकर बनाएर राखेकी थिइन् गरे । कुनै देशमा एकजना गरिब बाउन रहेछन् तिनका बाऊ बितिसकेका रहेछन् । आमा र छोरा मात्र रहेछन् गरे । एकदिनको कुरा हो ती गरिब बाउनले राजकुमारीको हल्ला सुनेछन् र आफ्नी आमासँग आमा आमा म जान्छु राजकुमारीसँग प्रश्न गरेर जित्छु र ब्या गर्छु भनेछन् । अनि आमाले रुदै रुदै बाबु भो नजा कस्ता कस्ता राजकुमारहरू र विद्वानहरूलाई त जितेर नोकर बनाइन भने तलाई झन् के मान्निन् भनिछन् गरे अनि धेरै ढिपी पनि गरिछन् गरे तैपनि छोराले नमानी नमानी गएछन् । त्यसपछि राजकुमारीको दरबारमा पुग्छन् । त्यहाँ धेरै अरु मान्छेहरू पनि थिए । त्यो झुतुरे बाउनलाई देखेर सबै छक्क परि हास्न थाले । त्यसपछि त्यसको पालो आयो र राजकुमारीको अगाडि बसेच । राजकुमारी पेट मिचि हास्न थालिचन् । यस्तो झुतुरे बाउनले के मलाई लग्ला त भनिचन् केइ पनि पत्याइनचन । त्यसपछि सबैले दे अब प्रश्न सोध्न पऱ्यो भनेचन् । त्यादेखि बाउनले भन्योच "आँखी से पंखी उडिगया, सुली चरिगया जल, हो कात दोका तीन नहोकात एका एक यो के होला अथवा यसको अर्थ के होला ? राजकुमारी अल्मलाउन थालिचन् । त्यहाँ भएका अरु पनि छक्क परेचन्, कसैले पनि त्यसको उत्तर जानेनचन् । त्यदेखि राजकुमारी आत्तीन थालिन् । अन्तमा समय बित्न लागेच राजकुमारीले बाँया हारिचन् र हाँस्नुको सट्टा रुन थालिचन् । त्यसपछि राजकुमारीले म तिमीसँग विवाह गर्छु त्यसको उत्तर भन भनिचन् र त्यो बाउनले उत्तर भनेच त्यसको उत्तर यस्तो थियो (त्यो राजकुमारी हुनी आउनी बेला) म आउनी बेला बाटोमा एउटा मरेको गाईको टाउकाको हड्डी रैच, त्यसको आँखा भित्र चराले खोर लगाएको रैच त्या बाट चरो भूर्र उऱ्यो र मैले देखे त्या देखि मैले फेरि अली वर आउँदा खेतमा धानका बालाका टुप्पामा पानी टल्केको देखे फेरी अलि वर आए अनि सोचे आँखीले पंखी उडिगया सुली चरिगया ढोका जल हो कात ढोका तीन नहोका त एका एक भन्ने प्रश्न बनाएँ । घरबाट म त्यस्तै निक्लेको थिए । केही पनि सोचेको थिइन । बाटोमा सोचेर यो प्रश्न

बनाएँ र यसको अर्थ त्यो मरेको गाईको आँखाबाट चरो उडेकोलाई आखीसे पंखी उडीगया भनेको हो शुली चरीगया जल भनेको धानको बालाको टुप्पामा पानी टल्किएको हो, होका तो दोका तीन नहोकात एकाएक भनेको मैले जिते भने त राजकुमारी ब्या गरेर लगेर आमासित तीनजना हुने भयौं । नत्र त म पनि हि नोकर बस्ने थिए । आमा एक्लै हुनुहुन्थ्यो, त्यसैले पो प्रश्न गरेको हुँ । त्या देखि सबै जना छक्क परे अनि राजकुमारीका आमा बाबुले धेरै धन दाइजो र एक ठाउँको राज्य सहित दिएँ र त्यो बाउनसित ब्या गरी घर पठाए । अरु त्यहाँ थुनिएका राजकुमारहरू पनि सबैलाई राजकुमारीले विदा दिइन् । राजकुमारहरू लाजले मर्दै आफ्ना आफ्ना घर गए, बाउनकी आमा धेरै खुसी भइन्, बाउन पनि राजा भयो र सबैजना सुखसित बसे ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : यमराज उपाध्याय

रिम १, सल्यान ।

## २५. टुरटुरको कथा

एकादेशको कुनै एउटा गाउँमा एउटा परिवार बस्थे गरे । तिनीहरूको एउटो मात्रै छोरो रैच । त्यो केटो मस्त मातेको रैच । तेलाई तलाउन बाऊ आमाले ब्या गर्दिने भनेचन् । ब्या त गर्चु तर दिनदिनै एकलात हान्न पाउनुपर्च भनेर बाऊ आमासँग शर्त राख्छ । त्यसपछि वरपर जतासुकै हल्लाहुन्च कसैले त्यो केटासँग ब्या गर्न मान्दैनन् । केटी खोज्दाखोज्दा बाउ, आमाहरू हैरान हुन्छन् । त्यसपछि एउटा धनीकी छोरीले बा मलाई त्यस केटासँग ब्या गरिदिनुहोस् भन्दा बाबु आमाले भने नानी त्यो केटो बदमास छ, दिनदिनै पिट्छ अनि गरीब पनि छ, किन त्यसो भनिस भन्दा छोरीले- त्यसको परिणाम पछि थाहा पाउनुहोला भन्छे ।" किनभने त्यो केटी पढे लेखेकी विद्वान थिई । छोरीले त्यति भने पछि त्यो केटीको विवाह त्यही केटासित गरिदिएचन् । विवाह गरेर घरमा लगेर उसैदिन पिट्न आउँछ । त्यसपछि त्यो केटीले आज यतिका पाउन छन् । आज विवाहका दिन नपिट्नुहोस् बरु अर्को दिन पिट्नुहोला तपाईलाई लाज हुन्छ भन्दा उसले पिट्न सक्दैन । अर्को दिन फेरी पिट्न भन्दै जान्छ फेरी त्यो केटीले यत्रा पाउनापाछा छन् तपाईलाई लाज हुन्छ किन पिट्नुहुन्छ भन्दा पिट्न सक्दैन, तेस्रो दिन पनि पिट्न भन्दै जान्छ तर मान्छे भएको बेला किन पिट्नु हुन्छ, तपाईलाई लाज हुन्छ भन्दा पिट्न सक्दैन । त्यसै गरेर चौथो दिन पनि पिट्न सक्दैन । पाँचौ दिन पिट्न भन्दै जान्छ र त्यो केटीले "मलाई छो मात्रै सासूले नदेइ खान पाउँदैनस् । ससुराले नदेइ लगाउन पाउँदैनस् । तेरो आर्जन के छ र ? मलाई छो मात्र था पाउलास् भन्छे ।" त्यति भनेपछि त्यो केटो कमाउन जान्छ । जाँदा गौडे राजाको घरको बाटो जान्छ । त्यहाँ पुग्दा राजाले एउटा प्रश्न राख्दछन् र त्यो प्रश्नको उत्तर जाने छोरी दिए र ज्वाइँ बनाउने नजानेमा थुनेर राख्ने भन्ने शर्त राख्छन् । त्यो प्रश्नको उत्तर नजानेको कारण त्यो केटो भन्दा अघि पनि केही मान्छेहरू थुनिएर बसेका हुन्छन् । त्यो केटाले पनि त्यस प्रश्नको उत्तर जान्दैन । अनि जेलमा थुनिएर बसेको हुन्छ । केटीले पनि आफ्नो श्रीमान् कमाउन हिडेपछि तपाईका छोरा घरमा आएपछि लिन पठाउनुहोला भनेर माइत जान्छे । माइत गएर म पनि कमाउन जान्छु भनेर आमा बुबासँग विदा मागेर केटाको भेष गरेर त्यई गौडे राजाको दरबारमा पुग्छे । राजाले पहिलेको जस्तै प्रश्न गर्ने र उत्तर आएमा छोरी दिने उत्तर नआएमा थुनेर राख्ने भन्ने शर्त राख्छ । त्यो भेषधारी केटाले पनि हुन्छ र राजाले प्रश्न राख्छन्- 'अघि एकपटक मैले मास छरेको त सबै पैराले खायो २ वटा बुटा मात्रै बाँकी रहे, त्यस बुटाबाट ४ पाथी फल

भयो, अर्को कुरा समुद्रको पानी डाँडामा बस्ने मान्छेले सबै पिइदियो यो कसरी भयो ? देउ ल उत्तर भन्दा त्यो भेषधारी केटाले उत्तर दियो- मेरो बुबाले २ वटा मासबाट ४ मुरी फलाउनु हुन्थ्यो तर हजुरको राज्यमा कम फल्दो रहेछ । अर्को उत्तरमा हाम्रो राज्यमा समुद्रको पानी डाँडामा आँफै छचल्किन्छ तर यहाँ चाइ मान्छेले पिउँदैमा सकिदो रहेछ भन्ने उत्तर दियो । यस उत्तरले राजा खुसी भए र मन्त्रीको कार्यभार सुम्पिए । त्यसपछि राजाले त्यहाँ थुनिएका जति सबैलाई टाउको मुडेर अलिअलि धन दिदै पठाउँदै गर्न थाले । त्यो केटालाई भरी त्यो भेषधारी मन्त्री बनेको केटाले जान दिएन । त्यो केटालाई दरबारमा 'टुरटुर' भनेर बोलाउन थाल्छन् । उता राजाले आफ्नी छोरीको मन्त्रीसँग विवाह गरिदिने सर्त राखेका हुन्छन् । धेरै दिन दरबारमा काम गरेपछि एकदिन त्यो राजाको मन्त्रीले त्यो टुरटुरलाई पनि धेरै धन दिएर पठाइदिन्छे । आफू पनि घर जान भन्दै विदा माग्न राजा कहाँ जान्छे र भन्छे- म घरको एक्लो छोरा बुबा आमासँग विदा मागेर आउँछु र विवाह गरौला । त्यति भनेपछि राजाले पनि हुन्छ भनेर पठाइदिन्छन् । उ माइतमै जान्छे धेरै धन लिएर आएकी हुन्छे । उता घरमा छोरो कमाएर आएपछि सासुले पनि बुहारीलाई लिन पठाउँथे र बुहारी पनि बुबा आमासँग विदा मगेर घर आउँछे । उता केटो पनि अब त कमाएर आएको छ, धन ल्याएको छ, अति घमण्डी स्वभावको हुन्छ । केटाले स्वास्नीलाई समेत कोठामा जान दिँदैन । त्यसपछि त्यो केटीले साँझ खाना खाने समयमा आफ्नो श्रीमान्लाई बाहिरबाट 'टुरटुर' भनेर बोलाउँछे । उसले अचम्म मान्दै मलाई त त्यहाँ काम गरेको कसैले पनि देखेको थिएन र छैन पनि त्यो को होला भन्छ । साँझ खानासाना खाएर केटो कोठामा जान्छ र केटी पनि जान्छे । कोठामा गई सकेपछि केटीले आफू राजाको ज्वाई भएको, उसलाई राजाले मन्त्रीको कार्यभार सुम्पिएको बताउँछे र त्यो केटो त्यहाँ काम गर्ने नोकर भएको सबै कुरा बताउँछे । त्यसपछि केटाले त्यो कसरी भयो त भनेर सोद्दा केटीले त्यहाँ रहँदा आफूले लगाएको कपडा सबै देखाइदिन्छे र त्यहाँ भएका सम्पूर्ण कुरा बताईदिन्छे । त्यसपछि त्यो केटाले अचम्म मान्यो र यो कुरा कसैलाई पनि नभन्नु म अबदेखि कहिल्यै पनि पिट्दैन र केही पनि गर्दैन भन्दै भन्यो छ । त्यसपछि आनन्दपूर्वक दाम्पत्य जीवन बिताई बसेचन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला, यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरूखुरु मुखमा आउला ।

स्रोत : लीला सेन

धनवाङ गा.वि.स. वडा नं. ६

पाखापानी, सल्यान ।

# परिच्छेद- पाँच

# सङ्कलित लोककथाहरूको वर्गीकरण एवम् विश्लेषण

## ५.१ सङ्कलित लोककथाहरूको वर्गीकरण एवम् विश्लेषण

लोकसाहित्यको एउटा प्रमुख विधाको रूपमा रहेको लोककथा प्राचीन कालदेखि भन्ने र सुन्ने परम्परामा आश्रित हुँदै आइरहेको पाइन्छ । लोकजीवनमा धेरै प्रकारका कथाहरू पाइन्छन् । यस्ता लोककथाहरू पनि स्थान, समय र कथयिताको शैली अनुसार फरक-फरक हुन्छन् । यस्ता लोककथाहरूलाई विभिन्न विद्वानहरूले आ-आफ्ना तरिका अनुसार वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ ।

लोकसाहित्यको क्षेत्रमा पनि सल्यान जिल्ला धनी छ । यस जिल्लामा लोकसाहित्यका सबै विधाहरू उत्तिकै प्रचलनमा रहेकाछन् । यहाँ प्रचलित लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोकगीत पछि लोककथा नै मुख्य रूपमा प्रचलनमा रहेको पाइन्छ । लोककथा मनोरञ्जन र अर्ती-उपदेश दिने साधनको रूपमा रहेको छ । सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र पनि विभिन्न प्रकारका लोककथाहरू प्रचलनमा रहेका छन् । ती प्रचलित लोककथाहरूमा राक्षस, बोक्सी, पशुपङ्क्षी, मानव आदि लोककथाहरू पर्दछन् । लोककथालाई विभिन्न विद्वानहरूले गरेको वर्गीकरणका आधारमा यहाँ सङ्कलित लोककथाहरूको पनि वर्गीकरण गरिएको छ, जुन यस प्रकार छन्-

१. सामाजिक लोककथा- दिदीभाइको कथा, बाउन र नोकरको कथा, बुढा र बुढीको कथा, जवरवान बुढाको कथा, धेरै नबोल्नु, राजकुमारीको कथा, सुन्दरी केटीको कथा, चलाख ब्राह्मणको कथा ।

२. धार्मिक तथा सांस्कृतिक लोककथा-

३. रिस-डाहाका लोककथा

४. उपदेशात्मक लोककथा

५. अतिरञ्जित लोककथा

६. पशुपङ्क्षी सम्बन्धी लोककथा

७. विविध लोककथा

### ५.१.१ सामाजिक लोककथा

समाजमा भएका सामाजिक विषयवस्तुहरू समावेश गरिएका लोककथाहरू नै सामाजिक लोककथा हुन् । यस्ता सामाजिक लोककथामा सामाजिक चालचलन, रीतिरिवाज, रहनसहन, उठ्बस, आदिसँग सम्बन्धित कुराहरू व्यक्त भएका हुन्छन् । यसर्थ लोककथा समाजको सिङ्गो इतिहास हो, पहिचान हो र परिचायक पनि हो । समाजको यथार्थलाई बुझ्न लोककथाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सामाजिक लोककथामा सामाजिक जनजीवनको हाँसो, आँसु, पीडा, व्यथा, प्रेम, मिलन, विछोड आदिको झलक पाइन्छ । सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्र प्रचलित लोककथाहरूमा दिदीभाइको कथा, बाउन र नोकरको कथा, बुढा र बुढीको कथा, जवरवान बुढाको कथा, धेरै नबोल्नु, राजकुमारीको कथा, सुन्दरी केटीको कथा, चलाख ब्राह्मणको कथा आदि कथाहरू सामाजिक लोककथामा पर्दछन् ।

यी लोककथाहरूमा 'दिदी भाइको कथा' लोककथामा भाइ दिदीको घरमा बस्न गएको छ । भाइले दिदीलाई भोक लाग्यो दिदई भन्दा खोर्रे फौरम्लार कोदो छरम्लार अवि भन्दै पर्खाएर अन्तमा रोटी पकाम्लार खालास भनी रोटी पकाएर फुत्त फालिदिदा त्यो रोटी घरमुलीको ओह्रालोबाट गुडकिदै पोखरीमा पुगेछ । केटो पनि भोकले अल्यालिदै रोटुडकिदै योखरीमा पुगेछ । केटो पनि भोकले अल्यालिदै रोटी छोप्न पोखरीमा यसकोत त्यही डुबेर मरेको कुरा कथा वस्तुको रूपमा आएको छ । 'बाउन र नोकरको कथा' लोककथामा कुनै पनि काम चलाखीपूर्व तरिकाले गरेमा त्यका अगाडी आह्रिसले  सताउन खोजे पनि त्यो दुर्भागय हुनमान्छ भन्ने कुरालाई यस लोककथाले आफनो कथावस्तु बनाएको छ । यस कथाको आदि भागमा बनाउने नोकरलाई घरको काम सघाइ पूना लगाउने गएको र घर फर्कीएर श्वानियन गरेका सम्म आएको छ । मध्यभागमा बाउनले नोकरलाई लगेर आफना माइत गएको कुरासम्म आएको छ । अन्त्य भागमा नोकरलाई मार्न भनि खनेको खाल्टोमा उल्टै बाउन पुरिई मरेको कुरा आएको छ । 'बुढा र बुढीको कथा' लोककथामा बुढा र बुढीले राटी खाने विषयमा विवाद गर्दा बढी रोटी खाने इच्छाका कारण चितासम्म पुगेको कुरालाई हास्यास्पद रूपमा देदाइएको छ । कथानक आदि मध्य र अन्त्यको शृङ्खलामा संयोजन भएको छ । आदि भाग बुढा बुढीले रोटी खाने विषयमा कुरा नमिल्दा विवाद पर्नु हो । मध्य भाग

गाउँलेहरूले बुढा र बुढी लाई मरेको अनि चितामा पुऱ्याउनु हो भने अन्त्य भाग चाँहि बुढा र बुढी चिताबाट ब्यूँभनु हो । 'जबरवान बुढाको कथा' लोककथामा शुभेच्छुकले बाहिरबाट प्रशंसा गर्छ शत्रुले सामुन्ने प्रशंसा गर्छ भन्ने कुरालाई आफ्नो कथा वस्तु बनाएको छ । यस कथाको आदि भागमा जबरवानका बाबु छोराको परिचय भ ई छोरो कमाउन गएको कुरा आएको छ । मध्य भागमा छोराले घरमा धेरै नगदी जिन्सी सामानहरू ल्याएको कुरा आएको छ । भने अन्त्य भागमा छोराको विवाह गरी धनधान्यले समेत सम्पन्न भई बसेको कुरा आएको छ । 'धेरै नबोल्नु कथा' लोककथामा धेरै बोलेपछि बिग्रन्छ, नबोले पनि बिग्रन्छ भन्ने कुरालाई आफ्नो कथावस्तु बनएको छ । यस कथाको आदि भागमा जेठो छोरोको विवाह भई बुहारी घरमा भित्रिएको कुरा सम्म आएको छ । मध्यभागमा घरको काम काजमा सघाउ पुऱ्याउने बुहारी माइत गएर बसे पछि कान्छो छोरालाई भाउजु ल्याउन पठाएको कुरा सम्म आएको छ । अन्त्य भागमा थोरै बोल्दा भाउजु राँडी भएको कुरासम्म आएको छ । 'राजकुमारीको कथा' लोककथामा भाग्यको पछाडि कसैको केही लाग्दैन भन्ने कुरालाई देखाउन खोजिएको छ । यस लोककथाको आदि भागमा एउटी सुन्दर राजकुमारीको राजकुमारहरूसँग वा ठूलाठूला विद्वानहरूसँग प्रश्नार्थ गरी आफूलाई जित्ने व्यक्तिसँग विवाह गर्ने कुरा आएको छ । मध्य भागमा धेरै टाढाटाढाबाट राजकुमारहरू र ठूलाठूला विद्वानहरू आएको र पराजित भएकोमा एकजना ब्राह्मणको छोराले प्रश्नार्थमा जितेर विवाह गरेको कुरा आएको छ भने अन्त्य भागमा राजकुमारीका बाबु आमाले धेरै धन, दौलत दिई पठाएको कुरा आएको छ । 'सुन्दरी केटीको कथा' लोककथामा बुद्धि जोसँग हुन्छ बल पनि त्यसैसँग हुन्छ भन्ने कुरालाई कथावस्तु बनाएको छ । यस कथाको आदि भागमा सुन्दरी केटीले केटाहरूलाई कक्कर खान आउनु भनेको कुरा आएको छ । मध्य भागमा केटाकेटीहरू कक्कर खान आउँदा ढोका नखोलेको र अन्तमा आउनेले सबैलाई मारेको कुरा आएको छ । अन्त भागमा जोगी आएको र जोगीले ती मरेका केटाहरूलाई फालेको कुरा आएको छ । यिनै कथावस्तुको शृङ्खलित संयोजनले कथानक रोचक र आकर्षक पनि बनेको छ । 'चलाख ब्राह्मणको कथा' लोककथामा सामाजिक पारिवारिक विषयवस्तुका साथै अतिकल्पनाको समेत उपयोग भएको छ । यस कथाको आदि भागमा मन्त्रवाला ब्राह्मणले भूतहरूलाई आफ्नो मन्त्रद्वारा आफ्नो कब्जामा राखेको कुरा सम्म आएको छ । मध्यभागामा भूतहरूलाई अनेक किसिमका काममा लगाई काम सम्पन्न गराएको कुरा सम्म आएको छ भने अन्त्य भागमा काम जति भए पनि

सम्पन्न गरेको र काम पुऱ्याउन नसकिने जस्तो लागेपछि चतुऱ्याइँपूर्वक कुकुरको पुच्छर सोज्याउन लगाउँदा त्यसबाट हार दाइ अन्तमा राक्षसहरू भागेको कुरासम्म आएको छ ।

सामाजिक लोककथाहरूमा 'दिदी भाइको कथा' लोककथामा मानवीय चरित्रहरूको मात्र उपस्थिति छ । पुलिङ्गी पात्रमा भाइ पर्दछ भने स्त्रीलिङ्गी पात्रमा दिदी पर्दछे । यस कथामा दिदी प्रमुख पात्र हो भने भाइ सहायक पात्रको रूपमा आएको छ । यस कथामा भाइ सत् पात्र हो ने दिदी असत् पात्र हो । 'बाउन र नोकरको कथा' लोककथामा मानवीय पात्रका साथै पशुयात्र कुकुर र घोडाको उपस्थिति छ । यसमा बाउनकी सासु, श्रीमती स्त्रीलिङ्गी पात्र हुन् भने अन्य सबै पुलिङ्गी पात्र हुन् । बाउन र नोकर दुबै प्रतिकूल पात्र हुन् भने अन्य सम्पूर्ण पात्र अनुकूल पात्र हुन् । यस कथामा बाउन प्रमुख प्रमुख पात्र, नोकर सहायक पात्र, कुकुर, घोडा, बाउनकी सासु र श्रीमती गौण पात्र हुन् । 'बुढा र बुढीको कथा' लोककथामा मानवीय चरित्रको मात्र उपस्थिति छ । यस्ता चरित्रहरूमा बुढा र बुढी अनि गाउँलेहरू रहेका छन् । यस कथामा स्त्रीलिङ्गी पात्रको रूपमा  बुढीको उपस्थिति भने अन्य सबै पुलिङ्गी पात्रहरूको प्रयोग भएको छ । बुढी र बुढाको मुख्य भूमिकामा अगाडि बढेको प्रस्तुत लोककथामा बुढा र बुढी प्रमुख पात्रको रूपमा आएका छन् भने गाउँलेहरू सहायक पात्रका रूपमा आएका छन् । बुढा र बुढी असत् पात्रको रूपमा आएको छन् भने गाउँलेहरू सत् पात्रको रूपमा आएका छन् । 'जवरवान बुढाको कथा' लोककथामा मानवीय पात्रका साथै मानवेत्तर पात्रको पनि उपस्थिति छ । यस कथामा प्रमुख पात्रको रूपमा जवरवान, सहायकमा जवरवानको छोरा र श्रीमती रहेका छन् भने भैंसी आदि गौण पात्र हुन् । यसमा जवरवानकी श्रीमती र भैंसी स्त्री लिङ्गी पात्र हुन् भने अन्य पुलिङ्गी पात्र हुन् । 'धेरै नबोल्नु' लोककथामा मानवीय पात्रको मात्र उपस्थिति छ । यस्ता पात्रहरूमा श्रीमान्, श्रीमती, दुई भाइ छोरा, बुहारी, बुहारीका आमा, बुवा आदि पर्दछन् । यस कथामा श्रीमान्, दुई भाइ छोरा र बुहारीका बुवा पुलिङ्गी पात्र हुन् भने श्रीमती बुहारी र बुहारीका आमा स्त्रीलिङ्गी पात्र हुन् । यस कथामा श्रीमान, श्रीमती प्रमुख पात्र दुई भाइ छोरा र बुहारी सहायक पात्र र बुहारीका आमा बुवा गौण पात्रका रूपमा आएका छन् । यसमा प्रयोग भएका सबै पात्र अनुकूल पात्रको रूपमा आएका छन् । 'राजकुमारीको कथा' लोककथामा मानवीय पात्रको मात्र उपस्थिति छ । यस्ता मानवीय पात्रहरूमा राजकुमारी, राजकुमारीका आधा, बुबा, राजकुमारहरू, विद्वानहरू, बाउन र बाउनकी आमा आदि रहेका छन् । राजकुमारी, राजकुमारीकी आमा, बाउनकी आमा, स्त्रीलिङ्गी पात्र हुन् भने अन्य सबै पुलिङ्गी पात्रहरू हुन् । यस कथाकी राजकुमारी प्रमुख

पात्र हुन् भने बाउन र राजकुमारीका आमाबुबा सहायक पात्रका रूपमा आएका छन् । अन्य सम्पूर्ण पात्रहरू गौण भूमिकाका लागि उपस्थित भएका छन् । 'सुन्दरीको केटीको कथा' लोककथामा मानवीय पात्रको मात्र उपस्थिति छ । यस्ता पात्रहरूमा सुन्दरी केटी, केटाहरू र जोगी पर्दछन् । सुन्दरी केटी स्त्रीलिङ्गी पात्र हो भने अरु सबै पुलिङ्गी पात्रहरू हुन् । यस लोककथामा सुन्दरी केटी प्रमुख पात्र, केटाहरू र जोगी सहायक पात्रको रूपमा आएका छन् । केटाहरू मध्ये अन्तिम केटो र सुन्दरी केटी असत् पात्रको रूपमा आएका छन् भने जोगी र अरु केटाहरू सत् पात्रको रूपमा आएका छन् । ' चलाख ब्राह्मणको कथा' लोककथामा मानवीय तथा अमानवीय पात्र उपस्थित छ । मानवीय पात्रमा ब्राह्मण पर्दछ भने अति मानवीय पात्रमा भूतहरू र्प्दछन् । यस लोककथामा सबै पुलिङ्गी पात्रको मात्र उपस्थिती छ भने भूतहरू सहायक पात्रको रूपमा आएका छन् । ब्राह्मण सत् पात्रको रूपमा आएको छ भने भूतहरू असत् पात्रको रूपमा आएका छन् ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्रबाट सङ्कलन गरिएका सामाजिक लोककथाहरूमा अधिकांशत : लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेश पनि ग्रामीण परिवेश र शहरिया परिवेशको चित्रण छ । ग्रामीण परिवेशमा कोदो छरेको, खोरै फाडेको प्रसङ्ग अनि जादु टुनामुनाको प्रसङ्ग, नदीमा पुल बनाएको प्रसङ्ग, विवाहवारी, चेलीबेटीमाइत जाने कुरा, चिल्ला रोटी हालेर खाने कुरा, मसानघाटको कुरा, पशुचौपाया पालेको कुरा, गाउँघरमा कक्कर खान जम्मा हुने कुरा, सादु सन्तको प्रसङ्ग आदि प्रसङ्गहरूले ग्रामीण परिवेशलाई चित्रण गर्दछ । यस्तै शहरिया परिवेशमा राजाको प्रसङ्ग ठूलाठूला विद्वानहरू र राजकुमारीको प्रसङ्ग, पराक्रम विवाहको प्रसङ्ग आदि प्रसङ्गहरूले शहरिया परिवेशलाई सङ्केत गर्दछन् । यिनै परिवेश चित्रणले लोककथाहरूलाई जीवन्त बनाउनका साथै रोचकता समेत प्रदान गरेको छ ।

यस सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित सामाजिक लोककथाहरूको उद्देश्य अधिकांशतः नैतिक शिक्षा दिनुका साथै मनोरञ्जन दिनु पनि रहेको छ । 'दिदी भाइको कथा' लोककथामा आफ्ना अभिभावकको निधनपछि भाइ बैनीको जिम्मेबारी दाइ दिदीले लिनुपर्छ भन्ने नैतिक शिक्षा दिएको छ भने रोटी गुड्केको प्रसङ्गले मनोरञ्जन दिएको छ । 'बाउन र नोकरको कथा' लोककथामा मुख्य उद्देश्य नैतिक शिक्षा दिने रहेको छ भने गौण उद्देश्यमा मनोरञ्जन दिनु पनि रहेको छ । नैतिक शिक्षा अन्तर्गत अरुको कुभलो चिताउँदा

आफ्नै कुथलो हुन्छ भन्ने कुरा आएको छ भने, पहिले कुकुरको मासु खाएर पछि त्यही कुकुरलाई कलो दिन बोलाएको प्रसङ्गले मनोरञ्जन प्रदान गरेको छ । 'बुढा र बुढीको कथा' लोककथामा रोटी खाने प्रसङ्गमा विवाद पर्दा परेको ठानी गाउँले बुढा र बुढीलाई चितासम्म पुऱ्याएको प्रसङ्गले निकै मनोरञ्जन प्रदान गरेको छ । 'जवरखान बुढाको कथा' लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनुका साथै मनोरञ्जन दिनु रहेको छ । यस लोककथामा प्रगति चाहनेले सामुन्नेमा तारिफ गर्नु हुँदैन भन्ने नैतिक शिक्षा दिन खोजेको छ । 'धेरै नबोल्नु' लोककथामा नैतिक शिक्षा अन्तर्गत समयसापेक्ष तबरले बोल्नुपर्छ । यदिन बोलिएन भने बित्यास पनि पर्न सक्छ भन्ने नैतिक शिक्षा दिनुका साथै देवर नबोलेको कारण भाउजु राँडी भएको प्रसङ्गले मनोरञ्जन प्रदान गरेको छ । 'राजकुमारीको कथा' लोककथामा गाईको हड्डीको आँखाको प्वालमा चराले गुँड लगाएको प्रसङ्गले मनोरञ्जन प्रदान गरेको छ । राजकुमारीको अहङ्कार एउटा गरिब बाउनले तोडेको प्रसङ्गले नैतिक शिक्षा दिन खोजेको छ । 'सुन्दरी केटीको कथा' लोककथामा सुन्दरी केटीले केटाहरूलाई भिजाइ राखेको कमेरोले नुहाउन लगाएको प्रसङ्गले मनोरञ्जन दिएको भने, सुन्दरी केटीले बुद्धिमतापूर्ण तरिकाले समस्याको समाधान गरेको प्रसङ्गले नैतिक शिक्षा दिन खोजेको छ । 'चलाख ब्राह्मणको कथा' लोककथामा बुद्धिमतापूर्ण तरिकाले काम गरेपछि असम्भव कामलाई पनि सम्भव तुल्याउन सकिन्छ भन्ने नैतिक शिक्षा दिन खोजिएको कुरा उद्देश्यको रूपमा आएको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित लोककथाहरूमा चरित्रहरू एकआपसमा संवाद गर्छन् भने संवाद मान्छे-मान्छे बिच, मान्छे र राक्षस बिच, जनावर र पदार्थ आदिका बिच हुने गर्दछ । खासगरी मानवीय र मानवेतर चरित्र बिचको संवाद तथा मानवीय र पदार्थ चरित्र बिचको संवाद आदि अपत्यारिला संवादले लोककथालाई रोचक बनाउँदछन् । 'दिदी भाइको कथा' लोककथामा मानवीय पात्र बिच मात्र संवाद भएको छ । यस्ता संवादहरूमा भाइले दिदीलाई भनेछ- "भोक लाग्यो दिदई ।" जवाफमा दिदीले भनिछ "पख भाइ खोर्रे फारम्लाइ" आदि जस्ता संवादहरूको प्रयोग भएको छ । 'बाउन र नोकरको कथा' लोककथामा पनि मानवीय पात्रका बिचमा संवाद भएको छ । यस्ता संवादहरूमा एकदिन बाउनले नोकरलाई मासु भात पकाउन भनेर पुजा लगाउन गएछ । पुजा सकेर घर आएपछि नोकरले बाउन आएको देखेर हतार हतार मासु भात दिएछ । बाउनले खाइ सकेर कलो दिन च्यो……… चोथके च्यो भनेर बोलाउँदा नोकरले भनेछ- "चोथके सोथके पेटमा गए केको चोथके ।" जस्ता संवादहरूको प्रयोग भएको छ । 'बुढा र बुढीको कथा' लोककथामा

मानवीय पात्रका बिच मात्र संवाद भएको छ । बुढा र बुढीले आफूले बढी रोटी खान पाउनुपर्छ भन्ने विषयमा संवाद भएको छ । 'जवरवान बुढाको कथा' लोककथामा पनि अन्य कथामा जस्तै मानवीय पात्रका बिच संवाद भएको छ । यस लोककथामा बुढाले बुढीलाई सम्झाउँदै- "हेर बुढी छोराले कमाउन त धेरै कमायो नकमाको होइन तर सुन अब कि त भने पहिले स्यानो कमाई ल्याएको थियो त्यसैबेला स्याबास खुपै गरिस् भनेको भएदेखि अरु कमाउन छोड्तो फुरुक्क परेर बस्तो अब फेरी गएर धेरै धन ल्यायो भनी पो त्यसको ब्या गरिदिउँला तब पो होला भर" भन्ने जस्ता संवादहरूको प्रयोग भएको छ । 'धेरै नबोल्नु' लोककथामा मानवीय पात्रका बिच मात्र संवाद भएको छ । आमाले भाउजु लिन पठाउनु भन्दा अगाडि अह्वाएर भन्छिन्- "हेर कान्छा तँ धेरै बोल्छस्, धेरै नबोल्नु केवल तिन फेरामात्र बोल्नु ।" जस्ता संवादहरूको प्रयोग भएको छ । 'राजकुमारीको कथा' लोककथामा पनि मानवीय पात्रहरूको बिच संवाद भएको छ । राजकुमारी र बाउनका बिच प्रश्नार्थ हुँदा बाउनले प्रश्न गर्दै भने- आँखी से पंखी उडी गया सुली चरी गया जल हो कात ढोका तिन नहोका त एका एक ।" जस्ता संवादहरूको प्रयोग भएको छ । 'सुन्दरी केटीको कथा' लोककथामा मानवीय पात्रहरूका बिच मात्र संवाद भएको छ । यस्ता संवादहरूमा एक दिन सुन्दरी केटी गाउँतिर घुम्न गएको बेला एउटा केटाले भनेछ- "नानी म साँझ कक्कर खान आउँछु है ।" जस्ता संवादहरूको प्रयोग भएको छ । 'चलाख ब्राह्मणको कथा' लोककथामा मानवीय तथा अतिमानवीय पात्रहरूको बिच संवाद भएको छ । मन्त्रवाला ब्राह्मणले आफ्नो मन्त्रद्वारा भूतहरूलाई बोलाएपछि भूतहरूले वाचाकवोल गरेर भने- "खान नपुगे पनि तलाई खान्छम्, काम नपुगेपनि तलाई खान्छम् ।" भन्ने जस्ता संवादहरूको प्रयोग भएको छ ।

भाषा अभिव्यक्तिको माध्यम हो र शैली चाहिँ अभिव्यक्तिको ढङ्ग तथा तरिका हो । लोककथा लोकद्वारा नै रचित हुन्छन् । यसर्थ यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग पाइन्छ । ग्रामीण जनजीवनमा बोलचालमा प्रयोग हुने कथ्य र स्थानीय भाषाको प्रयोग लोककथामा हुन्छ । सल्यान जिल्लाको दक्षिण पूर्वी भेगमा प्रचलित सामाजिक लोककथामा पनि त्यहाँको स्थानीय भाषाको प्रयोग पाइन्छ । सरल, सहज र बोधगम्य भाषामा यहाँका लोककथाहरू रचना हुन पुगेका छन् । त्यहाँका कथ्य भाषाका शब्दहरूलाई लेख्य भाषामा यसरी प्रस्तुत गरिन्छ ।

| **कथ्य (भाषा) रूप** | **लेख्य/ मानव रूप** |
| --- | --- |
| रैचन् | रहेछन् |
| गएच | गएछ |
| लागेच | लागेछ |
| भन्योच | भनेछ |
| दिदई | दिदी |
| फारम्लार | फाडम्लार |
| भनेच | भनेछ |
| भनिच | भनिछ |
| गोरम्लार | गोडम्लार |
| फल्दिच | फाल्दिछ |
| रोटो | रोटी |
| थ्यो | थियो |
| भन्योछ | भनेछ |
| छर्‍योछ | छरेछ |
| बाउन | ब्राह्मण |
| खानद्योछ | खान दिएछ |
| खायोछ | खाएछ |
| भयोछ | भएछ |
| देई | दिई |
| छेरउटी | पखाला |
| बाइर | बाहिर |
| त्यइ | त्यही |
| भ्याहुनाले | भएको हुनाले |
| छोरदैन | छोड्दैन |
| गार्न | गाड्न |
| ब्या | विवाह |
| गरे | अरे |

| | |
|---|---|
| भया | भएका |
| पान्नते | पाउँदैनथे |
| रोटा | रोटी |
| खान्चु | खान्छु |
| ब्यान | विहान |
| लाग्योच | लागेछ |
| उठेनचन् | उठेनछन् |
| कोई | कोही |
| चाइँ | चाहिँ |
| जान्चु | जान्छु |
| भन्नि | भन्ने |
| करसाम | करेसामा |
| गरो | गऱ्यो |
| जैले | जहिले |
| नकमाको | कमाएको |
| स्यानो | सानो |
| साबास | स्याबास |
| खुपै | खुबै |
| छोड्तो | छोड्थ्यो |
| बस्तो | बस्दथ्यो |
| होचकेर | रहेछ क्यारे |
| जानाको | जनाको |
| जानी | जाने |
| पर्च | पर्छ |
| बाऊ | बाबु |
| केइ | केही |
| आउनी | आउने |
| खोर | गुँड |

| | |
|---|---|
| उऱ्यो | उड्यो |
| निक्लेको | निस्केको |
| गरिकन | गरेर |
| अऱ्याकिन | अड्याइकन |
| ढोगा | ढोका |
| भाइर | बाहिर |
| तेले | त्यसले |
| ननुहाउन्जी | ननुहाउँदासम्म |
| जारामा | जाडामा |
| न्वायोछ | न्वाएछ |
| पछारी | पछाडि |
| डरा | डरी |
| माऱ्योछ | मारेछ |
| भैगेच | भएछ |
| मेट्थे | सिध्याउँथे |
| गर्थे | गर्दथे |
| भइम | भयौँ |

### ५.१.२ धार्मिक तथा सांस्कृतिक लोककथा

लोकजीवनमा प्रचलित धर्म, कर्म र सांस्कृतिक विषयवस्तु समावेश भएका लोककथाहरू नै धार्मिक तथा सांस्कृतिक लोककथाहरू हुन् । समाज धार्मिक विश्वासमा अडेको हुन्छ । धार्मिक लोककथामा पूजाआजा गर्ने, मठमन्दिर जाने जस्ता अनुष्ठानसँग सम्बन्धित विषयवस्तु समेटिएका हुन्छन् । यसै गरी समाजमा विद्यमान जन्मदेखि मृत्युसम्मका संस्कारसँग सम्बन्धित विषयवस्तु साँस्कृतिक लोककथामा समेटिएका हुन्छन् । प्राय : गरेर धर्म तथा संस्कृतिसँग सम्बन्धित लोककथाहरू नै बढी प्रचलित हुन्छन् । सङ्कलित लोककथाहरूमा कनिके टोगे, कलिको न्याय, भालुको कथा आदि कथाहरू धार्मिक तथा सांस्कृतिक लोककथा अन्तर्गत पर्दछन् ।

यी लोककथाहरूमा 'कनिके टोगे' लोककथा धर्म र कर्मको सम्मिलन भयो भने मात्र सफलताले पूर्णता पाउँछ भन्ने कुरालाई यस लोककथाले आफ्नो कथावस्तु बनाएको छ । यस कथामा प्रयोग भएका गरिब परिवारका आमा छोरा आ–आफ्नो काममा लागि परेका छन् । धर्म र कर्मको विवाद सुल्झाउन विष्णु भगवान सहित गएर त्यही गरिब केटोका घरमा पुग्छन् । त्यही तिनीहरूले गरिब प्रति सुहानुभूति प्रकट गर्दछन् र सुखी र सम्पन्न बनाउनछन् । यस कथामा गरिब आमा छोराको दिनचर्या देखि विष्णु भगवान सहित धर्म र कर्म गएर बसेको कुरासम्म आदि भागका रूपमा आएको छ । धर्म र कर्म सहित आएका विष्णु भगवानले खानपिन गरी पात छानामा घुसारेको कुरासम्म मध्य भागको रूपमा आएको छ । अन्त्य भागमा राजाकी छोरीसँग विवाह गरि आनन्दले बसेको कुरा आएको छ । 'कलिको न्याय' लोककथामा आफूले अरुको उपकार गरेमा उनीहरूबाट पनि आफ्नो उपकार हुन्छ भन्ने कुरा कथावस्तुको रूपमा आएको छ । यस कथाको आदि भागमा बड्डो बाउनले एउटा सार्कीको बच्चा ल्याई पालेको र त्यो बच्चा जवानी भएपछि कालगतिले मरेको र स्वर्ग गएको कुरासम्म आएको छ । मध्यभागमा छोरो मरेपछि बाउनले रुन कराउन थालेको र सो क्रन्दन स्वर्गमा रहेको त्यो केटाले सुनेर भेट्न आएको र स्वर्गमा समेत देखाउन लगेको कुरासम्म आएको छ । अन्त्य भागमा स्वर्गको एउटा घरमा बसालेर केटो केही बेर बाहिर गएको बेला बाउनलाई नरकमा पुऱ्याएको कुरा र सपनाबाट ब्युझिएको कुरासम्म आएको छ । अन्त्य भागमा स्वर्गको एउटा घरमा बसालेर केटो फेरी केही बेर बाहिर गएको बेला बाउनलाई नर्कमा पुऱ्याएको र सपनाबाट ब्युझिएको कुरासम्म आएको छ । 'अबाटो' लोककथामा दृढताको संयोगले सार्थकता प्राप्त गर्न सक्दछ भन्ने कुरालाई आफ्नो कथावस्तु बनाएको छ । यस कथाको आदि भागमा एउटा ब्राह्मणले छोराको विवाह गरिदिने मनसायले ज्योतिषी कहाँ गएको कुरा उल्लेख छ । मध्य भागमा ज्योतिषीले हेर्दा शुद्र वर्ण भएको र त्यो कुरा राजाको हजुरमा पुगेको कुरासम्म आएको छ । अन्त्य भागमा ज्योतिषीको परीक्षा लिँदा ज्योतिषी उत्तीर्ण भएको कुरासम्म आएको छ । त्यसैले यस कथामा आदि, मध्य र अन्त्यको शृङ्खलित संयोजन भएका कथावस्तुले गर्दा कथानक रोचक बनेको छ ।

धार्मिक तथा सांस्कृतिक लोककथाहरूमा 'कनिके टोगे' लोककथामा मानवीय तथा अमानवीय पात्रहरूको उपस्थिति भएको छ । यस कथामा आमा, राजाकी छोरी स्त्रीलिङ्गी पात्र हुन् भने, छोरो, राजा, धर्म, कर्म र विष्णु भगवान पुलिङ्गी पात्र हुन् । यसमा प्रयोग भएको सबै पात्र अनुकूल पात्र हुन् । यस कथामा आमाछोरा प्रमुख पात्र हुन्, विष्णु भगवान,

धर्म र कर्म सहायक पात्र हुन् । राजाकी छोरी र हात्ती गौण पात्र हुन् । आमा, छोरा वर्गीय पात्र हुन् भने अरु सबै व्यक्तिगत पात्र हुन् । 'कलिको न्याय' लोककथामा बड्डो ब्राह्मण प्रमुख पात्रको रूपमा आएको छ । सार्कीको छोरा सहायक पात्रको रूपमा आएको छ भने नरकमा गएको आसामी गौण पात्रको रूपमा आएको छ । यस कथामा सबै पात्र अनुकूल पात्रको रूपमा आएका छन् । सबै पुलिङ्गी पात्रको मात्र उपस्थिति छ । 'अबाटो' लोककथामा मानवीय पात्रको मात्र उपस्थिति छ । ब्राह्मणकी श्रीमती स्त्रीलिङ्गी पात्र हुन् भने अन्य सबै पुलिङ्गी पात्र हुन् । राजा र ज्योतिषी सहायक पात्र हुन् भने ब्राह्मणको छोरो र श्रीमती गौण पात्रका रूपमा आएका छन् । यस कथामा सम्पूर्ण पात्र अनुकूल पात्रका रूपमा आएका छन् । यसमा राजा वर्गीय पात्र हो भने अन्य सबै व्यक्तिगत पात्र हुन् ।

सल्यान जिल्लाको दक्षिण पूर्वीक्षेत्रभित्रबाट सङ्कलन गरिएका धार्मिक तथा सांस्कृतिक लोककथाहरूमा लौकिक तथा कही कतै अलौकिक परिवेश पनि आएको छ । लौकिक परिवेश अन्तर्गत ग्रामीण तथा दरबारिया परिवेशको चित्रण भएको पाइन्छ । ग्रामीण परिवेश अन्तर्गत कुटीपिसी गरेको, बाखा ग्वाला गएको, पातमा भात खाएको, आफ्नो सन्तान नभएको कारण धर्मे छोरो पालेको जैशीलाई हेराइकोराइ गरेको आदि प्रसङ्ग आएको छ भने दरबारिया परिवेश अन्तर्गत दरबार, दरबारमा राजा, राजकुमारी र हात्ती आदि प्रसङ्ग आएको छ । अलौकिक परिवेश अन्तर्गत मान्छे स्वर्गमा गएको, स्वर्गमा आसामीसँग भेट भएको आदि प्रसङ्गहरूको चित्रण भएको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित धार्मिक तथा सांस्कृतिक लोककथाहरूको उद्देश्य धर्म र संस्कृतिका माध्यमबाट नैतिक शिक्षा दिनुका साथै मनोरञ्जन दिनु पनि रहेको हुन्छ । 'कनिके टोगे' लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु रहेको छ । यस लोककथामा आमा र छोराको परिश्रमलाई विष्णु भगवान, धर्म र कर्मले गरिबीबाट उन्मुक्ति दिलाउने उद्देश्य अनुरूप उनीहरूको जीवन सुखी र सम्पन्न भएको कुरा उल्लेख गरिएको छ । 'कलिको न्याय' लोककथामा पनि मुख्य उद्देश्य नैतिक शिक्षा दिनु नै रहेको छ । ब्राह्मणले सार्कीको छोरालाई धर्मे छोरो बनाई पालेको कुरा देखाएर जातियतालाई भन्दा मानवीयतालाई प्राथमिकता दिनुपर्छ भन्ने नैतिक शिक्षा उद्देश्यको रूपमा आएको छ भने स्वर्गमा रहेको आसामीले सुपाको पैसा नतिरेको कारण नर्कमा तानेको कुराले मनोरञ्जन प्रदान गरेको छ । 'अबाटो' लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै रहेको छ ।

'अबाटो' लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । ज्योतिषीले ब्राह्मणको छोरो शुद्रवर्णको भनेपछि राजा र ज्योतिषीका बिच भएको कुराकानीले मनोरञ्जन प्रदान गरेको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित धार्मिक तथा सांस्कृतिक लोककथाहरूमा पनि संवादहरूको प्रयोग भएको छ । यस्ता संवादहरूमा मानवीय मानवीय बिच, मानवीय र अतिमानवीय बिच, जनावर र मान्छेबिच अनि मान्छे र पदार्थ बिच पनि भएको पाइन्छ । 'कनिके टोगे' लोककथामा मानवीय तथा अतिमानवीय पात्रका बिच संवाद भएको छ । मानवीय पात्रहरूमा आमा र छोरा तथा छोरो र राजाकी छोरीमा संवाद भएको छ । अतिमानवीय पात्रहरूमा विष्णु भगवान, धर्म र कर्मका बिचमा संवाद भएको छ । विष्णु भगवान, धर्म र कर्म गरिब केटाको घरतिर आएको देखेर केटाले भनेछ- परी न पाताको मान्छे आए सनन्यासी रूपधारी खानी नपिनी यत्तिकै छ बसौला बात मारी ।" आदि जस्ता संवादहरूको प्रयोग भएको छ । 'कलिको न्याय' लोककथामा मानवीय पात्रहरूका बिच संवाद भएको छ । सार्कीको छोरा आफ्ना बाबुलाई स्वर्गमा लगेको बेला बाबु एकछिन यही बस्नु होला भनेर बाहिर गएको बेला नरकमा रहेको आसामीले तानेर आफ्नो बाबुलाई नरकमा पुऱ्याएको देखेर छोराले छोर्नुस् मेरा बालाई भन्दा नरकमा रहेको आसामीले भन्यो- "म यसलाई छोर्दैन यसले मेरो सुपाको पैसा द्याछैन, यसलाई मैले आज मौकाले भेटाएँ म छोर्दैन ।" आदि जस्ता संवादहरूको प्रयोग भएको छ । 'अबाटो' लोककथामा मानवीय पात्रहरूका बिच मात्र संवाद भएको छ । यस्ता संवादहरूमा ब्राह्मण र ज्योतिषीका बिच, ब्राह्मण र ब्राह्मणकी श्रीमतीका बिच तथा राजा र ज्योतिषीका बिच संवाद भएको छ । यिनै व्यक्तिहरूका बिच भएको संवादहरूले गर्दा कथानक अगाडि बढेको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित धार्मिक तथा सांस्कृतिक लोककथाहरूमा प्रयोग भएका कथ्य भाषाका शब्दहरूलाई लेख्य भाषामा यसरी प्रस्तुत गरिन्छ ।

| **कथ्य रूप** | **लेख्य रूप/ मानक रूप** |
|---|---|
| थे | थिए |
| गर्थ्ये | गर्दथ्ये |

| | |
|---|---|
| लाग्याऊ | लागेको |
| खानी | खाने |
| पिनी | पिउने |
| भन्योच | भनेछ |
| मोट्मोटा | मोटामोटा |
| रैचन् | रहेछन् |
| पिटाएछन | पिटाएछन् |
| पाल्या | पालेको |
| बर्दै | बढ्दै |
| मर्‍योछ | मरेछ |
| गयोछ | गएछ |
| थाल्योछ | थालेछ |
| भ्याको | भएको |
| सुन्योछ | सुनेछ |
| बालाई | बुबालाई |
| काँ | कहाँ |
| ग्याथिस् | गएको थिइस् |
| ऐले | अहिले |
| कई | कही |
| हेर्‍योछ | हेरेछ |
| अगारिबाट | अगाडिबाट |
| बुरो | बुढो |
| अगि | अघि |

| | |
|---|---|
| ह्याँ | यहाँ |
| छोर्नुस | छोड्नुहोस् |
| दृयाछैन | दिएको छैन |
| गऱ्याएको | गरेको |
| सम्झिनुस् | सम्झनुहोस् |
| न्वाएर | नुहाएर |
| ब्यूझ्योछ | ब्यूझिएछ |
| तिम्ले | तिमीले |
| छुद्र | शुद्र |

### ५.१.३ रिस-डाहका लोककथा

रिस-डाहका लोककथाहरूमा पारिवारिक षड्यन्त्र, साथीसङ्गी प्रतिको डाह, कसैको उन्नति, प्रगतिप्रति डाह, भाइभाइमा हुने रिस आदि विषयवस्तु समेटिएका हुन्छन् । रिस-डाहका लोककथाहरू प्रायः गरेर बुद्धिले अर्कालाई खा रिसले आफूलाई खा भन्ने जस्ता सन्देश बोकेका हुन्छन् । सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्रबाट सङ्कलन गरिएको लोककथाहरूमा सौतेनी आमाको कथा, कुबुद्धिको फल, लिखेटोकेनीको कथा आदि लोककथाहरू रिस-डाह लोककथा अन्तर्गत पर्दछन् । यी लोककथाहरूमा 'सौतेनी आमाको कथा' लोककथामा आफ्नो सन्तान कहिले पनि पराय हुँदैनन् उसलाई उपेक्षा, तिरस्कार र घृणा गर्नु हुँदैन । बरु सहकार्यात्मक तरिकाले अगाडि बढेमा सबैको हित हुन्छ भन्ने कुरालाई कथावस्तुको रूपमा लिइएको छ । यस कथाको आदि भागमा सौतेनी आमाले टोकेनी छोरीलाई मसानघाटसम्म पुऱ्याई ज्यूँदै सोलामा चढाएको कुरा उल्लेख छ । मध्य भागमा सौतेनी आमा मसानघरबाट घर फर्किएर सलाई लगेर चितामा आगो लगाएको कुरासम्म उल्लेख छ । अन्त्य भागमा टोकेनी केटीलले धन दौलत ल्याएको देखेर आफ्नी छोरीले पनि त्यस्तै गरेर धेरै धन ल्याउली भन्ने आशामा छोरीलाई मारेको कुरा उल्लेख छ । 'कुबुद्धिको फल' लोककथामा दाइको प्रगति देखेर डाह गर्ने भाइ कसरी दुःखद जीवन बिताउन विवश छ

भन्ने तथ्यलाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस कथाको आदि भागमा विद्याको खोजीमा घर छोडेर हिँड्नु हो । मध्य भाग चाहिँ भाइले दाइको हत्या गर्नु हो र अन्त्य भाग चाहिँ पण्डितले पत्रको अर्थ पत्ता लगाई सबै पण्डितहरूको ज्यान जोगिनु र भाइ चाहिँ जेलमा पर्नु हो । 'लिखेटोकेनीको कथा' लोककथामा सौतेनी व्यवहारको अन्त्यका साथै मान्छेलाई जुन हुने कुरा हो त्यो कसै गरे पनि क्षिप्दैन भन्ने भाग्यवादी प्रवृत्ति कथावस्तुको रूपमा आएको छ । यस कथाको आदि भागमा लिखेटोकेनीलाई उसको बाबुले टोकेनी बाखो ल्याई दिएकोसम्म उल्लेख छ, मध्य भाग सौतेनी आमा बिरामी भई टोकेनी बाखो काटेर खाएको कुरासम्म उल्लेख छ । अन्त्य भागमा लिखेटोकेनीले सुनको खामो उखेल्न सफल भई राजासँग विवाह भएको र बैनीले डाह गरी नुहाउन लागेको बेला कुँवामा ढकेलेर आफू रानीबनी दरबार गएको, राजाले चेवा गर्दा थाहा पाई लिखेटोकेनीलाई दरबार भित्र्याएको कुरासम्म आएको छ ।

सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्र प्रचलित रिस-डाहका लोककथाहरूमा 'सौतेनी आमाको कथा' लोककथामा मानवीय पात्रका साथै मानवेतर पात्रको पनि उपस्थिति छ । यस कथामा मुसो र चोरहरू पुलिङ्गी पात्रको रूपमा आएका छन् भने सौतेनी आमा, सौतेनी आमाकी छोरी र टोकेनी केटी स्त्री लिङ्गी पात्रका रूपमा आएका छन् । यस कथामा मुसो सौतेनी आमाकी छोरी, टोकेनी केटी र चोरहरू अनुकूल पात्रको रूपमा आएका छन् भने सौतेनी आमा चाहिँ प्रतिकूल पात्रको रूपमा आएकी छ । सौतेनी आमा र टोकेनी केटी प्रमुख पात्रको रूपमा आएका छन् भने अन्य सबै सहायक पात्रको रूपमा आएका छन् । सौतेनी आमा वर्गीय पात्र हो भने अन्य सबै व्यक्तिगत पात्र हुन् । 'कुबुद्धिको फल' लोककथामा पनि मानवीय र मानवेतर पात्रको पनि प्रयोग भएको छ । यस लोककथामा स्त्रीलिङ्गी र पुलिङ्गी दुबै प्रकारका पात्रहरूको उपस्थिति छ । प्रमुख पात्रको रूपमा दाजु र भाइको उपस्थिति छ भने सहायक पात्र राजा, पण्डित र स्याल दम्पत्ति हुन् । यस कथामा भाइ र राजा असत् प्रवृत्तिका छन् भने अन्य सबै चरित्रहरू सत् प्रवृत्तिका छन् । 'लिखेटोकेनीको कथा' लोककथामा मानवीय पात्रका साथै मानवेतर पशुपात्र बाखोको पनि उपस्थिति छ । पुलिङ्गी पात्रहरूमा बाबु, राजा, धामी र गाउँलेहरू रहेका छन् भने स्त्रीलिङ्गी पात्रहरूमा लिखेटोकेनीकी सौतेनी आमा, बैनी, लिखे टोकेनी, बाखो आदि रहेका छन् । प्रमुख पात्र लिखेटो केनी, सहायक पात्र बाबु, सौतेनी आमा राजा र बाखो रहेका छन् भने गौण पात्रको रूपमा धामी, बैनी गाउँलेहरू आदि रहेका छन् । लिखेटोकेनी, बाखो र राजा सत् पात्रको रूपमा

आएका छन् भने अन्य सम्पूर्ण पात्रहरू असत् पात्रको रूपमा आएका छन् । यस कथामा सौतेनी आमा वर्गीय पात्र हुन् भने अन्य सम्पूर्ण व्यक्तिगत पात्र हुन् ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्रबाट सङ्कलन गरिएका रिस- डाहका लोककथाहरूमा लौकिक परिवेशको चित्रण पाइन्छ । लौकिक परिवेशमा पनि ग्रामीण र शहरिया परिवेशको चित्रण पाइन्छ । शहरिया परिवेशमा पनि  दरबारिया परिवेशको चित्रण पाइन्छ । ग्रामीण परिवेश अन्तर्गत सौतेनी आमाले टोकेनी केटीलाई चितामा लगेर जलाएको प्रसङ्ग, डोकामा धन पैसा बोकेर घर गएको प्रसङ्ग, पशुपङ्क्षीहरू पालेको प्रसङ्ग, बाख्रा चराउन वनपाखामा गएको, मान्छे बिरामी परेपछि डाक्टरमा भन्दा पहिले धामीझाक्रीलाई हेराउन जानु, गाउँलेहरू जम्मा हुनु शहरबाट घर फर्किदा जङ्गलमा बास बस्नु आदि प्रसङ्गहरूको चित्रण भएको छ भने दरबारिया परिवेश अन्तर्गत राजाले सुनको खामो उखेल्न लगाएर लिखेटोकेनीलाई राजकुमारी बनाएर दरबार भित्र्याएको प्रसङ्ग, राजाको पण्डितहरूप्रतिको व्यवहार आदि प्रसङ्गहरू पर्दछन् ।

रिस-डाहका लोककथाहरूको मुख्य उद्देश्य पनि नैतिक सन्देशहरू मार्फत लोकहरूलाई नैतिक उपदेश दिनु र मनोरञ्जन दिनु नै रहेको हुन्छ । 'सौतेनी आमाको कथा' लोककथाको मुख्य उद्देश्य नैतिक दिनु रहेको छ । यस कथाकी सौतेनी आमाले टोकेनी केटीलाई जलाएर मार्न खोजेकोमा उसैद्वारा धन दौलत ल्याएर आएको प्रसङ्गले जो पर्छ हेला उही पर्छ फेला भन्ने उखानको चरितार्थले नैतिक शिक्षा दिएको छ भने सौताकी छोरीलाई जलाएर धनदौलत ल्याएको देखि आफ्नी छोरीलाई ज्यूँदै जलाउँदा पछुताउनु परेको छ । टोकेनी केटीलाई जलाएँ भन्दै पराल जलाएको प्रसङ्गले मनोरञ्जन प्रदान गरेको छ । 'कुबुद्धिको फल' लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु हो । यसका साथै गौणत उद्देश्य नैतिक शिक्षा दिनु हो । यसका साथै गौण उद्देश्यमा मनोरञ्जन दिनु पनि रहेको छ । यस कथामा दाइको प्रगतिमाथि इर्ष्या गर्ने भाइ जेल जीवन बिताउन बाध्य भएको छ । यसरी कसैको प्रगतिमा बाधक बनेमा सजायको भागिदार आफू नै हुनुपर्ने हुन्छ भन्ने नैतिक शिक्षा दिएको छ । यसका साथै मानवेतर चरित्रहरूलाई मानवीय  भाषामा कुराकानी गराई धेरै मनोरञ्जन प्रदान गरेको छ । 'लिखेटोकेनीको कथा' लोककथाको मुख्य उद्देश्य पनि नैतिक शिक्षा दिनु नै रहेको छ । मान्छेले अर्काको रिस गर्नु हुँदैन रिस गरेमा उल्टै आफ्नो नोक्सान हुन्छ भन्ने कुरालाई यस कथाकी

सौतेनी आमाको व्यवहारबाट देखाइएको छ । बरु अरुको भलाई गरेमा आफ्नो पनि भलाई हुन्छ भन्ने नैतिक शिक्षा दिएको छ ।

सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्र प्रचलित रिस-डाहका लोककथाहरूमा पनि संवादहरूको प्रयोग भएको छ । 'सौतेनी आमाको कथा' लोककथामा मानवीय र मानवीय तथा मानवीय र मानवेतर पशुपात्र मुसोका बीचमा संवाद भएको छ । सौतेनी आमाले टोकेनी केटीलाई चितामा चढाएर सलाई लिन घर फर्केको बेलामा एउटो मसो आएर भनेछ- "हेर नानी तिमीलाई तिम्री आमाले जलाउने भनेर सलाई ल्याउनलाई घर गएकी छिन् तिमी तिम्री आमा नआउँदै तिम्रो ठाउँमा पसल राखेर भाग ।" आदि जस्ता संवादहरूको प्रयोग भएको छ । 'कुबुद्धिको फल' लोककथामा मानवीय र मानवीय पात्र तथा मानवेतर मानवेतर पात्रका बिचमा पनि संवाद भएको छ । दाजु र भाइ बिचको संवाद तथा पण्डित र राजा बिचको संवाद मानवीय चरित्रको संवाद हो । स्याल दम्पत्तिको संवाद मानवेतर चरित्रबिचको संवाद हो । 'लिखेटोकनीको कथा' लोककथामा मानवीय पात्रहरूका साथै मानवेतर पशुपात्र बाखोको बिचमा पनि संवाद भएको छ । बाबुले टोकेनीलाई तँलाई के ल्याइदिने हो भन्दा टोकेनीले भनिछ- "मलाई त म जस्तै टोकेनी बाखो ल्याइदिनुस् ।" टोकेनीले हेर बाखा तिमीलाई काट्ने भए अब म कसरी बाँच्ने ? अब यो संसारमा मेरो कोही पनि हुन्न भन्दा बाखाले भनेछ- "हेर नानी तिमीले चिन्ता नगर मलाई काटेपछि तिमीले मेरो मासु नखानु सबैले खाइसकेपछि मेरो हाटखोर लगेर एक ठाउँमा गार्नु पछि त्यस ठाउँमा सुनको खामो उम्रिनेछ । त्यो खामो कसैले उखेल्न नसकेपछि तिमीले उखेल्न सक्ने देऊ तिमीलाई राजाले आफ्नो छोरासँग ब्या गराई राजकुमारी गराउनेछन्" आदि जस्ता संवादहरूको प्रयोग भएको छ ।

सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्र प्रचलित रिसडाहका लोककथाहरूमा प्रयोग भएका कथ्यभाषाका शब्दहरूलाई लेख्यरूपमा यसरी प्रस्तुत गरिन्छ :

| **कथ्यरूप** | **लेख्यरूप/मानकरूप** |
|---|---|
| टोकेनी | टुहुरी |
| डार | डाह |
| सोचिच | सोचिछ |
| सोलामा | चितामा |
| चराइच | चढाइछ |

| | |
|---|---|
| भ्याहुनाले | भएको हुनाले |
| नछोर्ने | नछोड्ने |
| देछ | दिएछ |
| भाइहुनेले | भाइले |
| परेचन | पढेछन् |
| ल्याको | लिएको |
| सुन्यारैच | सुनेको रैछ |
| पाइच | जन्माइछ |
| बाँचेचन | बाचेछन् |
| गरिऱ्यारैचन | गरिरहेका रहेछन् |
| विचारा | विचरा |
| अच्चली | असाध्यै |
| सोदेच | सोधेछ |
| रैचम् | रहेछम् |
| दिम्ला | दिउला |
| हारखोर | हाडखोर |
| गार्नु | गाड्नु |
| खाइनच | खाइनछ |
| ब्वारी | बुहारी |
| पइरिएर | पहिरिएर |
| कोले गर्च | कस्ले गर्छ |

### ५.१.४ उपदेशात्मक लोककथा

मनिसलाई सही बाटोमा हिडाउनको लागि दिने अर्ती उपदेशसँग सम्बन्धित विषयवस्तु समावेश भएका लोककथाहरू ने उपदेशात्मक लोककथा अन्तर्गत पर्दछन् । समाजमा यस्तो गर्ने हुन्छ र यस्तो गर्न हुन्न भन्ने कुराहरू छुट्याइएको हुन्छ । अर्काको कुभलो नचिताउनु कसैलाई दुःख नदिनु अर्काको बाबानाली र धन सम्पत्ति को साथै जिउज्यानको पनि हानी नगर्नु सधै अरुको देशको समाजको भलो हुने काम गर्नु भन्ने जस्ता उपदेशात्मक समेटिएका

लोककथाहरू यस अन्तर्गत पर्दछन् । सल्यान जिल्लाको दक्षिण पुर्वी क्षेत्रभित्र प्रचलित लोक कथाहरूमा भालुको कथा वीरबल काजीको कथा, न्याउलोको कगा टुरटुरको कथाका, तीन भाई छोराको कथा, तिमिला टोकेको कथा, भावीले लेखेको आदि कथाहरू उपदेशात्मक लोककथा अर्न्तगत पर्दछन् ।

यी लोककथाहरूमा भालुको कथा लोकथामा कसैले पनि घमण्ड गर्नु हुँदैन घमण्ड गर्नेको कुनै न कुनै दिन घमण्ड गर्नु हुँदैन घमण्ड गर्नेको कुनै न कुनै दिन घमण्ड तोडिन्छ । भने कुरालाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस कथाको आदि भागमा धनी बैनीका घरमा गरिब दिदी केही पाउने र छोराछोरीलाई खुवाउने आशामा बहिनीका जौरा मारिदिन गएकी हुन्छी दिन भरी जौरा मारदा पनि केही नपाए पछि रुँदै घर फर्केको कुराराम्म आएको छ । मध्य भागमा दिदी चाहिँ रुन घर फर्कन लागेको बेला भालु सँग भेट भएको र भालुले सुनका असर्फी दिई । घर पठाएको सम्म आएको छ । अन्य भागमा दिदीले जस्तै गरी धन प्राप्त गर्न खोज्दा उल्टै भालु बाट तिरस्कृत भएको र आफु सँग भएको धन पनि गुम्दै गएको कुरा सम्म आएको छ । “विखल काजीको कथा ” लोक कथा “बुद्धिर्यस्य बलं तस्य् निबुर्द्धिस्तु कुतो बलं” भन्ने उक्ति लाई चरित्रार्थ गरेको छ । यस कारण राजाले बिरबल काजीलाई इनाम झुकाए इनाम न दिएर वीरबल काजीको चतुराईबाट इनाम पाउन सफल भएको कुरा कथावस्तुको रूपमा आएको छ । यस कथाको आदि भागमा राजाले वीरबल काजीलाई हिँउको तलाउमा बसालेको कुरा सम्म आएको छ । मध्य भागमा वीरबल काजीलाई इनाम नदिएको कारण बाँसको टिँगालोमा ताउलो टँगाएर भात पकाउन खोजेको सम्म आएको छ । अन्यत्र भागमा राजाले हार खाई इनाम दिन पुगेको कुरा सम्म आएको छ । ‘न्याउलो को कथा ’ लोक कथा एकजना बुढो मान्छेको दुई वटी श्रीमती भएकोकुरा उल्लेख छ । जेठी श्रीमतीबाट दुई भाई बहिनी भए पछि छुट्टयाई दिएछ । एकदिन आमाले छोरीलाई भाई हेरेस भनेर कोदो गोड्न गइछ । त्यही समयमा भाई रोएछ र आमालाई बेलाउँदा पनि आइनछ । अन्तमा छोराले पखेटा हालेर रूखमा न्याउनलो चरो बनेर उडे पछि बल्ल आमा आइछ र रुँदै आफु पनि चरो बनेर पख पख भन्दै अर्को रूखको डालामा बसेको कुरा कथा वस्तुको रूपमा आएको छ । ‘टुरटुरको कथा लोक कथामा अर्काको भरमा बस्ने लाई धेरै घमण्ड गर्नु हुँदैन त्यो घमण्ड एक न एक दिन तोडीन सक्छ भने कुरा लाई कथा वस्तुको रूपमा प्रयोग गरिएको छ । यस लोककथाको आदि भागमा एउटो केटाले बिहे त गर्ने तर दिनको एकलात हान्न पाउने पर्ने सर्त राखेको तर बिहे गरेपछि हान्न पाउनुको सट्टा उल्टै

तिरस्कृत बन्न पुगेको कुरासम्म आएको छ । मध्यभागमा कमाउन गएको र राजााको नोकर बनेको कुरासम्म आएको छ । अन्त्य  भागमा चाही धैरै धन कमाएर घमण्डी बनेको केटाको आफ्नी श्रीमतीबाट तोडीएको कुरा आएको छ । तिन भाई छोराको कथा लोककथामा मान्छेले समय परिस्थिति र परिवेश अनुसार चलाख बनी जस्तालाई त्यसतै व्ययहार गर्नु पर्छ नत्र प्रतिडितभई ढुक पाउनुपर्छ भन्ने कुरालाई कथावस्तु बनाएको छ । यस कथाको आदि भागमा एकजना बुढाले जेठो चाही छोरालाई कमाउन पठाएको बेला एउटा अर्को बुढाको कुटील खेलका कारण बाटो खर्च समेत लुटाएर फर्कीएको कुरा आएको छ । मध्य भागमा माहिलो छोरालाई कमाउन पठाउँदैन पनि एवम् तरिकाले फर्किएर आएको कुरा अन्त्य भागमा कान्छो छोरालाई पठाएको बेला आफ्नो चतुऱ्याईले उल्टै त्यस बुढाको सम्पत्ति समेत खान सफल भएको कुरा आएको छ । आदि मध्य र अन्त्यको श्रृङखलामा मिलेको यस कथाको कथवस्तुले अझ शोधकताएका साथ कथालाई अगाडि बढाएको छ । तिमिला टोकेको कथा लोककथामा बुद्धि सहास र कर्मको अघि दुष्ट राक्षसको पनि केही माग्न सक्दैन भन्ने कुरालाई आफ्नो चतुऱ्याँई ले उल्टै यस बुढाको सम्पत्ति समेत खान सफल भएको कुरा आएको छ । आदि मध्य र अन्त्यको श्रृङ्खलामा मिलेको यस कथाको कथावस्तु ले अझ रोचकताका साथ कथालाई अगाडि बढाएको छ । तिमिला टोकेको कथा लोककथामा बुद्धि सहास र कर्मको अधि दृष्ट राक्षसको पनि केहि लाग्न सक्दैन भन्ने कुरालाई आफ्नो कथावस्तु बनाएको छ । यस कथाको आदि भागमा तिमिला टोकेको तिमिलाको रूखवाट खसेपछि छोपेर थैलामा हालेर घर हिड्को कुरासम्म आएको छ । मध्य भागमा राक्षनीले तिमिला टोकेलाई बोप्दै घर लैजाने कोशिस गर्दा गर्दै अन्तमा थैलामा हाले र घर सम्म पुऱ्याउको कुरा आएको छ । अन्त्य भागमा उल्टै तिमिला टोकेले राक्षसनीको छोरीलाई काटकुर पारी पकाएर राक्षसनीलाई नै खुवाएको कुरा आएको छ। भाबिले लेखेको लोककथा मा मान्छेको भाग्य भक्तिले लेखिदिएको वा निर्धारण गरिदिएको हुन्छ । त्यो कुनै पनि हालतमा टार्न सकिदैन भन्ने कुरालाई देखाउन खोजिएको छ । राजाले किसानको कान्छो छोरालाई पाल्छु भनी लगेर नदीमा फालेको कुरा आदि भागमा आएको छ। मध्य भागमा चाहि मऱ्यो भनेको किसानको कान्छो छोरो ज्युदै रहेको र त्यसैलाई चिठ्ठी दिएर आफ्नो घर पठाउनु हो । अन्त्य भागचाहि राजाको छोरा सार्कीद्धारा कारिएर भर्नू हो ।

सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्र प्रचलित आदेशात्मक लोककथाहरूमा भालुको कथा लोककथामा मानवीयर पात्रको उपस्थिति छ। पुलिङ्गी पात्रको रूपमा भालु र

दिदीबहिनीका छोराहरू आएका छन् । दिदी प्रमूख पात्रका रूपमा आएकी छ भने बैनी र भालु सहायक पात्रको रूपमा आएका छन् र दुई बैनीका छोराछोरीहरू गौण पात्र को रूपमा आएका छन् । दिदी भालु तिनका छोराछोरी सत् पात्रका रूपमा आएका छन् भने बैनी चाहि असत पात्रको रूपमा आएकी छ । वीखलकाजी को कथा लोककथामा मानवीय पात्रको मात्र उपस्थिति छ । यस कथामा सबै  पुलिङ्गी पात्रको मात्र उपस्थिति छ । यस कथामा राजा प्रमुख पात्रको रूपमा रहेका छन वीरबल काजी सहायक पात्र को रूपमा रहेका छन् । भने प्रहरी हरू गौण पात्रको रूपमा रहेका छन् । यस कथामा राजा बर्गीय पात्र हो भने अन्य सबै व्यक्ति गत पात्रको रूपमा रहेको छ भने पछि सतपात्रको रूपमा आएको छ अन्य सवै सत् पात्रका रूपमा रहेका छन् । न्याउलोको कथा लोककथामा मानवीय र अमानवीय दुबै पात्रको प्रयोग भएको छ। यस लोककथामा स्त्रीलिङ्गी र पुलिङ्गी दुबै पात्रको प्रयोग भएको छ। प्रमुख पात्रको रूपमा बुढा बुढी रहेका छन् । छोरा छोरी सत् पात्र को रूपमा आएका छन् भने बुढाबुढी असत पात्रको रूपमा आएका छन्  । दुरदुरको कथा लोककथामा मानवीय पात्रको मात्र  उपस्थिति छ । फेरी, केटीकीआमा केटाकी आमा राजकी छोरी आदि स्त्रीङ्गिी पात्र हुन भनै केटा का बाबु केटो राजा, दरबारमा नोकर भएका अन्य मान्छेहरू पाहुनाहरू ऋादि पर्दछन् र यस लोककथामा केटो (टुरटुर) प्रमुख पात्र, केटी र राजा सहायक पात्र हुन । भने अन्य सबै गौण पात्रको रूपमा आएका छन् । यस लोककथामा केटो असत पात्र हो भने अन्य सम्पूर्ण पात्रहरू ले सत् पात्रको भूमिका निर्वाह गरेका छन् । तिन भाइ छोराको कथा लोककथामा मानवीय पात्रका साथै मानवेत्तर पँक्षी पात्र ढुक्कुरको उपस्थिति छ । यस कथामा तिन भाई र तिनका बाबु प्रमुख पात्र हुन । चतुर कथा भन्ने बुढो सहायक पात्र हो भन्ने ढुक्कुर आदि गौण पात्र हुन । तिनभाई छोरा, तिनको बाबु कथाभन्ने बुढो आदि पुलिङ्गी पात्रहुन भने चतुर कथा भन्ने बुढो की स्त्री र ढुक्कुर स्त्रीलिङ्गी पात्रका रूपमा आएका छन् । यस कथामा चतुर कथा भन्ने असत र प्रतिकुल पात्र हो भने अन्य सम्पूर्ण पात्रहरू सत र प्रतिकूल पात्र हुन । तिमिला टोकेको कथा लोककथामा मानवीय पात्रमा तिमिला टोकेर उसको परिवार रहेको छ । भने अतिमानवीय पात्रमा राक्षसनीका आमा छोरी रहेका छन् । राक्षसनीका आमा छोरी सहायक पात्र र तिमिलाई टोकेको परिवार गौणपात्र हन् । यसमा राक्षस नीका आमा छोरी छोरी असत पात्र हुन भने अन्य सबै सत पात्र हुन भावीले लेखेको कथा लोककथामा मानविय तथा अतिमानवीय पात्रको समेत प्रयोग प्रयोग भएको छ । अतिमानवीय पात्रमा भावि पर्दछ भने अन्य सबै मानवीय पात्र हुन । यसकथामा पुलिङगी र

स्त्रीलिङगी दबै पात्रको प्रयोग भएको छ । स्त्रीलिङगी पत्रिमा किसानकी श्रीमती राजाकी श्रीमती र छोरी पर्दछन भने किसान का छोराहरू, वीरमान राजा र उनको छोरो, भावी, सार्की आदि पुलिङ्गी पात्रको रूपमा प्रयोग भएका छन् । मुख्य पात्रका राजा र किसानको कान्छो छोरो सहायक पात्रमा किसान राजाकी छोरी र छोरो गौण पात्रको रूपमा किसानकी स्वास्नी, राजाकी स्वास्नी किसान किसाका अन्य छोराहरू, भावी गवालाहरू र सार्की रहेका छन् । राजा र साकी प्रतीकुल पात्रको रूपमा आएका छन भने अन्य सम्पूर्ण पात्रहरू ऋनुकुल पात्रको रूपमा रहेका छन् । किसान, किसानका छोराहरू र ग्वालहरू वर्गीय पात्रको रूपमा अएका छन् भने वीरमान राजा र सार्की व्यक्तिगत पात्रका रूपमा आएका छन् ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेभित्र प्रचलित उपदेशात्मक लोककथाहरूको परिवेशपनि लौकिक परिवेश छ । लौकीक परिवेशको पनि ग्रामिण र शहरिया बादरबारिया परिवेशको चित्रण छ । ग्रामीण परिवेशमा दुई बहिनी अनी हिडदा भालु भेटिएको प्रसङग गाउँदेखी कमाउन जाने प्रसङग खेतीपाती गरेको प्रृंङग छोराको विहे गर्नलाई गाउँगाउँमा केटी खोज्नु घरमा पाहुनाहरू आउनु वन जंङलमा फलफुल खोज्न जानु भिmमौरी र अरिङगालका गोलाहरू भेm्टाउनु आदी प्रसङगहरू भएका छन् भने, शहरिया परिवेशवा या दरबारिया परिवेशमा राजाको प्रसंङग राजाले आफनी छोरीको विहेका निम्ति प्रशनार्थ गरेको प्रसङग दरबारको प्रसङग प्रहरी आदीको प्रसङगले शहरीया अनि दरबारिया परिवेशको चित्रण गरेको पाइन्छ ।

प्राय जसो लोकथाहरूको उद्देश्य नैतिक उपदेश वा सन्देश दिनु र मनोरञ्जन दिनु नै रहेको हुन्छ । यहाँ सङ्कलित सल्यान जिल्लाका दक्षिण पूर्वी क्षेत्रभित्रका उपदेशात्मक लोककथाका मुख्य उद्देश्य पनि नैतिक उपदेश दिनु अनि नैतिक उपदेशका माध्यमबाट मनोरञ्जन दिनु अनि नैतिक उपदेशका माध्यमबाट मनोरञ्जन दिनु पनि रहेको छ । ‘भालुको कथा ’ लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ भने गौण उद्देश्यमा नैतिक शिक्षा प्रदान गर्नु रहेको छ । भालुले आफुलाई बोक्न लगाई भञ्जयाङमा लग्ल लगाई एक थैला सुनका पैसा दिएको प्रसङ्गले मनोरञ्जन प्रदान गरेको छ । ‘वीरबल काजीको कथा ’ लोककथामा सत्यको जहिले पनि जित हुन्छ भन्ने कुरालाई वीरबल काजीका माध्यमबाट देखाइएको यसमा नैतिक शिक्षा दिइएको छ भने बाँसको टिङ्गलोमा ताउलो टङ्गाएर भात पकाउन थालेको प्रसङ्ले मनोरञ्जन समेत दिन पुगेको छ । न्याउलोका कथा’ लोककथामा मान्छेले आफ्ना सन्तानको उचित हेरचाह गर्नु पर्छ समयमा हेरचाह गर्न नसकेपछि जिन्दगी

भर पछुताउनु पर्छ भन्ने कुरालाई छोरो न्याउलो चरो बनेर उडेपछि आमा पनि रुँदै चरो बनेर उडेपछि आमा पनि रुँदै चरो बनेरु उडेको प्रसङ्गले देखाएको छ । 'टुरटुरको कथा ' लोक कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु नै रहेको हुन्छ । यस लोककथामा केटोले विवाह गरेपछि दिनको एक पटक एकलात हान्न पाउनुपर्ने भनि राखेको सर्त र केटीले केटाको भेषधारण गरी मन्त्री बनेकोकुराले एकदमै मनेरञ्जन प्रदान गरेको छ । तिन भाइ छोराको कथा लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनुको साथै मनोरञ्जन समेत दिनु रहेको छ। नैतिक शिक्षा अर्न्तगत मान्छे जस्तालाई त्यस्तै ढिँडालाई निस्तै भन्ने उखानलाई चरितार्थ गर्ने खालको हुनुपर्छ भन्ने कुरा छ भने ढुक्कुर लाई दुहेर खेत जलमग्न पारेको कुराले पूर्ण मनोरञ्जन प्रदान गरेको छ । 'तिमिला टोकेको कथा ' लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनुका रहेको छ । साथै गौण उद्देश्यमा मनोरञ्जन दिनु पनि रहेको छ । नैतिक शिक्षा अर्न्तगत आफूले अरुमाथि जस्तो व्यवहार गरिन्छ त्यस्तै प्रतिफल प्राप्त हुन्छ भन्ने कुरा आएको छ । भने मनोरञ्जन अन्तर्गत अरिङ्गलको गोलाका प्रसङ्ग भिmमौरीको गोलाको प्रसङ्ग आदि प्रसङ्गहरू आएका छन् । 'भाविले लेखेको कथा' लोककथामा नैतिक शिक्षा अन्तर्गत किसानको कान्छो छोराको ज्यान लिन खोज्ने राजाले उल्टै आफ्नो छोरा गुमाउनु परेको छ । त्यसैले यस कथामा अरुलाई खनेको खाल्टोमा आफै परिन्छ भन्ने नैतिक सन्देश दिन खोजिएको छ भने राजाले चिठ्ठी लिएर आउने केटालाई घरमा पुग्ने बित्तिकै मार्नु भनेर लेखेर पठाएकोमा छोरीले त्यसमा छोरी दिनु भन्ने लेखिदिएको ले बिहे भएको प्रसङ्ग भने ज्यादै मनोरञ्जनात्मक छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित उपदेशात्मक लोककथाहरूमा पनि संवादहरूको प्रयोग भएको छ । भालुको कथा लोककथामा मान्छे मान्छे बीच र मानवीय र मानवेत्तर पात्रका बिच संवाद भएको छ । यस्ता संवादहरूमा दिदीले आफ्ना छोराछोरीलाई ख्वाउने केही अन्न नभए पछि बैनीका घरमा गएर बैनीसँग भनिछ – "बैनी घरमा केही पनि खाने कुरा छैन्, चार भाइना छोरा छोरी छन्  मलाई साह्रै दुःख परेको छ । " जस्ता संवादहरूको प्रयोग  भएको छ । 'वीरबल काजीको' कथा लोककथामा मानवीय पात्रहरूको बीच संवाद भएको छ । राजाले पुस माघको जाडोमा हिउँको तलाउ देखेर यो तलाउमा बसेर एकरात कटाउनेलाई थुप्रै इनाम दिन्छु भन्दा काजीले भनेछ – "म त्यस हिउँको तलाउमा बस्न सक्छु मलाई त्यो इनाम दिनु होला । " जस्ता संवाद हरूको प्रयोग भएको छ । 'न्याउलोको कथा ' लोककथामा मानवीय पात्रको बीचमा संवाद भएको छ । छोरीले आमा

भाइ रोयो  भन्दा आमाले पख बा मेलो सकेर आम्ला भनेकी छ। अन्तिममा छोराले रुँदा रुँदा पखेट्। हालीसकेपछि रूख चढेछ र छोरीले भनिछ – "आमा आइजौ भाइ त रूख चढ्यो । " जस्ता प्रसङ्गहरूको प्रयोग भएको छ । 'टुरटुरको कथा' लोककथामा मानवीय पात्रका बिच स्रवाद भएको छ । एकदिन टुरटुर (केटीको श्रीमान्) काम खोज्न गए पछि आफूले पनि केटोको भेष धारण गरी काम खोज्दै गौडे राजा कहाँ पुगेपछि गौडे राजाले प्रश्न गर्दै भन्छन् – "अघि एक पटक मैले मास छरेको त सबै चैह्राले खायो दुईवटा बुटा मात्रै बाँकी रहे, त्यस बुटाबाट ४ माथी फल भयो, अर्को कुरा समुन्द्रको पानी डाँठामा बस्ने मान्छेले सबै दिइदियो यो कसरी भयो ? देउ ल उत्तर ।" जस्ता संवादहरूको प्रयोग भएको छ । 'तीन भाई छोरीको कथा लोक कथामा मानवीय पात्रहरूको बीच मात्र संवाद भएको छ । यस्ता संवादमा जेठो र माहिलो छोरो लुटिएर आए पछि कान्छो छोरालाई पठाएछ र कान्छोले कथा मैले भन्न पाउनु पर्छ भनेर भनेछ –"हेर्नोस बाजे कथा म भन्छु र त्यो कथा सुनेपछि तपाइँले हो भने पछि कसरी हो प्रमाण दिनु पर्छ र हैन भने पछि तपाईको सम्पत्ति मैले लुट्नेछु । "  जस्ता संवादहरूको प्रयोग भएको छ । 'तिमिला टोकेको कथा ' लोक कथामा मानवीय र अमानवीय तथा अतिमानवीय र अतिमानवीय पात्रहरूको बीच संवाद भएको छ । यस्ता संवादहरूमा तिमिला टोकेले राक्षसनीको छोरीलाई काटकुट पारी पकाएर राक्षसनीलाई खान दिए पछि एउटा खुट्टा फल्दिदै भनेछ – " खाइस त खाइस आफ्नै छोरीको मासु खाइस ।" यी र यस्तै संवादहरूको प्रयोग भएको छ । भाविले लेखेको लोककथामा मानवीय र मानवीय तथा मानवीय र अतिमानवीय पात्रहरूका बीच संवाद भएको छ। राजाले किसानको छोरालाई मार्न लगाउनका लागि सार्की हुनी गएर भने –"म एउटा मान्छेलाई जुत्ता लिन पठाउँछु जो भए पनि त्यसलाई हतौराले हानेर मार्नु म तँलाई इनाम दिम्ला ।" यी र यस्तै संवादहरूको प्रयोग भएको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित उपदेशात्मक लोककथाहरूमा प्रयोग भएका कथ्य भाषाका शब्दहरूलाई लेख्य रूपमा यसरी प्रस्तुत गरिन्छ ।

| **कथ्यरूप** | **लेख्यरूप** |
|---|---|
| बैनी | बहिनी |
| भोछ | भएछ |
| गरिय | गरिब |

| | |
|---|---|
| गैच | गइछ |
| जौरा | जुम्रा |
| दिम्ला | दिउँला |
| तिम्लाई | तिमीलाई |
| कताई | कतातिर |
| सिकाई दियोच | सिकाइदिएछ |
| नआउन्नी | नआउँदा सम्म |
| छेउती | छेउमा |
| बोगी | बोकी |
| जानै गएनच | जाँदै गएनछ |
| भाछैन् | भएको छैन् |
| छरिच | छरिछ |
| बरेपछि | बढेपछि |
| गोर्न | गोड्न |
| वाक्यच | वान्तागरेछ |
| आम्ला | आउला |
| उरेच | उडेच |
| उरिरइचे | उडिरहिछे |
| मस्त | धेरै |
| तलाउन | तहलगाउन |
| नदेइ | कमाई |
| बुटा | बोट |
| माग्योछ | मागेछ |

| | |
|---|---|
| अक्कासबाट | आकाशबाट |
| चौपारीमा | चौतारीमा |
| बसिन्याथैँ | बसिरहेको थिएँ |
| काँ | कहाँ |
| रिसायोछ | रिसाएछ |
| हाङा | हाँगा |
| भइमा | भुइँमा |
| आँसी | हँसिया |
| चार्दै | लखेटदै |
| भयाथ्यो | भएको थियो |
| आहुँ | आएको हुँ |
| नमारिन | नमारिकन |
| रोईऱ्याको | रोइरहेको |
| पऱ्याथ्यो | परेको थियो |
| खोलिच | खोलिछ |
| सार्कीहुनी | सार्की सँग |
| हतौराले | हतौडाले |
| द्याछु | दिएको छु |
| काँ | कहाँ |
| भो | भयो |
| छोऱ्यो | छोड्यो |

## ५.१.५ अतिरिञ्जत लोककथा

अलौकिक र यर्थाथभन्दा पर गएर अथवा बढाइचढाई गरेर अतिरिञ्जत पार्ने खालका विषयवस्तु समावेश भएका लोककथाहरू नै अतिरिञ्जत लोककथा अन्तर्गत पर्दछन् । यस्ता लोककथाहरूमा पात्रलाई यथार्थ भन्दा परको काल्पनिक संसारमा विचरण गराएर श्रोतलाई अतिरिञ्जत पारिएको हुन्छ । यस्ता लोककथाहरूको मुख्य उद्देश्य उपदेश दिनु नभएर मनोरञ्जन दिनु नै रहेको हुन्छ । यहाँ सल्यान जिल्लाको दक्षिण पुर्वी क्षेत्रभित्रबाट सङ्कलित लोककथाहरूमा जुडेखसीको कथा र बुढीको कथा अतिरिञ्जत लोककथामा पर्दछन् ।

यी लोककथाहरूमा जुडे खसीको कथा लोककथामा अतिरिञ्जनात्मक विषयवस्तुको प्रयोग गरिएको छ । यस कथाको आदि भागमा खसी मध्यको जुडे खसी र जङ्गलको राजा बाघका बिचमा भेट भएको विषयवस्तुसम्म आएको छ । मध्य भाग जुडे खसी र बाघको बीचमा कुराकानी भई बाघले जुडे खसीको अनुहार हेरेको सम्म आएको छ भने अन्त्यभागमा जुडे खसीलाई हेरेर बाघ भागेको कुरा आएको छ । यिनै विषयवस्तुको उपयोगले प्रस्तुत कथाको कथानक अगाडि बढ्नुका साथै मनोरञ्जन समेत प्रदान गरेको छ । बुढीको कथा लोककथामा बुढी र भालेले एक अर्कामा सहयोग गरी आमा छोरा बनेर बसेको कुरा कथावस्तुको रूपमा आएको छ । यस कथाको आदि भागमा एउटी एक्ली बुढीले अण्डा भेटाएर घर ल्याई राखेपछि भाले चल्लो जन्मेको कुरा सम्म आएको छ । मध्य भागमा भालेले चामल दाल कानमा थापेर ल्याएको कुरा सम्म आएको छ । अन्त्य भागमा आमा छोरा भएर सुख सँग बसेको कुरा आएको छ ।

सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्र प्रचलित अतिरिञ्जत लोककथाहरूमा 'जुडे खसीको कथा ' लोक कथामा मानवेत्तर पशुपात्रको मात्र उपस्थिति छ । ती पात्रहरूमा जुडे खसी र बाघ पर्दछन । यस कथाको दुबै पात्र पुलिङ्गी र सत् पात्रको रूपमा आएका छन् । यस कथाको जुडे खसी र बाघ पर्दछन् । यस कथाका दुबै पात्र पुलिङ्ग र सत् पात्रको रूपमा आएका छन् । यस कथाको जुडेखसी प्रमुख पात्र हो भने बाघ सहायक पात्र हो । बुढीको कथा लोककथामा मानवीय र मानवेत्तर दुबै पात्रको प्रयोग भएको छ । यस कथाकी बुढी स्त्रीलिङ्गी पात्र हो भने भाले पुलिङ्गी पात्र हो प्रमुख पात्रको रूपमा बुढी आएकी छ भने सहायक पात्र भाले हो । यस कथामा प्रयोग भएका सबै पात्र सत् पात्रको रूपमा आएका छन् ।

सल्यान जिल्लाको दक्षिण पुर्वी क्षेत्रभित्र बाट सङ्कलन गरिएका अतिरिञ्जत लोककथाहरूमा पनि लौकिक परिवेशका चित्रण भएको छ । जुडे् खसीको कथा लोककथामा पनि लौकिक परिवेशको चित्रण छ । खसी बाखाको प्रसङ्गमा जङ्गल र बाघको प्रसङ्गले पनि ग्रामीण परिवेशलाई नै दर्शाएको छन् । बुढीको कथा लोककथामा ग्रामीण तथा शहरीया परिवेशको चित्रण भएको छ । बुढीले अण्डा भेटाएर डोकाले तारेको र त्यसबाट भाले चल्लो जन्मेको कुराले ग्रामीण परिवेशलाई सङ्केत गर्दछ। त्यसकारण यस लोककथामा ग्रामीण त्यसमा पनि पारिवारिक परिवेश को प्रमुख रूपमा चित्रण गरिएको छ ।

सल्यान जिल्लाको दक्षिणपूर्वी क्षेत्रभित्र प्रचलित अतिरिञ्जत लोककथाहरूको मुख्य उद्देश्य मान्छेलाई अच्चम पार्ने अनि छक्क दङ्ग पार्ने खालको नै रहेको छ । तर अतिरञ्जनात्मक लोककथाहरूले मान्छेहरूलाई छक्क दङ्ग पार्दै नैतिक उपदेश दिने र मनोरञ्जन दिनेपनि गरेका हुन्छन् । जुडे खसीको कथा लोककथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु नै रहेको छ । यस कथामा पात्रको रूपमा आएका जुडे खसी र बाघको प्रसङगले वा संवादले पेटै मिचिमिचि हसाउन सफल भएको छ । बुढीको कथा लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनुको साथै मनोरञ्जन दिनु पनि रहेको छ । अरुलाई सहयोग गरेमा उसबाट उसबाट आफुलाई पनि सहयोग हुने कुरा बुढी र भालेको क्रियाकलापले देखाएको छ भने भालेले आफ्नो कानमा सुपाभरी चामल दाल ल्याएको कुराले मनोरञ्जन प्रदान गरेको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित अतिरञ्जनात्मक लोककथाहरूमा पनि संवादहरूको प्रयोग भएको छ । जुडे खसीको कथा लोककथामा मानवेत्तर पशुपात्रको बीचमा संवाद भएको छ । यस्ता संवादहरूमा एक पटक जुडे खसी जङ्गलतिर घुम्दै गएको बेला बाघसँग भेट भएछ र बाघले जुडे खसी लाई भनेछ –"ओ झकझौवा, तेरा देशमा नै नौवा ।" त्यसपछि खसीले भनेछ – "सात बाघमारी तब फाली दारी । " जस्ता संवादहरूको प्रयोग भएको छ । बुढीको को कथा लोककथामा मानवीय र मानवेत्तर पंक्षी पात्र भालेका बीचमा संवाद भएको छ । यस्ता संवादहरूमा बुढी र भालेका बीचमा संवाद भएको छ । भालेले बुढी सँग पैसा मागेर दाल किन गएछ र भनेछ– " साउजी यो पैसाको दाल दिनुस भनेछ– "साउजी – साउजी यो पैसाको दाल दिनुस त । यी र यस्तै संवादहरूले प्रस्तुत कथा रोच कबनेको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित अनिरञ्जित लोककथाहरूमा प्रयोग भएका कथ्य रूपका शब्दहरूलाई लेख्यरूपमा यसरी प्रस्तुत गरिन्छ ।

| कथ्य रूप | लेख्य रूप |
|---|---|
| जुङे | जुँगे |
| नै | नाई |
| नौवा | नाउ |
| सुइखुट्टा | सुइकुच्चा |
| बानेर | बाँधेर |
| बुडी | बुढी |
| चाइयो | चाहियो |
| थापिच | थापिछ |

## ५.१.६ पशुपङ्क्षी सम्बन्धी लोककथा

मान्छेदेखि  बाहेकका वा प्राणीहरूको कथाहरू पशुपङ्क्षी सम्बन्धी लोककथा अन्तर्गत पर्दछन् । यस्ता कथाहरूमा पशुपङ्क्षीहरूले एक आपसमा मानवीय भाषामा कुराकानी गर्दछन् । यस्ता लोककथाहरूमा पशुपङ्क्षीहरूलाई मानवसँग मिसाएर वा पशुपङ्क्षी छुट्टैको पनि विषयवस्तु बनाइएको हुन्छ । पशुपङ्क्षी सम्बन्धी यस्ता कथाका पात्रहरूमा गोरु, गाई, भेडा, बाखा, बाँदर,  बिराला, स्याल, बाघ, खसी, बोका, भगेरा, काना, गिद्ध आदि पर्दछन् । यहाँ सङ्कलित सल्यान जिल्लाका दक्षिण पूर्वी क्षेत्रभित्रबाट सङ्कलन गरिएका लोककथाहरूमा भ्यागुताको कथा र शेरको कथा पशुपङ्क्षी सम्बन्धी लोककथाहरूमा पर्दछन् ।

भ्यागुताको कथा लोककथामा जीवन र साहसको अहम् भूमिका हुन्छ भन्ने कुरालाई कथावस्तु बनाएको छ । यस कथाको आदि भागमा असाध्यै मिल्ने दुइवटा भ्यागुता घुम्न गएको बेला दुधको कराहीमा परेको कुरा उल्लेख छ । मध्यभागमा पौडिँदा पौडिँदै एउटा भ्यागुताले हिम्मत हारेको हुनाले मरेको कुरा उल्लेख छ । अन्त्य भागमा जुन बचेको हिम्मतिलो भ्यागुताले ज्यान बचाएको कुरा आएको छ । शेरको कथा लोककथामा मनोरञ्जनात्मक विषयवस्तुको उपयोग गरिएको छ । यस कथाको आदि भागमा एकजना मान्छेले बाखाले बथानमा एउटा बाघको बच्चा समेत पालेको कुरा आएको छ । मध्यभागमा बाखा चराउन वनमा गएको बखत एउटा बाघ आएर बाखा जल्काएर भगाएको त्यो बाघले बच्चाले पनि देखेको कुरा आएको छ । अन्त्य भागमा त्यो बाघको बच्चाले पानी खाँदा आफ्नो

अनुहार अघि बाख्रा जल्काउने बाघको जस्तो मानी म पानी बाघ रहेछु भनेर जङ्गल तर्फ गएको कुरा आएको छ । आदि मध्य र अन्त्य मिलेको यो कथा रोचक छ ।

सल्यान जिल्लाको दक्षिणपुर्वी क्षेत्रभित्र प्रचलित पशुपङ्क्षी सम्बन्धी लोककथा मानवीय र मानवेत्तर पात्रहरूको उपस्थिति छ । भ्यागुतोको कथा लोककथामा मानवेत्तर भ्यागुतो पात्रको र मानवीय एउटा मान्छे पात्रको मात्र उपस्थिति छ । यस कथामा पुलिङ्गी पात्रको मात्र उपस्थिति छ । यसमा दुबै भ्यागुता सत् पात्रको रूपमा आएका छन् । दुबै भ्यागुताहरू प्रमुख पात्रको रूपमा आएको यस कथामा भैंसी दुहुने मान्छे गौण पात्रको रूपमा आएको छ । शेरको कथा लोककथामा मानवीय तथा मानवेत्तर पात्रको उपस्थिति छ । यस कथामा मान्छे बाघ र बाघको बच्चा पुलिङ्गी पात्र हुन् भने गाई र बाख्रा स्त्रीलिङ्गी पात्र हुन् । बाघको बच्चा प्रमुख पात्र हो, मान्छे बाख्रा सहायक पात्र हुन् भने गाई र वनमा भेटिएका बाघ गौण पात्रको रूपमा आएका छन् । यसमा आएको बाघ असत् पात्रको रूपमा आएको छ भने अन्य सबै सत् पात्रको रूपमा आएका छन् ।

सल्यान जिल्लाको दक्षिण पुर्वी क्षेत्र भित्र प्रचलित पशुपङ्क्षी सम्बन्धी लोककथाहरूमा भ्यागुताको कथा लोककथामा लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेशमा पनि ग्रामीण परिवेशको चित्रण छ । दुध दुहेर कराहीमा राखेको प्रसङ्ग अनि भ्यागुता खेल्दा खेल्दै दुधको कराहीमा परेको प्रसङ्ग आदिले ग्रामीण परिवेशको नै चित्रण गरेको छ । शेरको कथा लोककथामा लौकिक परिवेशको चित्रण भएको छ । लौकिक परिवेशमा पनि ग्रामीण परिवेशकै चित्रण छ । एक जना मान्छेले खेती किसानी गरेको गाई, बाख्रा पालेको आदि प्रसङ्गहरूले ग्रामीण परिवेशलाई दर्शाएको छ ।

पशुपङ्क्षी सम्बन्धि लोककथाहरूले मुख्य उद्देश्य नैतिक शिक्षा दिनुका साथ साथै मनोरञ्जन पनि प्रदान गर्ने खालका हुन्छन । यहाँ सङ्कलित भ्यागुताको कथा लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु नै हो । यस कथामा जो कोही प्राणीले पनि आफ्नो जीवनमा हिम्मत कहिल्यै पनि हार्नु हुँदैन, हिम्मत गरेपछि मात्र आफ्नो जीवन सार्थक पार्न सकिन्छ भन्ने नैतिक शिक्षा दिन खोजेको छ । भने दुधको कराहीमा भ्यागुता पौडी खेलेको र नौनीको डल्लामा चढेर बाहिर आएको प्रसङ्गले मनोरञ्जन प्रदान गरेको छ । शेरको कथा लोककथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु नै रहेको छ । किसानले बाख्रा सँगै बाघको बच्चा पनि पालेको र जङ्गलमा बाघ देखेर बाख्रा भागेको प्रसङ्गले मनोरञ्जन नै प्रदान गरेको छ ।

पशुपङ्क्षी सम्बन्धी लोककथाहरूमा पनि संवादहरूको प्रयोग भएको छ । भ्यागुताको कथा लोककथामा दुई भ्यागुतोको एक आपसको गन्थन गरिएको अभिव्यक्तिहरू इस कथामा संवादको रूपमा आएका छन् । शेरको कथा लोककथामा मानवेत्तर पात्रका बीचमा संवाद भएको छ । यस लोककथामा आत्मलापीय शैलीमा बाघले बोलेको कुरा आएको छ । यस्ता संवादहरूमा जङ्गलमा बाघले बाखँहरू जलाकाएपछि बाघको बच्चाले मनमनै भनेछ – "ए मेरो जात त अर्कै पो रहेछ, मैले आफुलाई चिन्न सकेको रहेनछु म त जङ्गली जनावर पो रहेछु । यी र यस्ता संवादहरूको प्रयोग भएको छ ।

सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रभित्र प्रचलित पशुपङ्क्षी सम्बन्धी लोककथाहरूमा सहज र सरल अनि बोधगम्य भाषाशैली को प्रयोग भएको छ । यस्ता कथ्यरूपका शब्दहरूलाई लेख्य रूपमा यस प्रकार उल्लेख गरिएको छ ।

| **कथ्य रूप** | **लेख्य रूप** |
|---|---|
| गरिप | गरिब |
| ल्याएचन | ल्याएछन् |
| हेऱ्योच | हेरेछ |
| दुईता | दुईवटा |
| कराइमा | कराहीमा आदि |

### ५.१.७ विविध लोककथा

उपर्युक्त वर्गीकरण वा माथिका वर्गीकरण भित्र नपरेका लोककथाहरू नै विविध लोककथा अन्तर्गत पर्दछन् । यस्ता लोककथाहरूको उद्देश्य प्रायः गरेर मनोरञ्जन दिने खालका र रोमाञ्चित पार्ने खालका मात्र हुने गर्दछन् ।

# परिच्छेद- छ

## उपसंहार

सल्यान जिल्ला नेपालका पाँच विकास क्षेत्रमध्ये मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने राप्ती अञ्चलको पाँच जिल्ला मध्येको एक हो । तिनै राप्ती अञ्चल अन्तर्गत पर्ने सल्यान जिल्लामा सत्चालिस गाउँ विकास समिति रहेका छन । यो सल्यान जिल्ला ऐतिहासिक महत्वका साथै साँस्कृतिक विविधता बोकेको जिल्ला हो । यस जिल्लामा लोकसाहित्यका विविध विधाहरूमध्ये लोकगीत, लोककथा, लोकगाथा, उखान टुक्का, गाउँखानेकथा आदि सामग्रीहरू पाइन्छन् । यस शोधपत्रमा सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन गर्ने उद्देश्य लिएर प्रस्तुत शोधपत्र तयार गरिएको हो । यस क्रममा प्रस्तुत शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरी विषयवस्तुको अध्ययन गरिएको छ ।

यस शोधपत्रमा सल्यान जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा प्रचलित लोककथाहरूलाई सङ्कलन, वर्गीकरण र विश्लेषण गरी प्रस्तुत शोधपत्र तयार पारिएको छ । यस शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय छ । यस परिच्छेदमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ ।

दोश्रो परिच्छेदमा लोककथाको सैद्धान्तिक परिचय रहेको छ । यस परिच्छेद अन्तर्गत लोककथाको परिचय, परिभाषा, लोककथाको स्वरूप, लोककथाका तत्वहरू, लोककथाका विशेषता, लोककथाको वर्गीकरण, लोककथा र आधुनिक कथा बीचको अन्तर जस्ता विषय समेटिएको छ । तेस्रो परिच्छेदमा नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परालाई समेटिएको छ । यस क्रममा सङ्कलन र अध्ययन परम्परालाई भिन्नाभिन्नै शीर्षकमा चर्चा गरिएको छ । चौथो परिच्छेदमा सल्यान जिल्लाको दक्षिण पूर्वी भेगको सामान्य परिचय दिई त्यस भेगमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गरिएको छ । यस परिच्छेदमा यस भेगका २५ वटा लोककथाहरू समेटिएको छ । पाँचौ परिच्छेदमा सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गरिएको छ । वर्गीकरण गर्दा पूर्वी एवम् पाश्चात्य विद्वानहरूका वर्गीकरणलाई आधार मानिएको छ । विश्लेषण अन्तर्गत कथावस्तु, चरित्र, परिवेश, संवाद,

उद्देश्य, भाषाशैली र दृष्टिविन्दुको आधारमा गरिएको छ । छैठौ परिच्छेदमा उपसंहार खण्ड रहेको छ ।

लोकसमाजमा मौखिक परम्परामा  जीवित लोकजीवनका विविध पक्षको आख्यानात्मक अभिव्यक्तिलाई नै लोककथा भनिन्छ । यसको विकास मानव सभ्यताको सँगसँगै भएको पाइन्छ । लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्यविधा अन्तर्गत पर्दछ । आफ्नै विशेषताहरू बोकेको यो लोककथा एक महत्वपूर्ण र लोकप्रिय विधाको रूपमा स्थापित भएको छ । यो एउटा सिंगो संरचना हो । त्यसैले यो विभिन्न तत्वहरूको संयोजनबाट निर्माण भएको हुन्छ । लोककथाका तत्वहरूमा लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली, दृष्टिबिन्दु, अभिप्राय पर्दछन । त्यसैले यस शोधपत्रमा सङ्कलन गरिएका लोककथाहरूलाई पनि यिनै तत्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा सल्यान जिल्लाको दक्षिण पूर्वी भेग अन्तर्गतका ५ गा.वि.स.बाट लोककथाहरू सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ । ती लोककथाहरूमा त्यहाँको स्थनीय लोकधारणा, सामाजिक सांस्कृतिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, भाषिक अवस्था आदिको चित्रण भएको पाइन्छ । यहाँ संकलित लोककथाहरूमा धेरै जसो सामाजिक लोककथाहरू पाइन्छन् । उद्देश्यका दृष्टिकोणबाट नियाल्दा यहाँ संकलित लोककथाहरू धेरैजसो मनोरञ्जन प्रदान गर्ने र नैतिक शिक्षा दिने खालका रहेका छन् ।

# सन्दर्भग्रन्थसूची


- उपाध्याय, कृष्णदेव, लोकसाहित्यकी भूमिका, तृ.सं., इलाहावादः साहित्य भवन प्रा.लि., सन् १९७७ ।

- कोइराला, शम्भुप्रसाद, लोकसाहित्यः सिद्धान्त र प्रयोग, विराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५ ।

- गिरी, जीवेन्द्रदेव, लोकसाहित्यको अवलोकन, काठमाडौँः एकता प्रकाशन, २०५७ ।

- __________________ , हाम्रा लोकगाथा, काठमाडौँः एकता प्रकाशन, २०५७ ।

- __________________, नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन, भक्तपुरः विश्वविद्यालय अनुसन्धान आयोग, २०६५ ।

- घिमिरे, कपिल, (सम्पा) मधुपर्क, वर्ष ३५, अङ्क ४, २०५९ भदौ ।

- थापा, धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौँः पा. वि. के. त्रि.वि., २०४१ ।

- दिवस तुलसी, (सम्पा), नेपाली लोककथा, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, २०३२ ।

- नेपाल ‘यात्री’ पूर्णप्रकाश, भेरी लोकसाहित्य, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, २०४१ ।

- पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक, काठमाडौँः वीणा प्रकाशन, २०५७ ।

- पराजुली, मोतीलाल, नेपाली लोकगाथा, पोखराः श्रीमती तारादेवी पराजुली, २०४९ ।

- __________________, नेपाली लोककथाहरूका अभिप्रायहरूको अध्ययन, विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., २०५४ ।

- _______________, सोरठी नृत्यनाटिका, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, २०६३ ।

- बन्धु, चूडामणि, नेपाली लोकसाहित्य, काठमाडौँः एकता बुक्स, २०५८ ।

- भारती, सरिता, रोल्पा जिल्लाका साहित्यिक गतिविधिहरूको सर्वेक्षणात्मक अध्ययन, स्नातकोत्तर  शोधपत्र, त्रि.वि., २०६२ ।
- शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।
- शर्मा, श्रीराम, लोकसाहित्य सिद्धान्त और प्रयोग, तृ.सं., आगरा : विनोद पुस्तक मन्दिर, सन् १९९२ ।
- सत्येन्द्र, लोकसाहित्य विज्ञान, आगराः शिवलाल र कम्पनी, १९७१ ।
- सापकोटा, माधवप्रसाद, लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन, काठमाडौंः सुजाता प्रकाशन, २०६६ ।
- सुवेदी, केशव, नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धान परम्परा, काठमाडौंः अनुसन्धान प्रतिवेदन ने.सं.वि., २०५५ ।